# अध्याय एक

# परिचय

## विषय प्रवेश

'शब्दकोश' शब्दको निर्माण 'शब्द' र 'कोश' जस्ता दुई सार्थक शब्दको संयोगबाट भएको देखिन्छ । मूलतः यो शब्द अङ्ग्रेजी भाषाको 'डिक्सनरी' को नेपाली रुपान्तरण हो । क्रमपूर्ण रुपले भाषा वा विषयका शब्दहरुको उत्पत्ति–अर्थ–पर्याय आदि खुलाई लेखिएको ग्रन्थ (नेपाली शब्दसागर २०६९:७४९ ) शब्दकोष हो । कुनै भाषाका शब्दहरूको वर्णानुक्रमअनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटि खुलाएर उही वा अन्य भाषाका अर्थ, पर्याय, विशेषता आदि लेखिएको ग्रन्थ (नेपाली बृहत् शब्दकोश २०४० : १२५३) लाई शब्दकोश भनिन्छ । भाषाको मानकीकरण तथा स्तरीकरणमा शब्दकोशको उल्लेख्य भूमिका रहेको हुन्छ । शब्दकोशको सम्पादन तथा प्रकाशनले नेपाली भाषाको स्तरीकरण गर्न सहयोग प्राप्त हुने हुन्छ (लामिछाने २०६५ : ३१८) । अर्थात् भाषाका शब्दहरुलाई वर्णानुक्रम मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग आदि सूचनालाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको ग्रन्थ (प्रयोगात्मक नेपाली शब्दकोश २०६१ : ९३५) शब्दकोश हो ।

शब्दकोशले प्रचलित, प्रभावकारी, सुविधायुक्त, प्रविधिसङ्गत तथा परिष्कृत सामान्य स्वरूपको वरण गर्नुपर्छ र आफूमा प्राञ्जल, सरल, संवेद्य र सुग्राह्य रूपविधान ग्रहण गर्नुपर्छ । यसो भएमा शब्दकोश प्रयोगकर्ताहरूका लागि हुन्छ र उनीहरूको अपेक्षासमेत पुरा गर्न सक्छ (भट्टराई, २०६७ : ७) । नेपाली भाषा सरकारी कामकाजको भाषाको रूपमा संवैधानिक मान्यता पाएको, नेपालीहरुका अनेकौँ भाषाभाषी बिच साझा सम्पर्क सम्प्रेषणको माध्यम भाषाका रूपमा रहेको छ । प्रारम्भिक तहदेखि उच्च शिक्षासम्मको नेपाली भाषाको शिक्षण हुने साथै नेपाली–नेपाली बिचको सांस्कृतिक आदान प्रदान, संरक्षण, हस्तान्तरण आदिको माध्यम नेपाली भाषा रहेको छ । नेपाली भाषाले विकसित रूपमा भाषिक सामर्थ्य हासिल गरि सकेको साथै नेपाली भाषा शव्द भण्डार, व्याख्या आदिका दृष्टिले सक्षम भए पनि

पाठ्यपुस्तक सँग सम्बन्धित शब्दकोशको निर्माण त्यति धेरै भएको पाइदैन । त्यसका लागि पनि विद्यालय तहको नेपाली पठ्यपुस्तक सँग सम्बन्धित शब्दकोशको निर्माण गर्न आवश्यक देखिन्छ ।

यस शोधपत्रको शीर्षक *कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोशर*हेको छ ।प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, नेपाली दोस्रो वर्षको पाठ्यांश नेपा. शि. ५९८ को आवश्यकता परिपूर्तिको प्रयोजनका लागि तयार पारिएको हो । पुस्तकालयीय विधिलाई आत्मसात् गरिएको प्रस्तुत शोध शब्दकोशका आधारभूत सैद्धान्तिक मान्यतालाई प्रस्तुत गर्दै*कक्षा नौको नेपाली किताब*मा आधारित रही नमुना शब्दकोश निर्माण गर्नुमा केन्द्रित रहेको छ ।

**समस्याकथन**

यसको शैक्षिक जगत्मा महत्त्वपूर्ण स्थान हुन्छ । शब्दकोशको निर्माण गर्नु एक चुनौतिपूर्ण कार्य हो । कक्षा नौ मा अध्ययन गर्ने बालबालिकाका लागि उपयुक्त हुन सक्ने शब्दकोश लेखनको आवश्यकतालाई ध्यानमा राखी भविष्यमा त्यस किसिमको शब्दकोश तयार गर्न सकियोस् भनी यो नमुना शब्दकोश निर्माण गरिएको छ । प्रस्तुत अनुसन्धान सम्पादन गर्दा देखा पर्ने सम्भावित समस्यालाई निम्नानुसार प्रस्तुत गरिएको छ ः

१. कक्षा नौको नेपाली पाठ्यपुस्यपुस्तकमा रहेका कथा, निबन्ध र जीवनी विधामा के कस्ता शब्दहरु रहेका छन् ?

२. कक्षा नौका बालबालिकाको स्तर सुहाउँदो शब्दकोश निर्माण के कसरी गर्न सकिन्छ ?

३. सङ्कलित शब्दहरुलाई वर्णानुक्रममा राखी कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा भएका कठिन शब्दको शब्दकोश निर्माण कसरी गर्न सकिन्छ ?

## शोधको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरु निम्न लिखित रहने छन् ः

१. कक्षा नौको कविता, कथा, निबन्ध र जीवनी विधामा प्रयुक्त अर्थका दृष्टिले स्तर अनुकूल कठिन शब्दहरु सङ्कलन गर्नु ।

२. सङ्कलित शब्दहरुलाई वर्णानुक्रममा राखी कक्षा नौका बालबालिकाको स्तर सुहाउँदो एउटा नमुना शब्दकोशको निर्माण गर्नु ।

३. सङ्कलित शब्दको स्रोत, व्युत्पति, शब्दवर्ग र अर्थलाई समावेश गर्नु ।

## अध्ययनको औचित्य

शोध भनेको ज्ञानको खोजी भएकाले यसलाई जटिल कार्यका रूपमा लिइएको पाइन्छ । यो कार्य नवीन तथा गहन ज्ञान प्राप्तिका लागि गरिन्छ । कुनै पनि क्षेत्र वा विषयवस्तुको अध्ययन विश्लेषण गर्नु महत्त्वपूर्ण कार्य हो । अध्ययन तथा विश्लेषण कार्य क्षेत्र तथा सीमा फराकिलो भएकाले सोहीअनुरुप शोधको अध्ययनको औचित्य र उपयोगिताको पनि निर्धारण गरिन्छ । शोधका निम्ति धेरै समय, श्रम र साधन खर्च हुने भएकाले यो कार्य सैद्धान्तिक र व्यावहारिक रूपमा औचित्यपूर्ण, उपयोगी र महत्त्वपूर्ण हुन आवश्यक देखिन्छ ।

कुनै पनि भाषाको शब्दकोश त्यस भाषाको मानक ग्रन्थ हो । प्रचलित भाषा शब्दकोशका आधारमा नै त्यस भाषामा लेखिएका सबै खाले पाठ्य पुस्तक तथा पुस्तकहरू निर्माण गरिनुले पनि शब्दकोशको आवश्यकता र महत्त्व प्रस्ट हुन्छ । शब्दकोशले मूलतः शब्दस्रोत, शब्दवर्ग, अर्थ, प्रयोग आदि प्रस्ट्याउन, अध्ययन अध्यापनलाई सहजता प्रदान गर्न र पाठ्यक्रमले राखेका सक्षमताहरु हाँसिल गर्न सहयाग पुऱ्याउने भएकाले शिक्षक, विद्यार्थी तथा सम्पूर्ण पाठकवर्गमा नै पनि यसको खाँचो पर्दछ । नेपाली भाषामा पनि प्रशस्त शब्दकोशहरू प्रकाशित छन्, तिनले

कुनै न कुनै रूपमा सम्बद्ध पक्षहरूलाई सहयोग पुऱ्याइआएकै छन् । यति हुँदाहुँदै पनि विद्यालय तहलाई ध्यानमा राखी शब्दकोश निर्माण गर्ने कार्य भने त्यति सशक्त हुन सकेको छैन । खासगरी वर्ण विन्यासका क्षेत्रमा भएका परिवर्तनले एकातिर शिक्षकहरू नै अलमलमा परेका छन् भने विद्यार्थीहरू बिलखबन्दमा छन् । वर्ण विन्यासमा भएको यस नवीन प्रयोगलाई आत्मसात् गरी सोहीअनुसार कक्षा नौ को नेपाली किताबमा प्रयुक्त ५०० शब्द सङ्कलन गरी नमुना शब्दकोश निर्माण गर्न र भावी शब्दकोश निर्माता तथा सम्पादकहरूलाई पनि भाषा शिक्षणका दृष्टिले उपयुक्त हुने शब्दकोश निर्माण गर्नसमेत यसले अभिप्रेरित गर्न सक्ने हुँदा यस अध्ययनको औचित्य पुष्टि भएको छ ।

## अध्ययनको परिसीमा

हरेक कार्य आफैँमा पूर्ण हुँदैन । अनुसन्धान कार्यमा अनुसन्धान कर्ता सबै क्षेत्रमा पुगेर सबै क्षेत्रलाई समेटेर अध्ययन गर्न पनि सम्भव हुँदैन । तसर्थ अनुसन्धान कार्य गर्नु अगाडि त्यसलाई सीमाङ्कन गर्नु उपयुक्त मानिन्छ । यसरी अनुसन्धान गर्दा कुनै विषय, क्षेत्र र समय आदिको किटान गर्नुपर्दछ । यसरी सीमाङ्कन कार्यले अनुसन्धान कर्तालाई एउटा निश्चित दिशामा शोध कार्यलाई अगाडि बढाउन स्पष्ट निर्देशन गर्दछ । यस ***कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश***मा माध्यमिक तहका बालबालिकाहरूका लागि उपयुक्त हुने ५०० शब्दको छनोट गरिएको छ । शब्दको प्रविष्टि दिँदा वर्णानुक्रमको मर्यादालाई अङ्गीकार गरिएको छ । यसका सीमाहरूलाई निम्न लिखित बुँदामा प्रस्तुत गरिएको छ :

१. प्रस्तुत शोध कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश निर्माणमा मात्र सीमित रहेको छ ।

२. प्रस्तुत शोध कक्षा नौको (२०७३ सालको) नेपाली पाठ्यपुस्तकको प्रथम संस्करणमा आधारित रहेको छ ।

३. प्रस्तुत शोधमा पाँचसय वटा शब्द राखिने छ ।

४. प्रस्तुत शोधमा कक्षा नौका विद्‍यार्थीको स्तर सुहाउदा कठिन शब्द राखिने छ ।

५. प्रस्तुत शोधमा कक्षा नौको नेपाली पाठ्य पुस्तकको कविता, कथा, निबन्ध र जीवनी विधामा प्रयुक्त अर्थका दृष्टिले स्तर अनुकुल कठिन शब्दहरु सङ्कलन गरिने छ ।

६. सङ्कलित शब्दहरुलाई वर्णानुक्रममा राखिने छ ।

७. प्रस्तुत शोधमा सङ्कलित शब्दको स्रोत, व्युत्पति, शब्दवर्ग र अर्थमा मात्र सीमित रहेको छ ।

## शोधको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित तुल्याउनका लागि शोध कार्यलाई चार अध्यायमा विभाजन गरी निम्नानुसारका रुपरेखामा प्रस्तुत गरिने छ :

अध्याय एक : शोधपरिचय ।

अध्याय दुई : पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता र शब्दकोशको सैद्‍धान्तिक अवधारणा ।

अध्याय तिन : अनुसन्धान विधि

अध्याय चार : कक्षा *नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*को प्रस्तुति ।

अध्याय पाँच : निष्कर्ष तथा सुझाब ।

# अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

### पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको औचित्यपूर्ण सफलता प्राप्तिका लागि पूर्वकार्यको लेखाजोखा गर्नु आवश्यक देखिन्छ । पूर्वकार्यले कुनै पनि अध्ययन अनुसन्धानको प्रारम्भिक मार्गनिर्देशन गर्दछ । यसभन्दा अगाडि सम्बन्धित विषयमा के कति अध्ययन कार्यहरू सम्पन्न भएका छन् ? तिनीहरूले के कस्तो निष्कर्ष दिएका छन् ? आदि कुराको जानकारीबाट आफ्नो अध्ययनलाई पनि सैद्धान्तिक पृष्ठभूमि प्राप्त हुने देखिन्छ । पुनरावृत्तिको प्रभावबाट जोगिन विश्लेषणको आधार प्राप्त हुने नयाँ एवम् उपयुक्त प्रविधि अपनाउने जस्ता कार्यमा सहयोग पुग्ने हुनाले पूर्वकार्यको अध्ययन गर्नुपर्दछ । विज्ञान र प्रविधिले गर्दा हरेक क्षण नयाँ–नयाँ विकास भएको र नयाँ–नयाँ शब्दहरु पनि थपिदै गएको पाइन्छ । यसै परिप्रेक्ष्यमा अध्ययन अनुसन्धानलाई अलग राख्न सकिँदैन ।

नेपाली भाषामा शब्दकोश प्रकाशनको इतिहास त्यति पुरानो र लामो छैन भने अर्कातिर विद्यालय तहमा अध्ययन अध्यापन गर्न चाहनेका लागि उपयोगी हुने तहगत, कक्षागत वा विषयगत शब्दकोश निर्माण पनि घनीभूत ढङ्गले हुन सकिरहेको देखिँदैन । यहाँ मूलतः विद्यालय तहमा प्रयोगमा आइरहेका, आउन सक्ने एकभाषिक, द्विभाषिक र बहुभाषिक शब्दकोश सँग निकट रहेर यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक ढाँचाको पुनरावलोकन अध्ययन र यससँग सम्बन्धित क्षेत्रका साहित्यिक पुनरावलोकनलाई खोजी गर्ने प्रयास गरिएको छ :

सन् १८११ डब्ल्यू.जे.कर्क पेट्रिकले लण्डनबाट प्रकाशित आफ्नो *एन अकाउन्ट अफ दि किङ्डम अफ नेपाल* भन्ने कृतिको अन्त्यमा आफूले सङ्कलन गरेका नेपाली, नेवारी र अङ्ग्रेजी शब्दहरुको सूची दिएका छन् । उक्त कृतिमा नेपालका आठवटा भाषाको चर्चा गर्दै तत्कालीन नेपालीको नाम 'पर्वती' भनी उल्लेख गरेका छन् ।

यसका अर्थका लागि अङ्ग्रेजी शब्द दिएर त्यसका साथमा नेपाली र नेवारी शब्दको सूची दिएका छन् । तिनलाई वर्णानुक्रम नभएर विषयानुक्रममा आवद्ध गराएका छन् । यो शब्दसूचीका रुपमा रहेको आर्थी क्रममा आधारित त्रिभाषी स्रोत भाषा र नेपालीलाई लक्ष्य भाषाको रूपमा लिएका छन ।

डेनियल राइट्ले *हिस्ट्री अफ नेपाल* (सन् १८७७) नामक कृतिको परिशिष्टमा अङ्ग्रेजी अर्थका साथै नेपाली र नेवारी भाषाका शब्दहरुलाई सङ्ग्रहित गरेको पाइन्छ । यसमा नेपाली भाषालाई ....पर्वतीया' भाषा भनी शब्दहरुको सूचीमा दिएका छन् ।

पादरी र टर्नुवलको *नेपाली ग्रामर एण्ड भोकाबुलरी* (सन् १८८७) भन्ने कृति प्रकाशित भएको छ । यसमा उनले अङ्ग्रेजी शब्दावली दिएका छन् । यस कृतिले नेपाली कोशीय प्रारूप प्रस्तुत गरी नेपाली कोश विद्धानमा नव प्रवर्तन गरेको छ । यो कृति पाश्चात्य कोश विद्धानसँग सन्निध्य राख्ने पहिलो नेपाली कोशात्मक कृतिको पहिलो नमुना हो ।

जयपृथ्वीबहादुर सिंहको *प्राकृत शब्दकोश* (१९६८) र शम्भुप्रसाद ढुङ्गेलको *शब्दसुधानिधि* (१९७६) नेपालीका एकभाषिक शब्दकोशका प्रारम्भिक नमुना हुन् ।

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित *नेपाली बृहत् शब्दकोश* (२०४०) अहिलेसम्मकै आधिकारिक शब्दकोश मानिन्छ । अझै पनि कतिपय विद्यालयहरूमा सरकारी शब्दकोश भएर पनि होला यस कोशमा सङ्गृहीत शब्दहरू जसको हिज्जेमा परिवर्तन आएर स्थापित नियम बसालिसके तापनि यसैलाई आधार मानिरहेको पाइन्छ । *नेपाली बृहत् शब्दकोश*(२०४०) ले शब्दवर्ग, शब्दको स्रोत, पर्यायवाची शब्द र त्यस शब्दबाट बन्ने अन्य वर्गका शब्दहरू पनि दिएको छ । यिनका अतिरिक्त यस कोशले संस्कृतका शब्दबाहेकका कतिपय शब्दहरूको व्युत्पत्ति पनि दिएको छ । यस कोशलाई नै नेपाली शब्दकोशको इतिहासमा आधुनिक कोश मान्न सकिन्छ ।

नेपाल द्वारा प्रकाशित *नेपाली शब्दसागर* (२०७०) पनि अर्को उल्लेख्य शब्दकोश हो । कोशकार शर्माले यस कोशलाई सोपपत्ति कोश भनेका छन् । यो शब्दकोशभन्दा पनि शब्दसङ्ग्रहका रूपमा रहेको छ । नेपाली भाषामा प्रकाशित यो नै सबैभन्दा ठुलो एकभाषिक कोश हो । नेपालकै *सानो नेपाली शब्दसागर* (२०६९) पनि अर्को विद्यार्थीहरुका लागि उपयोगी हुने देखिन्छ । कोशकार शर्म्माले यस पुस्तकले विद्यालय र विश्वविद्यालयका विद्यार्थीलाई पूरा मद्दत गर्ने छ र त्यसो भएछ भने आ ँनो श्रम सफल भएको ठानेर कृतकृत्य रहने कुरा बताएका छन् ।

लम्साल द्वारा प्रकाशित *कोश विज्ञान र नेपाली कोश*(२०४६) भन्ने पुस्तक पहिलो पटक प्रकाशन गरी त्यसै कृतिलाई दोस्रो पल्ट वि.सं. २०५७ सालमा प्रकाशन गरेका छन् । यसमा लम्सालले कोश विज्ञानको सन्पूर्ण सैद्धान्तिक पक्षको चर्चा उदाहरणसहित गरेका छन् । आठ अध्यायमा विभाजित यस कृतिको पहिलो अध्याय विषय प्रवेशको रूपमा रहेको छ । लम्सालले तेस्रो अध्यायमा कोशको वर्गीकरण, चौथो अध्यायमा कोशको स्वरूप, पाँचौ अध्यायमा कोश सम्पादन प्रक्रिया, छैटौँ अध्यायमा भाषा सङ्ख्यापरक कोश र यसका समस्या, सातौँ अध्यायमा नेपाली कोशको ऐतिहासिक विकासत्रमम र आठौँ तथा अन्तिम अध्यायमा नेपाली कोशका प्रकार ः सामान्य चर्चालाई प्रस्तुत गरेका छन् ।

यसरी लम्सालले कोश विज्ञानको बारेमा अध्ययन गर्न चाहने विद्यार्थी, अध्यापन गर्ने शिक्षक प्राध्यापक, शब्दकोशको बारेमा अध्ययन अनुसन्धान गर्ने अध्येता/अनुसन्धानकर्ता तथा कोश निर्माण गर्न वा सम्पादन गर्न चाहने कोशकार वा कोश सम्पादकलाई अत्यावश्यक हुने कोश विज्ञानको स्रद्धान्तिक ज्ञान र नेपाली कोशको बारेमा बृहत जानकारी दिने कोश विज्ञान र नेपाली कोश नामक पुस्तक प्रकाशन गरेर महत्त्वपूर्ण कार्य गरेका छन् ।

अधिकारी र भट्टराई द्वारा प्रकाशित *प्रयोगात्मक नेपाली शब्दकोश* (२०६१) ले *नेपाली बृहत् शब्दकोश* (२०४०) लाई उछिनेर नेपाली हिज्जेलाई सरलीकरण गर्दै शब्दोच्चारण, शब्दवर्ग, व्युत्पत्ति, पर्याय, विपर्याय दिँदै शब्दको वाक्यमा

प्रयोगसमेत गरिदिएर शैक्षणिक किसिमको शब्दकोश लेखनकार्यको सुरुआत गरेको देखिन्छ । यसले एकातिर नेपाली सिक्न थालेका विदेशीहरूलाई समेत उचित सहयोग पुऱ्याउने देखिन्छ भने अर्कातिर यो कोश आफैँ एउटा अन्तरराष्ट्रिय स्तरको नेपाली शब्दकोश पनि हो भन्न सकिन्छ ।

बाल शब्दकोशको सन्दर्भमा दीक्षित र ढुङ्गेलद्वारा पहिलो पल्ट *नेपाली बाल शब्दकोश* (२०६५) प्रकाशित गरिएको पाइन्छ । यस कोशमा बाल बालिकाको भाषा बोधमा सरलता ल्याई बाल मस्तिष्कदेखि नै नेपाली लेखनमा शुद्ध नेपाली शब्दको प्रयोग बढाएर भाषाको विकास गर्ने उद्देश्यले प्रकाशन गरिएको देखिन्छ ।

नेपाली भाषामा भरखरैदेखि मात्र विभिन्न तह र कक्षाका लागि शब्दकोश लेख्ने कार्य सुरु हुन थालेको छ । यसै क्रममा वि.सं. २०६७ मा प्रेमप्रसाद भट्टराईले एम. एड. अध्ययनका क्रममा तयार पार्नुभएको शोधपत्र *प्रारम्भिक नमुना नेपाली शब्दकोश* यस कार्यका लागि कोसेढुङ्गा सावित भएको छ । भट्टराईको अप्रकाशित शोधले नेपाली भाषामा विद्यालय तहको प्राथमिक कक्षाका लागि उपयागी हुने किसिमका शब्दहरू सङ्कलन गरी ती शब्दको उच्चारण, स्रोत, अर्थ, बनोट, शब्दवर्ग, पर्याय, विपर्याय र प्रयोगमा सचेतता अपनाएको देखिन्छ ।

भट्टराई (२०७०) द्वारा आरम्भ गरेको तहगत कोशलेखनभन्दा फरक रहेर चेतनाथ पौडेलले पनि एम.एड. अध्ययनका क्रममा स्नातकोत्तर उपधिका लागि तयार पार्नु भएको *कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*( २०७०) को वर्ण विन्यासका क्षेत्रमा भएका परिवर्तनलाई आत्मसात् गर्दै शब्द र अर्थलाई वर्णानुक्रममा राखेर नेपाली हिज्जेलाई सरलीकरण गर्दै शब्दवर्ग, व्युत्पत्ति, विपर्याय दिँदै वाक्यमा प्रयोगसमेत गरिदिएर शैक्षिक किसिमको शब्दकोश लेखनकार्यलाई प्राथमिकता दिइएको पाइन्छ र यो परिवर्तित सन्दर्भमा कक्षा ६ मा प्रयुक्त वर्ण विन्यासमा आधारित हुने भएकाले यही अर्थमा अन्य कोशभन्दा यो पृथक् पनि रहेको छ ।

उपर्युक्त शब्दकोशहरू अधिकांश सामान्य प्रयोजनका लागि जस्ता देखिन्छन् भने केही अप्रकाशित शब्दकोशहरूले विद्यालयस्तरका विद्यार्थीहरूलाई केन्द्रमा राखेको

देखिन्छ । पाठ्यक्रम विकास केन्द्रले वि.सं. २०७३ देखि कक्षा नौको नेपाली किताबमा वर्ण विन्यासमा सहजता र सरलता ल्याउने काम गरिएको छ । वर्ण विन्यासका क्षेत्रमा भएका परिवर्तनलाई आत्मसात् गर्दै शब्द र अर्थलाई वर्णानुक्रममा राखेर प्रस्तुत गर्नु ***कक्षा नौको हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश***को उद्देश्य रहेको छ र यो परिवर्तित सन्दर्भमा कक्षा नौ मा प्रयुक्त वर्ण विन्यासमा आधारित हुने भएकाले यही अर्थमा अन्य कोशभन्दा यो पृथक् पनि रहेको छ ।

## पूर्वकार्यको उपयोगिता

कुनै पनि अनुसन्धानको थालनि गर्नु अघि त्यस अनुसन्धान सँग मेल खाने विषय वस्तुको अध्यायन गर्नु नितान्त आवश्यक हुन्छ । पुर्व कार्यको अध्ययन विना गरिएको अनुसन्धान सफल हुन कठिन हुन्छ । यो अनुसन्धान शब्दकोश सँग सम्बन्धित भएकाले मैले पनि धेरै जसो शब्दकोश सँग सम्बन्धित प्राप्त भएसम्मका सामग्रीको अध्ययन गरेकी छु । यस अनुसन्धानको लागि पुर्व अनुसन्धान, विभिन्न प्रकारका शब्दकोश र शब्दकोश सँग सम्बन्धित पुस्तकहरुले शब्दकोश निमार्ण प्रकृयामा धेरै सहयोग पुग्ने दखिन्छ । त्यसैले यस्ता कृतिहरुलाई यहाँ विशेष प्राथमिकता दिइएको छ । मैले पूर्वकार्यको अध्ययनलाई अनुसन्धानका क्रममा बाटो देखाउने सहयात्री ठानेकी छु ।

## सैद्धान्तिक अवधारणा

कुनै पनि भाषामा रहेका शब्दसम्बन्धी सूचनालाई प्रयोजनअनुसार व्यवस्थित गरी बनाइएको ग्रन्थलाई शब्दकोश भन्ने गरिन्छ । व्युत्पत्तिगत सन्दर्भमा शब्दकोश भन्नाले शब्दहरुको सङ्ग्रह भन्ने बुझिन्छ । शब्दकोशमा शब्दको सूचीमात्र नभएर शब्दसम्बन्धी विविध पक्ष तथा उखानटुक्काहरु जस्ता पदावली र वाक्यरचना, उदाहरण जस्ता शब्दका बृहत्तर एकाइहरु एवम् धातु, व्युत्पादन र रुपायनजस्ता शब्दतलका लघुतर भाषिक एकाइहरु पनि समावेश गरिएका हुन्छन् । परम्परागत अर्थमा

शब्दसूचीमा सीमित भएको 'शब्दकोश' अर्थविस्तार गर्दै व्यापक अर्थमा उक्लिएको छ । शब्दकोशका लागि प्रयुक्त अङ्ग्रेजीको 'डिक्सनरी' र 'लेक्सिकन' शब्द क्रमश : ग्रिक र ल्याटिन मूलबाट 'शब्दसङ्ग्रह' भन्ने मूल अर्थ लिई विकास भएको देखिएबाट अङ्ग्रेजीमा पनि व्यापक र सीमित अर्थमा यसको प्रयोग रहेको स्पष्ट हुन्छ ( भण्डारी,घिमिरे,नेपाल, २०६८:४८) ।

कुनै भाषाका शब्दहरूको वर्णानुक्रमअनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटि खुलाएर उही वा अन्य भाषाका अर्थ, पर्याय, विशेषता आदि लेखिएको ग्रन्थ ( नेपाली बृहत् शब्दकोश २०४० : १२५३) लाई शब्दकोश भनिन्छ । अर्थात् भाषाका शब्दहरूलाई वर्णानुक्रम मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग आदि सूचनालाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको ग्रन्थ *प्रयोगात्मक नेपाली शब्दकोश* ( २०६१ : ९३५) शब्दकोश हो । भाषाको मानकीकरण तथा स्तरीकरणमा शब्दकोशको उल्लेख्य भूमिका रहेको हुन्छ । शब्दकोशको सम्पादन तथा प्रकाशनले नेपाली भाषाको स्तरीकरण गर्न सहयोग प्राप्त हुने हुन्छ (लामिछाने २०६५ : ३१८) ।

नेपाली कोश निर्माणको थालनी नेपाली भाषभाषीहरुसँग अङ्ग्रेजहरुको सम्पर्क हुन थलेपछि सुरु भएको पाइन्छ । नेपाली शब्दकोश निर्माण गर्ने पहिलो व्यक्ति डब्लु. जे. कर्कपेट्रिक हुन् । कर्कपेट्रिकले *'एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल' (An Account of the Kingdom of Nepal)*नामको बहुभाषिक शब्दकोश सन् १८११ मा प्रकाशित गरेका हुन् । यसरी प्रारम्भ भएको नेपाली कोशनिर्माणको परम्परालाई ड्यानियल राइटको सन् १८७७ को *'हिस्ट्री अफ नेपाल'* को परिशिष्टमा दिइएको नेपाली शब्दहरुको सूचीले अगाडी बढाएको पाइन्छ । राइटको यो कृतिमा अङ्ग्रेजी, नेपाली साथै नेवारी भाषाका दुई सय जति शब्दको सूची अङ्कन पाइन्छ । दार्जिलिङ्मा बस्ने टर्नबुल नामक एक पादरीले सन् १८८७ मा प्रकाशित *'नेपाली व्याकरण र शब्दावली'* नामक कृति नेपाली कोशीय स्वरुप प्राप्त गरेको पाइन्छ ।

वि.सं. १९९८ मा प्रकाशित चक्रपाणि चालिसेको *'बगली कोश'* बाट नेपाली एकभाषिक कोशको आधुनिक काल प्रारम्भ हुन्छ । नेपाली एकभाषिक कोशलाई जीवन्तता प्रदान गर्ने क्रममा बालचन्द्र शर्माको *'नेपाली सूशब्दकोश'* (२०१९),

बालकृष्ण पोखरेल र अन्यको *'नेपाली बृहत् शब्दकोश'* (२०४०), वसन्तकुमार शर्म्मा 'नेपाल' को *'नेपाली शब्दसागर'* (२०५७), हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको *'प्रयोगात्मक नेपाली शब्दकोश'* (२०६१), नरेन्द्र चापागाईको *'नेपाली शब्दभण्डार'* (२०६२) आदिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । शब्दकोश निर्माण गर्ने काम चानचुने काम होइन । यो एउटा ज्यादै कठिन र चुनौतीपूर्ण कार्य हो । विज्ञान र प्रविधिका कारण नेपाली भाषामा दिनानुदिन नवीन शब्दहरूले प्रविष्टि पाइरहेका साथै ज्ञानको भण्डारमा दिनप्रतिदिन वृद्धि भइरहेको छ । यसरी ती नयाँ शब्दहरू र बढिरहेको ज्ञानको क्षेत्रअनुरुपका शब्दहरु समेट्दै कोशलाई अद्यावधिक बनाउनु पक्कै पनि कठिन हुन्छ ।

## शब्दकोशका प्रकार

शब्दकोशलाई निम्नअनुसारका आधारमा विभाजन गरिएको छ :

क. भाषा सङ्ख्याका आधारमा : भाषा सङ्ख्याका आधारमा शब्दकोशलाई एकभाषिक कोश, द्विभाषिक कोश र बहुभाषिक कोश गरी तिन भागमा बाँड्न सकिन्छ ।

अ. एकभाषिक कोश : एक मात्र भाषामा तयार पारिएको कोशलाई एकभाषिक कोश भनिन्छ । *'नेपाली बृहत् शब्दकोश'* (२०४०) यस किसिमको शब्दकोशको उदाहरण हो ।

आ. द्विभाषिक शब्दकोश : कोशको प्रविष्टि स्रोत भाषामा र तिनका समानार्थी एकाइहरू चाहिँ लक्ष्य भाषामा हुने कोश द्विभाषिक शब्दकोश हो । *'अङ्ग्रेजी–नेपाली साझा सङ्क्षिप्त शब्दकोश'*(२०३३)यसको उदाहरण हो ।

इ. बहुभाषिक कोश : एउटा भाषामा दिएको प्रविष्टिलाई प्रस्ट्याउन दुईभन्दा बढी भाषामा समानार्थी शब्दको प्रयोग गरिन्छ भने त्यस्तो कोशलाई बहुभाषिक कोश भनिन्छ । डब्लु. जे. कर्कपेट्रिकको सन् १८११ मा प्रकाशित *एन एकाउन्ट अफ द*

*किङ्डम अफ नेपाल (An Account of the Kingdom of Nepal)*बहुभाषिक शब्दकोशको नमुना हो ।

ख. स्वरूपका आधारमा : यस आधारमा कोशलाई भाषापरक र ज्ञानपरक गरेर दुई भागमा विभाजन गर्न सकिन्छ ।

अ. भाषापरक कोश : भाषासँग मात्र सम्बन्धित भई निर्माण गरिएको कोशलाई भाषापरक कोश भनिन्छ । चक्रपाणि चालिसेको *नेपाली पर्यायवाची कोश* (१९९८) यस किसिमको कोश हो ।

आ. ज्ञानपरक कोश : भाषाबाहेक ज्ञान पक्षलाई महत्त्व दिएर लेखिएको कोश ज्ञानपरक कोश हो । *विश्वकोश, बृहत् सामान्य ज्ञान, इन्साइक्लोपिडिया* आदि यस खाले कोशका उदाहरण हुन् ।

ग. समयका आधारमा : यस आधारमा कोशलाई समकालिक/एककालिक र ऐतिहासिक/ कालक्रमिक गरी दुई प्रकारमा विभाजन गरिन्छ ।

अ. समकालिक/एककालिक शब्दकोश : कुनै भाषाको कुनै एक समयमा पाइने शब्द र अर्थमा केन्द्रित भएर तयार गरिने कोश समकालिक/एककालिक कोश हो । जस्तै : *नेपाली बृहत् शब्दकोश* (२०४०) ।

आ. ऐतिहासिक/कालक्रमिक शब्दकोश : सबै कालहरुमा प्रयुक्त शब्द र अर्थहरूलाई समेटेर निर्माण गरिएको कोश ऐतिहासिक/कालक्रमिक कोश हो । अङ्ग्रेजी भाषाको *अक्सफोर्ड डिक्सनरी (Oxford Dictionary)* यसको एक दृष्टान्त हो ।

घ. प्रविष्टि अनुक्रमका आधारमा : यस आधारमा शब्दकोशलाई वर्णानुक्रम, विषयानुक्रम र मिश्रित गरी तिन किसिममा विभाजन गर्न सकिन्छ ।

अ. वर्णानुक्रम कोश : कुनै भाषाका शब्दहरूलाई वर्णमालाका अनुक्रममा राखेर तयार पारिएको कोश नै वर्णानुक्रम कोश हो । *नेपाली बृहत् शब्दकोश* (२०४०) यस किसिमको कोश हो ।

आ. विषयानुक्रमिक कोश : विषयलाई मुख्य आधार मानेर निर्माण गरिएको कोश विषयानुक्रम कोश हो । संस्कृत भाषामा अमर सिंहले तयार गरेको *'नामलिङ्गानुशासन'* नामक अमरकोश, अङ्ग्रेजीमा रोजेट्सको *'थेसारस'*यसको नमुना हो ।

इ. मिश्रित कोश : वर्ण र विषयको अनुक्रम मिलाएर तयार गरिएको कोशलाई मिश्रित कोश भनिन्छ । यस्ता कोशमा समावेश गरिएका शब्दलाई तिनको अर्थ र समूहमा विभाजन गरी वर्णानुक्रम मिलाएर राखिन्छ । पर्यायवाची र विपर्यायवाची कोशहरू मिश्रित कोशका उपयुक्त उदाहरण हुन् । ( पोखरेल, २०६६ : २७७)

ङ. प्रयोजनका आधारमा : यसका आधारमा कोशलाई मानक र सन्दर्भपरक गरी दुई भागमा बाँड्न सकिन्छ ।

अ. मानक कोश : कुनै भाषाको स्तरीय शब्दभण्डारलाई समावेश गरी निर्माण गरिएको कोश मानक कोश हो । *नेपाली बृहत् शब्दकोश* (२०४०) मानक कोशको उदाहरण हो ।

आ. सन्दर्भपरक कोश : कुनै भाषाको सामाजिक, क्षेत्रीय आदि भेदलाई समेटेर सम्पादन गरिएको कोश सन्दर्भपरक कोश हो ।

च. प्रयोक्ताका आधारमा : प्रयोक्ताको आवश्यकतालाई ध्यानमा राखी तयार गरिएको कोशलाई प्रयोक्तामुखी कोश भनिन्छ । यो प्राज्ञिक र शैक्षिक गरी दुई किसिमको हुन्छ ।

अ. प्राज्ञिक कोश : सन्दर्भपरक प्रकृतिका कोशहरु, व्युत्पत्तिमूलक कोशहरु, विशिष्ट ज्ञान र प्रविधिसँग सम्बन्धित कोशहरु प्राज्ञिक कोश अन्तर्गत पर्दछन् । यस किसिमका कोशका उदाहरण टर्नरको नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिपरक शब्दकोश (सन् १९३१), खगेन्द्रप्रसाद लुइटेलले सम्पादन गर्नुभएको नेपाली प्रकृति प्रत्यय कोश (२०५८) आदि हुन् ।

आ. शैक्षिक कोश : निश्चित तहका विद्यार्थीका आधार सामग्री प्राप्त गराउने उद्देश्यले तयार पारिएको कोश शैक्षिक कोश हो । कृष्णप्रसाद न्यौपाने र

अन्यले सम्पादन गरेको *उपयोगी नेपाली शब्दकोश र रचना* (२०६१) यस किसिमका कोशको नमुना हो ।

छ. प्रविष्टि क्षेत्रका आधारमा : यसका आधारमा कोशलाई सामान्य कोश र विशेष कोश गरी दुई भेदमा वर्गीकरण गरिन्छ ।

अ. सामान्य कोश : भाषाको सामान्य व्यवहारमा प्रयोग हुने जुनसुकै शब्दसँग सम्बन्धित कोश सामान्य शब्दकोश हो । नेपाली भाषामा *नेपाली बृहत् शब्दकोश* (२०४०) यसको उत्कृष्ट नमुना मानिन्छ ।

आ. विशेष कोश : ज्ञानका विविध क्षेत्रमध्ये कुनै एकमा केन्द्रित रहेर तयार पारिएको कोश विशेष कोश हो । हेमचन्द्र पोखरेलको *शाकुन्तल शब्दार्थ सञ्चयकोश* (२०४९), हरि दाहालको *कृषिविज्ञान शब्दकोश* (२०५७), शङ्करकुमार श्रेष्ठको *कानुनी शब्दकोश* (२०५६) आदि विशेष कोशका उदाहरणहरू हुन् । **विशेष कोश** निम्न प्रकारका हुन्छन् :

१. उच्चारण कोश : सम्बन्धित भाषाका शब्दहरुको स्तरीय उच्चारणसम्बन्धी सूचना प्रस्तुत गरिएको कोशलाई उच्चारण कोश भन्न सकिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६० ) ।

२. प्राविधिक कोश : यो शब्दकोश प्रत्येक ज्ञान–विज्ञान र प्रविधिका विशिष्ट क्षेत्रसँग सम्बन्धित हुन्छ ।

३. व्युत्पत्तिमूलक कोश : भाषाका शब्दहरुको विकासक्रम साथै बनोट र व्युत्पादन पक्षका सूचना प्रस्तुत गरेको कोशलाई व्युत्पत्तिमूलक कोश भनिन्छ ।

४. पेसा–व्यवसाय–धन्दासम्बन्धी कोश : आधुनिक युगमा विविध पेसा, धन्दा, व्यावहारिक कला आदिको विकास र विस्तारले गर्दा यस प्रकारको कोश निकै फराकिलो क्षेत्रको कोश बन्न पुगेको देखिन्छ । यस्ता कोशहरु मानवीय क्रियाकलापका विाशिष्ट क्षेत्रसँग सम्बन्धित हुने भएकाले र पारिभाषिक वा प्राविधिक कोशसँग यिनको सम्बन्ध रहेको हुनाले उक्त प्रकारका कोशको विस्तारसँगै यस किसिमका कोशको पनि विकास हुनु स्वाभाविक प्रतीत हुन्छ ( लम्साल, २०५७ : ४६) ।

५. भाषिका कोश : कुनै भाषाको भाषिक भेदसँग सम्बन्धित कोशलाई भाषिक कोश भन्न सकिन्छ ।

६. अवभाषा कोश : समाजका वर्गविशेष वा समवयस्कहरुद्वारा प्रयोग गरिने भाषिक भेद अवभाषा हो । यस्तो भाषा मानकबाट विचलित वा व्याकरण विचलित हुन्छ । शिष्ट भाषाको शब्दविस्तार गरी अर्कै अर्थ विधान गरिन्छ र कतिपय स्थितिमा नयाँ शब्दविधान पनि गरिन्छ (लम्साल, २०५७ : ४७ ) ।

७. उखान–टुक्का कोश : भाषाका रुढ र विशिष्ट प्रयोग पक्षसँग सम्बन्धित उखान–टुक्काहरु अभिव्यक्तिको गम्भीरता र भरिलोपनका लागि वक्ताहरुको लामो प्रयोग–परम्परा र अनुभवबाट परिनिष्ठित उपज हुन् । प्रायः लाक्षणिक अर्थ दर्साउने यस किसिमका पदावलीहरु भाषाको मौलिकता र विशिष्टतासँग जोडिएका हुन्छन् । तसर्थ भाषाको यस्तै विशिष्ट र लोकप्रसिद्ध घटनावृत्त आदिसँग सम्बन्धित पदावली भएको कोश उखान–टुक्का कोश हो (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६० ) ।

८. पर्यायवाची कोश : एउटै शब्दका एकभन्दा बढी पर्याय शब्दहरुको सङ्कलन गरी बनाइएको कोशलाई पर्यायवाची कोश भन्ने चलन छ । एकै भाषाका एकभन्दा बढी समानार्थी शब्दहरु खोजी यस्तो कोशको निर्माण गरिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६० ) ।

९. अभिनव कोश : नवनिर्मित र नवव्युत्पादित शब्दको जानकारी दिने कोशलाई अभिनव कोश भनिन्छ ।

१०. सहप्रयोग कोश : एउटा शब्दको निकटवर्ती भएर आउने अर्को शब्द वा पदावलीको जानकारी दिने प्रयोजनले बनाएको कोशलाई सहप्रयोगगत कोश भन्ने गरिन्छ । सन्निधानपरक कोश पनि भन्न सकिने यस्तो कोशको प्रविष्टिमा शीर्ष शब्द र तद्अनुरुप त्यससँग सहप्रयोग हुने शब्दहरु राखिएका हुन्छन् । ( भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६१) ।

११. आगन्तुक कोश : आफ्नो भाषाभन्दा भिन्न र विदशी भाषाबाट आएका आगन्तुक शब्दलाई आगन्तुक शब्द भनिन्छ । त्यस्ता शब्दहरुको बनोट र प्रकृति मौलिक शब्दहरुको प्रवृत्तिभन्दा हुन्छ । हो, यस्ता शब्दहरु सङ्कलन गरी

बनाइएको कोशलाई आगन्तुक कोश भन्ने गरिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६१ ) ।

१२. साहित्यिक कोश : यो साहित्यको अध्ययनमा उपयोग गरिने पारिभाषिक शब्दावलीसम्बन्धी कोश हो (अधिकारी, २०६२ : २०३०) ।

१३. कानुनी कोश : ऐन–कानुनसम्बन्धी क्षेत्रमा प्रचललित शब्दहरु सङ्कलन गरी बनाइएको कोशलाई कानुनी कोश भनिन्छ ।

१४. कृति–कोश : कुनै कृतिसँग सम्बद्ध समस्त वा मुख्य शब्दहरु सङ्कलन गरी बनाएको कोशलाई कृति–कोशका नामले सम्झन सकिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६२) ।

१५. कृतिकार कोश : कुनै लेखक वा कृतिकारका समस्त कृतिमा प्रयुक्त शब्दहरु सङ्कलन गरेर यस किसिमको कोश बनाइन्छ । यस्ता कोशमा प्रत्येक शब्दलाई उद्दिष्ट कृतिकारका कृतिगत स्थान र उदाहरणहरुद्वारा पुष्टि गरिन्छ ( लम्साल, २०५७ : ५२) ।

१६. स्थाननाम कोश : कुनै विशिष्ट स्थानको परिचय र अर्थ एवम् व्युत्पत्तिसमेत दिइएको कोशलाई स्थाननाम कोश भन्ने गरिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६२) ।

१७. उद्धरण कोश : प्रसिद्ध उक्ति, सूक्ति, महावाणी एवम् उद्धरणहरुमा आधारित कोशलाई उद्धरण कोश भन्ने गरिन्छ ।

१८. सङ्क्षेप र परिवर्णी कोश : शब्दका केही वर्णमात्र लिई अरुलाई छोडेर अपनाइएका परिवर्णी प्रकृतिका शब्दहरु सङ्कलन गरी निर्माण गरिएको कोशलाई सङ्क्षेप र परिवर्णी कोश भन्न सकिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६२) ।

१९ . तुक कोश : अनुप्रासयुक्त शब्दसँग सम्बद्ध शब्दकोशलाई तुक कोश भन्ने गरिन्छ ।

## कोश निर्माण योजना

कनै पनि कार्य गर्दा उक्त कार्यको पूर्णता र सफलताका लागि व्यवस्थित र विस्तृत योजना र विस्तृत योजनाको आवश्यकता पर्दछ । कोश निर्माण जस्तो अति गम्भीर, झिंजो लाग्दो र कठिन कार्यका लागि त झन् योजना निर्माण अत्यन्तै आवश्यक देखिन्छ । त्यसैले कोशनिर्माण गर्दा आवश्यक पर्ने पूर्वतयारीका कुराहरु कोशनिर्माण योजनाअन्तर्गत पर्दछन् । कोशनिर्माण कार्य आर्थिक दृष्टिले मात्र होइन, समयका दृष्टिले पनि अत्यन्तै खर्चिलो छ । यसमा समय र धैर्यका कुवेरले पनि धर्मराउने स्थिति आउँछ (लम्साल, २०५७ : ९६) ।

कोशनिर्माण योजना नै कार्यको निदान र व्यस्थापनको विधान हो । यसबाट नै कार्यको स्वरुप निश्चित हुने हुनाले योजनाकालमा नै यससम्बन्धी विधान वा निर्देशिकाका रुपमा आवश्यक नियम–विनियम र निर्देशनहरु तयार गर्नुका साथै सामग्री सङ्कलन र कोशीय प्रविष्टिसम्बन्धी ढाँचा पनि निश्चित गरिनुपर्छ । कोशको प्रकृतिअनुसार कोशनिर्माण योजना निर्धारण हुने भएकाले यस योजनाले सम्पादकका लागि मार्गदर्शकको कार्य गर्दछ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६२) ।

## सामग्री सङ्कलन प्रक्रिया

कोशनिर्माण कार्यका लागि योजना तर्जुमा पछाडिको महत्त्वपूर्ण र प्रारम्भिक कार्य नै सामग्री सङ्कलन हो । कोश सम्पादन प्रक्रियाकै प्राथमिक र अनिवार्य कार्य भएकाले यसलाई कोशको प्रकृति, प्रकार, प्रयोजन आदिले पारेका हुन्छन् । कोशका प्रकार अनुरुप सामग्री सङ्लनमा विभिधता पाइन्छ । कोशका

निम्ति सामग्री सङ्कलन गर्दा सामान्तः लिखित र मौखिक दुवै भाषालाई अपनाइन्छ । मौखिक भाषा र लिखित भाषाबाट सामग्री सङ्कलन गर्ने विधिमा निकै फरक पर्दछ । यसरी कोशको प्रकृति र प्रयोजन अनुसार शब्दहरु (सामग्री) सङ्कलको प्रकृया र तिनको छनोटमा विभिधता पाइन्छ । विशेषतः प्रयोगक्ताको अपेक्षा अनुसार अहिले अनेक किसिमका कोशहरुको निर्माण गर्ने प्रचलन बढेको छ ता पनि मुख्यतः अलिखित स्रोत लिखित स्रोतबाट शब्दहरुको सङ्कलन गर्ने तरिकामा भिन्नता रहने गर्दछ (अधिकारी, २०६२ : २०७) । कोशनिर्माणका लागि सामग्री सङ्कलन निम्न दुई तरिका बाट गर्न सकिन्छ :

क) लिखित स्रोतको भाषा : शब्दकोशको प्राकार अनुरुप सामग्री सङ्कलनमा विभिधताको सृजना हुन्छ । ऐतिहासिक शब्दकोशमा प्रचिन शब्द देखि बर्तमान शब्दहरु जुन प्रचिन र आधुनिक साहित्यबाट सङ्कलन गरिन्छन् । वर्णनात्मक/समकालिक कोश निर्माण गर्दा लिखित स्रोतका आधुनिक साहित्यबाट सामग्री सङ्कलन गरिन्छ । समसामयिक सन्दर्भका रेडिया, पत्रपत्रिका, टेलिभिजन जस्ता सञ्चारजगत्मा प्रयुक्त भाषा एवम् विज्ञान, मानविकी तथा सामाजिकशास्त्र आदि विभिध क्षेत्रका साहित्यबाट सामग्री सङ्कलन गरिन्छ ( भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६५) ।

ख) मौखिक स्रोतको भाषा : सामग्री सङ्कलनका छानिएका प्रतिनिधि सूचकहरुलाई कोशिय एकाइ सम्बन्धी अत्यावस्यक पक्षका वारेमा प्रश्नावलीमा नै उल्लेख गर्न लगाउनु पर्छ । सम्बन्धित भाषाका अप्रचलित र असम्बन्धित शब्दहरु, अज्ञात र अस्वभाविक अर्थ दिने नविन शब्दहरु, प्रदेशिक र स्थानिय रङ्ग नजनाउने शब्दहरु, शब्दको प्रकार्यात्मक अर्थ आदिमा सम्बन्धित कोशका अत्यान्तै सचेत भई सतर्कता अपनाउनुपर्छ । यस्ता कोशमा शब्दको सूचीमात्र नभई तिनको अर्थ, सन्दर्भ र सन्दर्भपूर्ण प्रयोग समेत गर्नु समीचीन ठहरिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६६) ।

## शब्दकोशको स्वरूप

कोश कस्तो हुन्छ वा कसरी बनेको हुन्छ भन्ने कुरालाई कोशको स्वरुपले दर्साएको हुन्छ । कोशीय विशेषताहरुको संयोजन गरी शब्दकोशलाई निर्देशन, प्रयोजनका दृष्टिले उपयोगी बनाएर त्यसमार्फत उपभोक्तालाई सहज किसिमले सामग्री उपलब्ध गराउने कार्य गरिन्छ । उपभोक्ताका लागि कोशीय सूचनासम्बन्धी स्पष्ट र सुनिश्चित सन्दर्भग्रन्थ नै शब्दकोश हुने भएकाले यसलाई सङ्क्षिप्त र स्पष्ट बनाउन विभिन्न समुचित सामग्रीहरुको आवश्यकता पर्दछ ( भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६६ ) ।

शब्दकोशका लागि सामान्य स्वरूप भनेको कोशमा सन्नियोज्य केही सुग्राह्य, प्रचलित र प्रभावकारी यस्ता कोशीय विशेषताहरूको संयोजन हो, जसबाट कोश वा शब्दकोशहरू उपयोगका दृष्टिले स्वनिर्देश्य, सुज्ञेय, संसूच्य र सम्प्रयोज्य बन्दछन् र सम्बन्धित उपभोक्तालाई कोशनिष्ठ समस्त सामग्री सुगमताका साथ समुपलब्ध गराउने सामर्थ्य अधिगत गर्दछन् (लम्साल, २०७७ : ५७) ।

शब्दकोशको स्वरूपलाई पूर्वभाग, मूलभाग र उत्तरभाग गरी मुख्य तिन भागमा विभाजन गरी यहाँ तिनको छोटकरीमा चर्चा गरिन्छ :

### पूर्वभाग

यो शब्दकोशको मूल भागभन्दा अगिल्लो भाग हो । यसमा शब्दकोशको मूल अर्थात् केन्द्रीय भागलाई उपयुक्त तरिकाले प्रयोगमा ल्याउन आवश्यक आधार सामग्रीहरू राखिएका हुन्छन् । यस भागभित्र शीर्षक, प्राक्कथन वा भूमिका कोशविधान प्रक्रिया, कोश निर्देशिका, प्रविष्टि विधान (मूल प्रविष्टि र उपप्रविष्टि) अनेकार्थी, समरूपी उच्चारण र आलेखन, व्याकरण निर्देश, बीजक, विवृति, प्रतिनिर्देश, व्युत्पत्ति विधान, उदाहरण संयोजन, सङ्क्षेप सूची, विराम र सङ्केत चिह्नहरूको

प्रयोगका सम्बन्धमा स्पष्टीकरण दिइएको हुन्छ । यस भागलाई शब्दकोशको पूर्ववर्ती भाग मानिन्छ (लम्साल, २०५७ : ७५) ।

कोशको प्रयोजन तथा प्रकृति र त्यसअनुरुपको अपेक्षि विषय, अपेक्षित प्रयोक्ताको तह र आवश्यक स्तर, भाषिक प्रकृति (प्रथम भाषी वा द्वितीय भाषाभाषी), भाषिक भेद, उपभेद, प्रत्यक्ष–अप्रत्यक्ष स्रोतका सामग्रीहरु, शब्द (सामग्री) स्रोतको चयन, वर्णविन्यास, लेखनपद्धति, प्रविष्टि चयन र क्रमको समस्या तथा समाधान, प्रविष्टिगत नियम, (मूल प्रविष्टि, उपप्रविष्टि वा सहायक प्रविष्टि), अर्थ प्रकृति र तिनको विधान प्रकृति, शब्दगत वा अर्थगत वैशिष्ट्य (परिभाषित शब्दको सम्बन्धमा थप सूचना)

## मूलभाग

शब्दकोशको प्राण नै यसको मूलभाग हो । मूलभागका सापेक्षतामा पूर्वभाग र उत्तरभाग परिधीय बनेका हुन्छने । शब्दसम्बन्धी महत्त्वपूर्ण सूचनाको भण्डार नै यसै भागमा गरिने भएकाले यसलाई कोशको वास्तविक पहिचान दिने भाग भन्न सकिन्छ । यसलाई मूलभाग भन्नुको तात्पर्य कोशमा यो नै साध्य हो र यसैका लागि सम्पूर्ण योजना, नियम, सामग्री सङ्कलन, सम्पादन, श्रम, व्यय आदि साधन जुटेका हुन्छन् भनी सङ्केत गर्नु हो । यसलाई केन्द्रीय वा नाभिकीय भाग पनि भन्न सकिन्छ (लम्साल, २०५७ : ६९)

।

यसैभित्र शब्दहरूले प्रविष्टि पाएर अर्थमा ब्यक्तिने अवसर पाउँछन् । शब्दको मूल प्रविष्टि, उच्चारण, स्रोत, शब्दवर्ग, पर्यायवाची र विपर्यायवाची शब्द, उदाहरण, प्रयोग, उपप्रविष्टि, बीजक, योजक आदि चिह्नहरू यस भागभित्र पर्दछन् । शब्दकोश सम्पादन गर्दा प्रयोग गरिएका सम्पूर्ण पक्षहरू यसमा देख्न पाइन्छ । यस भागमा शीर्षशब्द, उच्चारण र हिज्जे, व्याकरण निर्देश, व्युत्पत्ति, अर्थविधान, व्युत्पादक सर्ग, पर्याय, विपर्याय, उखानटुक्का, उदाहरण, चित्राङ्कन आदि सबै पक्षहरू

यथायथा स्थानमा समेटिएका हुन्छन् । अतः कोशको मुटु भन्नु नै यसको मूल भाग हो (भट्टराई, २०६७ : १४) ।

उपर्युक्त किसिमका हरेक प्रविष्टिका दुई भाग हुन्छन् : उद्देश्य र विधेय । पहिलोमा शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश जस्ता अवयव पर्दछन् भने दोस्रोमा अर्थ, उदाहरण आदि अन्य अवशिष्ट अवयवहरू सम्मिलित हुन्छन् । (लम्साल, २०६७ : १४७)

**उत्तरभाग**

शब्दकोशको पश्चभागका रुपमा लिन सकिने यसलाई कोशको परिशिष्ट खण्डका रुपमा चिन्न सकिन्छ । यसमा कोशबारे पूरकका रुपमा दिनुपर्ने थप सूचनाहरु प्रस्तुत गरिन्छन् । त्यसैले यो शब्दकोशको मध्यभाग वा मूलभागका सापेक्षतामा बाह्य भाग हो (अधिकारी, २०६२ : २१२) । मूलभाग र त्यसको उत्तरवर्ती भागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टिभन्दा विलक्षण र विशिष्ट रुप र शैलीमा गरिने सन्दर्भ सामग्रीहरु रहने पश्चवर्ती भाग नै कोशको उत्तरभाग हो (लम्साल, २०५७ : ८४) । कतिपय शब्दकोशमा यसको उत्तर भागको व्यवस्था पाइँदैन तर कोशलाई स्तरीकृत बनाउन यसको आवश्यकता हुन्छ (ढकाल, २०६८ : २३३) ।

यो शब्दकोशको पश्चवर्ती भाग हो । यो भाग परिशिष्टका रूपमा रहन्छ । खास गरी कोशको पूर्वभाग र मूल भागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टिभन्दा विलक्षण र विशिष्ट रूप र शैलीमा गरिने सन्दर्भ सामग्रीहरू, परिशिष्टांशका रूपमा राखिन्छ । कतिपय कोशमा यस भागमा कोशको नालीबेली उल्लेख गरिएको हुन्छ भने कतिपयमा अनुक्रमणिका उल्लेख गरिएको हुन्छ । कतिपय कोशमा परिशिष्टको व्यवस्था नभए पनि यसलाई कोशसम्पादनको अन्तिम भाग मानिन्छ ।

## कोश सम्पादन प्रक्रिया

शब्दकोश सम्पादन अत्यान्तै झन्झटलाग्दो, गम्भीर र कठिन कार्य हो । कठिन र अनुष्ठानपरक कार्य भएकाले कोशको शुभारम्भदेखि समापनसम्म वैज्ञानिक किसिमको सुनियोजित प्रक्रिया र विधिको आवश्यकता पर्दछ । कोशसम्पादनका आधारभूत प्रक्रिया र विधिहरुलाई केही चरणहरुमा विभाजन गरी स्पष्ट ढङ्गले तिनको चर्चा गरिएको पाइन्छ । यिनै पृष्ठभूमिमा शब्दकोशको शुभारम्भदेखि समापनसम्मका प्रक्रियालाई कोश सम्पादन प्रक्रिया ठानी समस्त कार्यलाई तीन चरणमा विभाजन गरेर चर्चा गरिन्छ (लम्साल २०५७ : ९५) :

### क) पहिलो चरण

यो कोश सम्पादन प्रक्रियाको आधारभूत चरण हो । यसमा कोशका निम्न कार्यहरु गरिन्छ :

अ) योजना : काश निर्माण तथा सम्पादन गर्ने पहिलो चरणको प्रमुख पक्ष नै योजना हो । यसमा कोशको प्रयोजन, प्रयोक्ता र क्षेत्र, सामग्री सङ्कलन र शब्दसूची, प्रविष्टि स्वरुप, अर्थविधान आदिको सुस्पष्ट निर्देशन गरिनुपर्दछ ।

आ) सामग्री सङ्कलन : कोश सम्पादनका लागि सामग्री सङ्कलन नै मुख्य सर्त वा अभीष्ट हो । कोशको प्रकार अनुरुप सामग्री सङ्कलनमा भिन्नता पाइने भएकाले सामाग्री सङ्कलनको सम्पूर्ण कुरा कोशको प्रकृतिमा नै निर्भर रहेको हुन्छ ।

इ) प्रविष्टि चयन : कोश सम्पादनका लागि प्रविष्टि चयन महत्त्वपूर्ण कार्य हो । यो कोशमा प्रवेश गराइने एकाइसँग सम्बन्धित छ । सामग्री सङ्कलनपश्चात गरिने तेस्रो महत्त्वपूर्ण कार्यका रुपमा यसलाई लिइन्छ । कोशको मूल लक्ष्य नै प्रविष्टिका बारेमा जानकारी दिनु भएकाले यसलाई कोशीय एकाइ वा कोशिम पनि भनिन्छ (लम्साल, २०५७ : १०३) । प्रविष्टि चयनका सन्दर्भमा निम्नलिखित कुराहरु विशाष महत्वपूर्ण हुन्छन् :

१. प्रचलित शब्द : सम्बन्धित भाषाका बहुप्रचलित शब्दहरुले शब्दकोशको प्रविष्टि चयनमा सबभन्दा बढी प्राथमिकता पाउने गर्दछन् । प्रयोग वा व्यवहारमा बढी आवृत्ति हुने शब्दहरु प्रविष्टिका निम्ति बढी छनोटमा पर्दछन् ।

२. अप्रचलित शब्द : भाषाको शब्दभण्डार दिनप्रतिदिन वृद्धि भइरहने कारणले कतिपय शब्दहरु थपिन्छन् अनि परिवर्तन हुने कारणले गर्दा नयाँ शब्दको प्रचलन र पुराना शब्दको लोप हुनपुग्छ । यसैगरी कतिपय यस्ता लुप्तप्रायः शब्दहरु पनि छन् जसको प्रचलन क्रमशः विलीयमान अवस्थामा छ (लम्साल, २०५७ : १०४) ।

३. पारिभाषिक–प्राविधिक शब्दहरु : विज्ञान, कला, शिल्प, प्रविधि तथा बहुप्रविधि आदि क्षेत्रसँग सम्बन्धित विशेष अर्थ भएका शब्द नै प्राविधिक शब्द हुन् । सबै प्राविधिक शब्दहरु साधारण कोशमा समावेश गर्नु उपयुक्त हुँदैन । सर्वसामान्यको मात्रा अधिक भएका शब्दहरु सामान्य कोशमा अपेक्षित हुन्छन् ।

४. रिक्त शब्द : स्वतन्त्र प्रयोग नहुने तर शब्दांशको संरचनमा आउने शन्दहरु रिक्त शब्द हुन् । यस्ता शब्दहरुलाई कोशमा प्रायः सन्निहित शब्दसँग राखिन्छ र मूल प्रविष्टि वा शीर्षशब्दमा राख्दा चाहिँ प्रतिनिर्देश गरिन्छ ।

५. सम्बन्धपरक शब्द : प्रकार्यात्मक वा व्याकरणात्मक शब्दका नामले पनि चिनिने यस्ता शब्द कुनै वस्तु वा सूचना निर्देश नगर्ने शब्द हुन् । सूचनासँग भन्दा यस्ता शब्दहरु पारस्पारिक सम्बन्धसँग बढी प्रयुक्त हुन्छन् । शब्द पदावली आदि जोड्ने जोडकका रुपमा यिनीहरुलाई लिइन्छ ।

६. प्रकार्यपरक शब्द : भाषाको प्रयोगमा प्रशस्त आवृत्ति भइरहने शब्दहरु प्रकार्यात्मक प्रकृतिका हुन्छन् । भाषिक सम्प्रेषणका क्रममा यस्ता शब्दहरुले प्रकार्यात्मक भूमिका निभाएका हुन्छन् ।

७. समस्त शब्द : शब्दनिर्माणको समास प्रक्रियाबाट निर्मित भएका शब्द नै समस्त शब्द हुन् । यस्ता शब्दहरु अर्थका दृष्टिले अविभाज्य हुन्छन् ।

८. व्यक्तिवाचक शब्द : ऐतिहासिक र लाक्षणिक महत्त्व भएका व्यक्तिवाचक नामहरु शब्दकोशमा समाविष्ट हुनु आवश्यक छ ।

९. सङ्क्षेप तथा परिवर्णी शब्द : धेरै चलन–चल्तीका सङ्घ–संस्था र कार्यहरुको नामलाई सङ्क्षेपमा प्रयोग गरिन्छ भने कतिपय सन्दर्भमा सरलता र सङ्केतका लागि पनि यस्ता शब्द प्रयुक्त हुन्छन् (लम्साल, २०५७ : १०७) ।

१०. उखान–टुक्का र उद्धरण : कुनै पनि भाषाको मैलिकतालाई जनाउने उखान–टुक्कामा सूच्य अर्थभन्दा विशिष्ट अर्थ व्यक्त गर्ने शक्ति रहेको हुन्छ । यस्ता उखान–टुक्का र उद्धारणलाई विषेश कोशमा बाहेक अन्य कोशमा बेग्लै प्रविष्टि नदिई गौण प्रविष्टिमा राखिएको हुन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७२) ।

११. समुच्चयात्मक अभिव्यक्ति : दुई वा सोभन्दा बढी शब्द सम्मिलित भई बनेका एकीकृत अर्थ प्रकट गर्ने संरचनालाई समुच्चयात्मक अभिव्यक्ति भनिन्छ । जस्तै : नेपाल सरकार, शिक्षा मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय आदि ।

१२. निपात : निपात स्वतन्त्र शब्द होइनन् तथापी भाषामा मिठास थप्न यस्ता शब्दहरु प्रयुक्त हुन्छन् । स्वतन्त्र अर्थ नभएकाले नै यस्ता शब्दको कोशीय प्रविष्टिमा प्रश्न उठ्न सक्छ (लम्साल, २०५७ : १०७) ।

१३. वैकल्पिक प्रविष्टि : कतिपय शब्दकोशमा अर्थ उही भएर पनि एउटा शब्दका एकभन्दा बढी वैकल्पिक रुपहरु प्रचलित हुन्छन् । यस्तो स्थिति उच्चारण वा वर्णविन्यासको भिन्नता वा दुवैको भिन्नताबाट उत्पन्न हुन्छ (अधिकारी, २०६२ : २१६) ।

**ख दोस्रो चरण**

कोश सम्पादनका क्रममा प्रविष्टि विधानको चरणलाई दोस्रो चरण भन्ने गरिएको पाइन्छ । प्रविष्टि भएको कोशीय एकाइ र त्यससम्बन्धी सूचनाको प्रस्तुति यस चरणमा भएको हुन्छ । कोशका सन्दर्भमा प्रस्तुत प्रविष्टिलाई मुख्यत : दुई खण्डमा विभाजन गर्न सकिन्छ : उद्देश्य र विधेय । प्रविष्टि अन्तर्गतको उद्देश्य खण्डमा शीर्षशब्द, हिज्जे, उच्चारण र व्याकरण निर्देश पर्दछन् भने विधेय खण्डमा अर्थ, व्युत्पत्ति, उदाहरण, उखान–टुक्का आदि विवरणहरु समाहित हुन्छन् (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७३) । यसका विषयमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

अ) शीर्षशब्द : शब्दकोशमा समोवश भएको मुख्य कोशीय एकाइ नै शीर्षशब्दका नामले चिनिन्छ । यसलाई मूलप्रविष्टि, प्रविष्टि वा प्रधानशब्द पनि भन्ने गरिएको पाइन्छ । जस्तै : पिस्– सक्रि (भूतकाल, तृ.पुःएव.मा पिस्यो) १. गेडा तथा ठोस अवस्थामा रहेको वस्तुलाई पेलेर धुलो पार्ने काम भयो, २. हे. फिस्नु ।

आ) हिज्जे : हरेक शब्दको व्यवस्थित विन्यासक्रमलाई हिज्जेका नामले चिनिन्छ । शब्दकोशमा हिज्जेको स्थान उच्च रहेको हुन्छ ।

इ) उच्चारण :

सबै कोशमा यसलाई समेटिएको पाइँदैन । पहिलो भाषी कोशमा भए उच्चारण त्यति आवश्यक ठानिँदैन तर दोस्रो भाषीका लागि भने यो आवश्यकीय नै मानिन्छ । प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले यस अंशको उल्लेख गरेको देखिन्छ ।

ई) व्याकरण निर्देश :

शीर्ष शब्द व्याकरणका दृष्टिले कस्तो शब्द हो भन्ने कुरा कोशमा दिइएको हुन्छ । व्याकरणको सङ्केत सङ्क्षेपमा दिइन्छ (ढुङ्गाना, २०६७ : २२१) । यसको सङ्केत सूची अग्र भागमा दिएको हुन्छ । जस्तै :

**तालिका : १ सङ्क्षेप सूचीको नमुना**

| | |
|---|---|
| अक्रि. – अकर्मक क्रिया | क्रिप. – क्रियापद |
| उप. – उपसर्ग | ना. – नाम |
| विबो. – विस्मयादिबोधक | द्वि. – द्वित्व |
| वि. – विशेषण | अ. – अरबी |

**स्रोत : नेपाली बृहत् शब्दकोश (२०४०)**

उ) व्युत्पत्ति : रुप र अर्थका दृष्टिले कोशीय एकाइको विकासक्रम निर्देश गर्नुलाई नै सामान्यतः व्युत्पत्ति भनिन्छ । प्रविष्टिमा आएको शब्द व्युत्पत्ति भए त्यसको व्युत्पन्न प्रक्रियालाई पनि सङ्केत गर्नु समीचीन देखिन्छ । प्रविष्टिको अर्थ भन्दा अगाडी सङ्केत गर्न सकिने यसलाई दुई तरिकाले सूचित गर्न सकिन्छः ऐतिहासिक र समकालिक (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७६) ।

ऊ) अर्थविधान : अर्थलाई भाषाको आत्मा मानिन्छ । शब्दको अर्थलाई विभिन्न ढङ्गले खुलस्त पार्नका लागि शब्दकोशले मुख्य भूमिका खेल्न सक्दछ । शब्दकोशले पनि भषाका शब्दको वास्तविक र सुस्पष्ट अर्थ निर्धारण गर्ने उद्देश्य राख्ने भएकाले अर्थ नै यसको केन्द्रिय तत्त्व भएको पुष्टि हुन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७६) । अर्थलाई कोशमा विभिन्न ढङ्गले समावेश गरिएको हुन्छ । जसलाई अर्थविधानका विधि तथा अर्थनिर्देशका विधिका रुपमा ग्रहण गरी निम्नानुसार उल्लेख गरिन्छ :

१. परिभाषीकरण : परिभाषा दिने युक्तिले कोशीय शब्दको धारणा प्रस्ट पार्न सहयोग पऱ्याउँदछ । परिभाषीकरण अन्तर्गत सम्बन्धित शब्दको एकभन्दा बढी शब्द वा पदावलीबाट प्रयोग–परिवेश झल्किने खालको अर्थ दिने प्रयास हुन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७७) ।

२. पर्याय : अर्थ बुझाउने शब्द वा एउटै अर्थ बुझाउने अर्को शब्दलाई पर्याय भन्ने गरिन्छ । जस्तै : चिन्ता – ना.१ पिर, सुर्ता, फिक्री, परवाह ।

३. विपर्याय : उल्टो अर्थ दिने शब्दलाई विपर्याय भनिन्छ । जस्तै : राम्रो - विप. नराम्रो ।

४. समावेशी : कतिपय शब्दको अर्थ जातित्वका आधारमा अझ स्पष्ट हुन्छ । यस्तो अर्थगत सूचनाले शब्दको अर्थीय क्षेत्र वा जातित्वलाई बुझाएको हुन्छ । जस्तैः पशुको अर्थ दिनुपरेमा गाई, भैंसी, घोडा, बाख्रा आदि (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७७) ।

५. उदाहरण : कोशीय एकाइहरुको अर्थगत विशेषता व्यक्त गर्न शाब्दिक उदाहरणका रुपमा गरिने प्रासङ्गिक प्रयोगलाई उदाहरण विधि भनिन्छ (लम्साल, २०५७ : १३२) ।

६) बीजक

कोशीय एकाइको कार्य तथा स्तर जनाउन प्रविष्टि अङ्गमा गरिने शब्द वा शब्दावली नै बीजक हो । बीजक तीन किसिमले विभाजन गरेको पाइन्छ :

अ) प्रकार्यपरक बीजक : कोशीय एकाइको व्याकरणिक वा शब्दवर्गीय कार्य सङ्केत गर्ने बीजकलाई प्रकार्यपरक बीजक भनिन्छ । यसलाई उद्देश्य भागमा शीर्षशब्दको उच्चारणपछि लगत्तै सङ्क्षेप शब्दद्वारा निर्देश गरिएको हुन्छ (लम्साल, २०५७ : १२५) , जस्तै : रस – ना, लेख्नु – स.क्रि. ।

आ) स्तरपरक बीजक : कोशीय एकाइको प्रयोगस्तरलाई दर्साउने बीजकलाई स्तरपरक बीजक भनिन्छ । जस्तै : बजिया – ना. १. (गाली) लोग्नेमान्छेलाई होच्याएर भनिने शब्द । कमारो ।

इ) विषयपरक बीजक : शब्दको प्रयोजनपरक क्षेत्र वा विभिन्न विषयगत क्षेत्रअनुरुप अर्थभेद हुने स्थिति जनाउने बीजकलाई विषयपरक बीजक भन्न सकिन्छ । जस्तै : माम –ना. (बालबोली) भात ।

७) विवृत्ति

कुनै शब्दलाई थप स्पष्ट वा खुलस्त पार्ने कामलाई विवृति भनिन्छ । यो व्यक्तिगत कोशीय एकाइको अर्थविधानका सन्दर्भमा प्रयोग हुने कोशीय उपबन्ध हो । यस्तो विवृति कोष्ठकभित्र दिने गरिन्छ । विवृत्तिलाई तीन प्रकारमा विभाजन गरिएको पाइन्छ :

अ) अर्थपरक : यसले कोशीय एकाइका विभिन्न आर्थी विशेषतालाई जनाएको हुन्छ । जस्तै : द्विज :– ना. १. कुनै दुईचोटि जन्मेको मानिने प्राणी (गर्भबाट फूल र फूलबाट बच्चा गरी दुई चोटि पैदा हुने चराचुरुङ्गी, सर्प आदि) २. उपनयन गरिने हिन्दूहरुको एक वर्ग (बाहुन, क्षेत्री र वैश्य ) ।

आ) व्याकरणात्मक : कोशीय प्रविष्टिको उद्देश्य भागमा समावेश गरिने व्याकरण निर्देशक अतिरिक्त विशेषता निर्देश गर्ने विवृत्ति व्याकरणात्मक विवृत्ति हो । जस्तै : गोरा :– वि. (बहु/ति. गोरा, स्त्री. गरी, लघु. गोरे) ।

इ) विश्वकोशपरक : कुनै विषयक्षेत्रसँग सम्बन्धित ज्ञानपरक तथ्य निर्देश गर्ने विवृत्ति विश्वकोशपरक विवृत्ति हो । जस्तै : खादा :– सगुनका लागि दिइने सेतो वा घिउ रङ्को कपडाको टुक्रा – लामा धर्ममा कसैलाई बिदाइ वा स्वागत गर्दा यस्तो सगुन दिइन्छ ।

८) नीडन : यसलाई कोशसम्पादनको तस्रो चरणमा पनि राखिएको पाइन्छ । कोशीय प्रविष्टिगत सामग्रीको परिमाणमा कमी ल्याउन स्थान बचत गर्ने यक्तिका रुपमा नीडनलाई लिइन्छ ।

जस्तै : आत्म –ञ्ञ कथा ञ्ञ्ञ ज्ञान ञ्ञ प्रशंशा

९) प्रतिनिर्देश

एक ठाउँमा रहेको कोशीय एकाइको अर्को ठाउँको कोशीय एकाइसँग अर्थगत समानता, विभेदकता, पूरकता आदि दर्साउन शब्दकोशमा यसको प्रयोग गरिन्छ । यसलाई अन्योन्यसन्दर्भ पनि भनिन्छ (लम्साल : २०५७ : १२९) यसलाई दुई प्रकारमा विभाजन गरिएको छ :

अ) प्रकट्ति : यस किसिमको प्रतिनिर्देशमा शब्द प्रयोगद्वारा कुनै प्रविष्टिको सम्बन्ध अर्को प्रविष्टिसँग गराइएको हुन्छ । जस्तै :

जस्तै : गफाडी – वि. (गफ + आडी) हे. गफडी ।

आ) अप्रकट्ति : यस प्रतिनिर्देशमा कुनै पनि प्रविष्टिको निर्देश नगरी अन्तरनिहित रुपमा नै त्यसको निर्देश हुने पद्धति अपनाइएको हुन्छ ।

१०) चित्राङ्कन : कोशीय एकाइको अर्थ स्पष्ट पार्नका लागि कोशको प्रविष्टिमा चित्र, रेखाचित्र, तालिका आदिको प्रयोग गर्ने तरिकालाई चित्राङ्कन विधि भन्ने गरिन्छ ।

११) व्युत्पत्ति : कोशीय एकाइको अर्थ खुट्याउन तथा मूल अर्थ पहिल्याउन शब्दकोशमा व्युत्पत्ति विधि सहयोगी सिद्ध हुन्छ । खास शब्दको स्रोत र पूर्वस्वरुपको सूचनाका लागि यसको प्रयोग उत्तम ठानिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७७) ।

ग) तेस्रो चरण

कोशनिर्माणको यो चरणलाई रुपविधानको चरण भन्न सकिन्छ । कोशीय सामग्रीले यस चरणमा नै वास्तविक स्वरुप पाउँदछ । यस चरणअन्तर्गत निम्नलिखित कुराहरु पर्दछन् :

अ) प्रविष्टि अनुक्रम : कोशसम्पादनका क्रममा सङ्कलित सामग्रीलाई व्यवस्थित बनाई राख्नु उपयुक्त हुन्छ । कुन प्रविष्टिलाई कुन क्रममा राख्ने भन्ने कुरा यसअन्तर्गत पर्दछ । प्रविष्टि अनुक्रममा निम्न किसिममा विभाजन गर्न सकिन्छ :

१) वर्णानुक्रम : यस पद्धतिमा सम्बन्धित वर्णमालाअनुसार पहिलो, दोस्रो आदि वर्णानुक्रमबाट उठेका शब्दलाई क्रमिक रुपमा स्थान दिइन्छ ।

२) विषयानुक्रम : आर्थी, विचारपरक वा वर्गात्मक अनुक्रमका नामले चिनिने यसमा वनस्पति, शारीरिक अवयव, जनावर शब्दको प्रयोग गरी विषयानुरुप वर्गीकरण गरिन्छ ।

३) विविध अनुक्रम : वर्णानुक्रम र विषयानुक्रम बाहेक सबै अनुक्रमलाई समावेश गरिने अनुक्रमलाई विविध अनुक्रम भनिन्छ ।

आ) प्रविष्टि विन्यास : प्रविष्टि विन्यासले कोशीय एकाइ वा त्यससम्बन्धी विवरणको अभिव्यक्ति दिने काम गर्दछ । यो दुई प्रकारको हुन्छ :

१) मूल प्रविष्टि : मूल प्रविष्टि भनेको कोशमा बायाँपट्टि गाढा अक्षरमा रहेको शीर्षशब्द हो ।

२) उपप्रविष्टि : उपप्रविष्टि भनेको शीर्षशब्दमा आधारित मूल प्रविष्टिको गर्भ वा पेटबोलीमा रहने भाग हो । मूलप्रविष्टिकै न्यूनीकृत रुपमा प्रयोग हुने उपाय हो । यसलाई नीडनमा आबद्ध गरिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ८४) ।

इ) यो अर्थनिर्देश गर्ने युक्ति हो । कोश सम्पादनको तेस्रो चरणमा पर्ने यो शीर्ष शब्दको प्रतिनिधित्व गर्ने चिन्ह र सङ्केतसँग सम्बन्धित छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ८४) ।

ई) संसक्त प्रविष्टि : उपप्रविष्टि समानको यो भाग पनि कोशीय प्रविष्टिको नै भाग हो । यसमा उपप्रविष्टिमा झैं अर्थ, उदाहरण, विवृत्ति, टिप्पणी आदि समावेश गरिएको हुँदैन किनभने यिनीहरु स्वतः व्याख्येय हुन्छन् (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ८४) ।

उ) **चिह्न–प्रयोग :**

कोशमा विभिन्न प्रकारका चिह्नहरुको प्रयोग गरिन्छ । यस कोशमा प्रयुक्त केही चिह्नहरूतालिका : २मा दिइएको छ :

**तालिका : २ विराम र सङ्केत चिह्नको नमुना सूची**

| चिह्न | चिह्नको नाम | चिह्न | चिह्नको नाम |
|---|---|---|---|
| / | विभाजक, विकल्प जनाउने | ( ) | विवृति/स्पष्टीकरण/रूपायन आदि |
| – | योजक/ निर्देशक चिह्न | ⁽ ⁾ | व्युत्पादन/व्युत्पत्ति |
| : | व्याख्या/सापेक्ष | + | संयोजक/जोड |
| . | सङ्क्षेपीकृत चिह्न | / / | उच्चरित रूप |

**स्रोत : प्रयोगात्मक नेपाली शब्दकोश (२०६१)**

तालिका : २मा उल्लिखित चिह्नले खास खास परिवेश र स्थिति विशेषको सङ्केत गर्ने हुनाले यस्ता चिह्नको होसियारीपूर्वक प्रयोग गर्नु वाञ्छनीय देखिन्छ ।

ऊ) पूर्वोत्तर भागको संयोजन : प्रविष्टि विधानभन्दा अगाडि रहने भूमिका, परिचय, कृतज्ञतापन आदिलाई पूर्वोत्तर भाग भन्ने गरिन्छ । यस भागले कोशका प्रयोक्तालाई कोशको स्रोत, कोशविधान प्रक्रिया आदिबारे स्पष्ट जानकारी दिने लक्ष्य राखेको हुन्छ । व्युत्पत्ति, अर्थविधान प्रक्रिया, वर्ण–विन्यास प्रक्रिया, शब्दचयन तथा प्रविष्टिअनुक्रम आदिको जानकारीसमेत पाइने भएकाले यसमा आवश्यकताअनुसार उत्तरभागमा रहने परिशिष्ट आदि पनि संयोजन गरी सम्पादन कार्य पूरा गरिन्छ ( भण्डारी, घिमिरे र नेपाल, २०६८ :८६) ।

# अध्याय तिन

## अनुसन्धान विधि

### अनुसन्धान ढाँचा

समस्याको अनुसन्धान गर्न निश्चित विधिको आवश्यकता पर्दछ । अनुसन्धान ढाँचाले अध्ययनका लागि उपयुक्त ढाँचा प्रदान गर्दछ जसको आधारमा अनुसन्धानको लागि निश्चित खाका तयार हुन्छ । यस *कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*का लागि शब्द सङ्ग्रह गर्दा परिमाणात्मक ढाँचा अपनाइएको छ । कक्षा नौको नेपाली किताबबाट यादृच्छिक नमुना छनोट विधिका आधारमा शब्द चयन गरिएको छ ।

### जनसङ्ख्या तथा नमुना छनोट विधि

प्रस्तुत अध्ययनका लागि कक्षा *नौको* नेपाली किताब जनसंख्या हो । जनसंख्या निश्चित भएकाले नमुना पनि कक्षा *नौको* नेपाली किताब नै हो ।

प्रस्तुत अध्ययनका लागि *कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*का लागि शब्द सङ्ग्रह गर्दा परिमाणात्मक ढाँचा कार्यविधि अपनाइएको छ । कक्षा नौको नेपाली किताबबाट यादृच्छिक नमुना छनोट विधिका आधारमा शब्द चयन गरिएको छ । जनसंख्या र नमुना निश्चित भएकाले यस अनुसन्धानमा कक्षा नौ को कविता, कथा, निबन्ध र जीवनी विधामा प्रयुक्त अर्थका दृष्टिले स्तर अनुकूल कठिन पाँच सय शब्दहरु सङ्कलन गरी र सङ्कलित शब्दहरुलाई वर्णानुक्रममा राखीएको छ ।

## तथ्याङ्कका स्रोतहरु

अध्ययनको मुख्य एवम् जटिल पक्षको रुपमा तथ्याङ्क सङ्कलन कार्यलाई लिइन्छ । अध्ययनलाई विश्वसनीय तथा उद्देश्यमूलक बनाउने कार्य तथ्यमा आधारित तथ्याङ्कले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उक्त कुरालाई मनन गरी प्रस्तुत अध्ययनको क्रममा प्राथमिक र द्‍वितीयक स्रोतका तथ्याङ्कको प्रयोग गरिएको छ ।

## प्राथमिक स्रोत

प्रस्तुत अध्ययनको लागि प्राथमिक स्रोतका तथ्याङ्क सङ्कल गर्न व्यक्तिगत कुराकानीलाई प्राथमिकता दिइएको छ । विशेषत शोध निर्देशक शिक्षक, पूर्व शोधार्थीसँगको कुराकानीलाई प्राथमिक स्रोतका रुपमा लिइएको छ ।

## द्‍वितीय स्रोत

अध्ययनका लागि द्‍वितीय स्रोतको रुपमा  कक्षा नौको नेपाली पाठ्यपुस्तक,पारसमणी भण्डारीले   तयार पार्नुभएको शोधपत्र *प्राथमिक तह (कक्षा १–२) का विद्‍यार्थीहरुको अधारभूत नेपाली शब्दभण्डारको निरुपण* (२०६०), प्रेमप्रसाद भट्‍टराईले तयार गर्नुभएको शोधपत्र *प्रारम्भिक नमुना नेपाली शब्दकोश* (२०६७) र चेतनाथ पौडेलले तयार पार्नुभएको शोधपत्र कक्षा छ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश (२०६१), साथै नेपाली भाषामा नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित *नेपाली बृहत् शब्दकोश* (२०४०), वसन्तकुमार शर्म्मा 'नेपाल'को *नेपाली शब्दसागर* (२०७०), वसन्तकुमार शर्म्मा 'नेपाल'को *सानो नेपाली शब्दसागर* (२०६९), नरेन्द्र चापागाईंद्धारा सम्पादित *नेपाली शब्दभण्डार* (२०६२) र हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्‍टराईको सम्पादकत्वमा प्रकाशित *प्रयोगात्मक नेपाली शब्दकोश* (२०५९), आदिको पनि मद्‍दत लिइने छ । त्यसै गरी यसअगि आधारभुत तथा माध्यमिक

तहसम्मका विद्‌यार्थीका लागि प्रकाशित वा अप्रकाशित शब्दकोश वा शोधपत्रहरूको अध्ययन गरी आवश्यक सहयोगसमेत लिइएको छ ।

## तथ्याङ्क सङ्कलनका साधनहरु

क) अभिलेख अध्ययन

प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न अनुसन्धान साधनका रुपमा अभिलेख अध्ययनलाई लिइनेछ । बिभिन्न भाषामा लेखिएका शब्दकोश, शब्दकोश सँग सम्बन्धित लेख, रचना शोध साथै अन्य कृतिहरुको समेत अध्ययन गरी अनुसन्धानलाई अगाडि बढाइएको छ ।

ख) कक्षा नौको नेपाली पाठ्‌पुस्तकको अध्यायन

कक्षा नौको नेपाली पाठ्‌पुस्तकमा रहेका कविता, कथा, निबन्ध र जीवनीको गहिरीएर अध्यायन गरि शब्दकोशको लागि आवश्यक शब्दहरु सङ्कलन गरिएको छ ।

## तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा कक्षा नौको नेपाली पाठ्‌पुस्तकमा रहेका कविता, कथा, निबन्ध र जीवनीको गहिरीएर अध्यायन गरि अर्थका दृष्टिले स्तर अनुकूल कठिन शब्दहरु सङ्कलन गरिएको छ ।

## तथ्याङ्क विशलेषण प्रक्रिया

नौको नेपाली पाठ्‌पुस्तकमा रहेका कविता, कथा, निबन्ध र जीवनीको गहिरीएर अध्यायन गरि अर्थका दृष्टिले स्तर अनुकूल कठिन शब्दहरु टिपोट गरी कोशीय आधारमा तिनीहरुको निम्नानुसार अध्ययन गरिएको छ :

क. वर्णानुक्रममा राखिएको छ ।

ख. अर्थ लेखिएको छ ।

ग. पदवर्ग (नाम, सर्वनाम, विशेषण र क्रिया) छुट्याइएको छ ।

घ. विभिन्न प्रकाशन गृहबाट प्रकाशित पाठ्य पुस्तक, सन्दर्भ पुस्तक, शब्दकोश, पत्र पत्रिकाहरुमा प्रकाशित लेखरचनाहरु प्रकाशित तथा अप्रकाशित शोधपत्रहरु, शोध निर्देशक लगायत विभिन्न विद्वान्, विदुषी तथा सहपाठीहरु प्राप्त
राय, सुझाव, सल्लाह तथा टिकाटिप्पणीहरुलाई उपयोग गरिएको छ ।

ङ. विषयगत समस्या समाधानका लागि सम्बद्ध विषयका विशिष्ट विद्वान र विशेषज्ञहरुसँग पनि आवश्यक परामर्श लिइएको छ ।

# अध्याय चार

# कक्षा नौको  नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोशको प्रस्तुति

## अ

**अकस्मात** – क्रि.वि. [सं.] अचानक, झ्वट्ट, सहसा, संयोगवश, संजोगले, अकारण, अनायास, एक्कासी ।

**अक्कड** – ना.[सं.अकट] हठ, जीद्दी, वृथा घमण्ड, शेखी, अकट ।

**अक्षय कोष** – ना.[सं.] १. जति खर्च गरे पनि नसकिने खजना । २. खर्च नगर्ने भनी अलग्ग राखिएको कोष ।

**अगिल्तिर** – क्रि.वि.(अगिल्लो+तिर] सामुन्नेपट्टि; अगाडिपट्टि; सम्मुख ।

**अचाक्ली** – क्रि.वि.[सं.]अत्यकाली हुनपर्नेभन्दा ज्यादै बढी; मर्यादा नाघेर; अत्यन्तै; चौपट्टै ।

**अजात** – वि.[सं.]पैदा नभएको, नजन्मेको; नउब्जेको; नीच जातको, सानो जातको; जात गएको, जातबाट हट्क ।

**अगेनु** – ना.अगेनुअगेनु, अग्निकुण्ड ।

**अग्रसर** – पुं.[सं.] अगाडी जाने, पहिला हिँड्ने; पहिले शुरु गर्ने, अगाडी सर्ने, अगुवा, मार्गदर्शक; पहिले गर्ने, आरंभकर्ता, मुख्य; रौसिने; प्रगति चाहने ।

**अङ्कुर्** – पुं[सं.]उम्रदैको पहिलो रुप, आँकुरो, टुसो; मुनु; रगतको छिर्का ; रौंको ठेसो; पानीको सानो धारा; वंशको एउटा संतान, एउटा नवशिशु; नयाँ किरण; नयाँ विचार वा कल्पना

**अट्टाहस** – पुं[सं.] ठूलो हाँसो; अत्यन्त आवाजको हाँसो; रिस वा अति रमाइलो लाग्दाको हाँसो; खुल्ला हाँसो ।₹ना.( शिव, महादेव ।

**अतिथि** – ना[सं.] १ कुनै पनि पाहुनु; अभ्यागत । २. समारोह आदिमा विशेष सम्मानका साथ निम्त्याएको व्यक्ति ।

**अथक** – वि.[सं.] १. नथाकेको; नथाक्ने । २. नथाकीकन गरिएको ।

**अनुकूल** – वि.[सं.] १. आ ̆नो इच्छा, रुचि, चाहना वा आवश्यकताअनुरुप; आफूले चिताए वा भनेजस्तो । २. समय तथा वातावरणका दृष्टिले उपयुक्त ।

**अनुदान** – नपं[सं.] विशेष कामको निम्ति धन, वस्तु वा आर्थिक सहयोग, उपहार दिनु; दान गर्नु; चन्दा दिनु सहायता दिनु ।

**अनुभव** – ना.[सं.] इन्द्रिय वा स्नायुहरुका माध्यमबाट उत्पन्न उद्दीपनको फलस्वरुप प्रकट हुने मानसिक अनुक्रिया; अनुभूति; संवेदन ।

**अनुभूति** – स्त्री[सं.] पूरा अनुभव, पूर्ण ज्ञान, मनस्थितिको सीमामा घुसिसकेको, मानसिक अनुभव, परिज्ञान ।

**अनुमति** – ना[सं.] १. कुनै काम कारबाई आदिका लागि पाइने वा दिइने स्वीकृति; आदेश; आज्ञा; हुकुम । २. मन्जुरी; स्वीकृति ।

**अपमान** – वि[सं.] १. अभिमानपूर्वक भनिएको र कसैको इज्जत वा मान–मर्यादालाई चोट पुऱ्याउने । २. कसैको प्रतिष्ठा वा इज्जतलाई कम गराउने कामकाज ।

**अपाङ्ग** – ना[सं.] १. अङ्गभङ्ग भएको; शरीरको कुनै भाग विकृत भएको; हात–गोडा आदि भाँचिएको वा नाक, आँखा, कान आदि विकृत भएको ।

**अभिनन्दन** – पुं.[सं.] चौथो तिर्थकर जैन महात्मा; बुद्ध ।ₑनपुं.( प्रशंसा वा स्तुति गर्नु; विनयपूर्वक प्राथना गर्नु; धन्यवादका साथ कृतकृत्यता व्यक्त गर्नु; स्वागतसत्कार गर्नु; खुशी–हर्ष र आनन्दका साथ रमाइलो मनाउनु ।

**अभियान** – ना[सं.] १. युद्धका लागि गरिने सैनिक यात्रा; सेनाद्वारा गरिने चढाइ; धावा । २. पहाड पर्वतमा चड्ने काम; आरोहण ।

**अभिवृद्धि** – ना[सं.]१. तल्लो तहबाट माथिल्लो तहमा वृद्धि हुने काम । २. थोरैबाट धेरै हुने स्थिति ।

**अमानवीय** – ना[सं.] १. मानिसले गर्न नसक्ने; नहुने वा नसुहाउने । २. दानवीय; आसुरी ।

**अलापविलापल** – ना[सं.] अलाप; बिलौना; विलाप ।

**अल्पजीवी** – वि.[सं.] १.थारै आयु भएको; अल्पायु; थोरै दिनसम्म मात्र बाँच्ने ।

**अवलम्बन** – नपुं[सं.] अड्ने, टिक्ने, समाउने स्थिति वा का, आश्रय, टेवा, मद्दत, धारण गर्नु; स्वीकार गर्नु; छातीमा टाँसिएको कफ ।

**अशान्त** – वि.[सं.]१. शान्त नभएको; चञ्चल; व्यग्र । २. बेचैन; उद्‌विग्न ।

**असम्बद्ध** – वि.[सं.] १. सम्बन्ध नभएको; असम्बन्निधत; नमिलेको; असङ्गत । २. नबाँधिएको; बन्धनमा नपरेको ।

**अस्तित्व** – ना.[सं.] कुनै वस्तुको हुनाको भाव; सत्ता; विद्यमानता ।

**अहङ्कार** – वि.[सं.] १. आफूलाई सर्वेसर्वा सम्झने क्रिया, भाव वा गुण; अभिमान; घमण्ड । २. क्रोध; रिस ।

## आ

**आक्रान्त** – वि[सं.] हमला गरिएको, धावामा परेको, आक्रमित; चारैतिरबाट घेरिएको वा प्रतिबन्धमा परेको; पराजित, वश परेको; बाध्य बनेको, विवश, परवश; ढाकिएको, भरिएको ।

**आघात** – ना[सं.] १. एक्कासि लाग्ने ठक्कर वा धक्का; प्रहार । २. चोटपटक ।

**आधुनिकीकरण** – ना[सं.]पुरानो परम्परा, रीतिरिवाज एवम् सभ्यतालाई नयाँ वा आधुनिक बनाउने काम वा प्रक्रिया ।

## इ

**इन्साफ** – ना. अ. १.सम्बन्धित क्षेत्रबाट गरिने सत्य वा असत्यको टुङ्गा; न्याय; निसाफ; न्याय–निसाफ । २. अदालतबाट वादी–प्रतिवादीको पक्ष वा विपक्षमा दिइने न्याय; निर्णय; फैसला ।

**इस्तिफा** – ना. अ. इस्तअफा ( आफूले गर्दै आएको सेवा वा नोकरी छोड्नका लागि दि्इने निवेदनपत्र; त्यागपत्र; राजीनामा ।

**इस्तिहार** – ना. अ. इस्तिहार सरकारको तर्फबाट सम्बन्धित समुदायला्ई सार्वजनिक रुपमा दिइने सूचना वा आदेश; विज्ञप्ति; जनाउ ।

## ई

**ईश्वर** – ना.[सं.]१. सम्पूर्ण विश्व–ब्रह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएका परम पुरुष वा परमात्माका रुपमा पुजिने सर्वप्रधान सत्ता; भगवान; परमेश्वर । २. अधिपति; स्वामी; मालिक ।

**ईश्वरीय** – वि. ईश्वरसँग सम्बन्धित; ईश्वरको ।

## उ

**उक्ति** – ना.[सं.]१. भनाइ;  कथन । खास महत्त्वको वाक्य; सारगर्भित भनाइ ।

**उच्चारित** – वि.[सं.] वोलिएको; उच्चारण गरिएको; उच्चरित ।

**उत्कृष्ट** – वि.[सं.]१. सबैभन्दा राम्रो; उम्दा; असल;श्रेष्ठ; उत्तमल । २. माथि उठेको; चढेको ।

**उत्थान** – ना.[सं.] १. कुनै निम्न स्थितिबाट उन्नत वा उच्च स्तरमा पुग्ने अवस्था वा भाव; समृद्ध स्थिति; उन्नति; अभिवृद्धि । २. कामको प्रारम्भ वा थाल्नी; उठान । ३. उठ्ने वा उभिने काम ।

**उत्प्रेरणा** – ना.[सं.] १. मनमा उठेको प्रेरणा; भित्री प्रेरणा । २. शैक्षिक कार्यकलापमा विद्यार्थीको उत्सुकता सृजना गरी त्यसलाई उद्देश्यपूर्तिका लागि अखण्डित बनाइरहने प्रक्रिया; अभिप्रेरणा ।

**उत्सर्जित** – ना.[सं.] त्यागिएको; उत्सर्जन गरिएको ।

**उल्लङ्घन** – ना.[सं.] १. नाघ्ने वा फड्कने क्रिया । २. मर्यादाको त्याग; नियमको अवहेलना ।

**उल्लास** – ना.[सं.] १.आनन्द; हर्ष; खुसी । २. प्रकाश; चमक । ३. ग्रन्थको विभाग ; अध्यायन । ४. एउटाको गुण वा दोष अर्कामा गुणदोष हुन जाने एक काव्यालङ्कार ।

**ऊर्जा** – ना.[सं.] १. बल; शक्ति । २. भोजन । ३. सास;श्वास । ४. उत्साह ।

## ए

**एकट्ठा** – वि. प्रा. एक्कट्ठ. १. एक ठाउँमा जम्मा भएको; एकत्र (भेला) ।

**एकता** – ना.[सं.] १. एक हुनको भाव वा अवस्था । २. विचार, उद्देश्य आदिमा सबै परस्पर मिलेर बस्ने काम; ऐक्य । ३. समानता; बराबरी ।

**एकसदनात्मक** – वि.[सं.] एउटा मात्र सदन भएको (व्यवस्थापिका वा विधायिनी सभा) ।

**एकाङ्की** – ना.[सं.] एक अङ्क मात्र भएको वा हुने, आफैँमा पूर्ण, छोटो नाटक; एक अङ्क मात्र हुने एक प्रकारको दृश्यकाव्य ।

**एकाधिकार** – ना.[सं.] कुनै उद्योग–व्यापार, खरिद–बिक्री, काम–कुरो आदिमा एउटा व्यक्तिको मात्र आधिपत्य हुने वा भएको स्थिति; कुनै काम, वस्तु वा व्यापारमा एउटै व्यक्तिको मात्र पूर्ण अधिकार; एकलौटी अधिकार; एकाधिपत्य ।

**एकान्त** – वि.[सं.] १. कोही नभएको; मानिस हत्तपत्त नपुग्ने (ठाउँ); सुनसान; एकलास । ना. २. कोही नभएको स्थल; निर्जन स्थल ।

**एकुन्द्रो** – वि. [सं.] १.एक दिन विराएर आउने (ज्वरो) । एक दिन बिराएर हुने वा गरिने (काम) ।

## ऐ

**ऐँसेलु** – ना.[सं.] पातला काँडा र बाक्लो भुस हुने पोथ्रामा फल्ने, काफलका जत्रा दाना हुने र चैत–वैशाखतिर पहेँलो भएर पाक्ने, गुलियो स्वादको नरम फल ।

**ऐँचोपैँचो** – ना.[ऐँच+ओ +पैँच+ओ]१. खाँचो भएको अन्नपात वा अन्य वस्तु पैँचो दिने र पैँचो लिने काम । २. रुपैयाँ–पैसा आदि सापट दिने र लिने काम; सरसापटी । ३. दोहोरो व्यवहार वा लेनदेन ।

**ऐयास** – वि.[अ.] खुब ऐस आराम गर्ने; विषय–सुखको खूब आनन्द लिने; भोग–विलासमा खूब रम्ने; ऐयासी गर्ने ।

## ओ

**ओझेल** – ना.[सं अवजाल] १. केही वस्तुले प्रकाश छेक्नले बनेको छाया; घाम छेकिएको ठाउँ; सियाँल । २. छहारी ।

**ओतप्रोत** – वि.[सं.] १.अर्को वस्तु वा कुरासँग छुट्याउन नसकिने गरी मुछिएको; एक–अर्कासँग राम्रोसित मिसिएको । २. यन्त्र वा हातद्वारा बुनिएको; एक–अर्कासँग गाँसिएको । ३. सबैतिर फिँजिएको; चारैतिर व्याप्त भएको; विस्तृत ।

**ओसार** – ना.[स.अपसरण ] एक ठाउँबाट अर्को ठाउँमा कुनै वस्तु सार्ने क्रिया वा काम; मालसामानको खेप गर्ने क्रिया वा काम ; ओसारो ।

**ओसिलो** – वि.[ओस+इलो] ओस वा सर्दी लाग्ने किसिमको; ओस भएको; अलि–अलि चिसो; चिसमिरो; सेपिलो ।

**ओहदा** – ना.[अ.] कुनै सरकारी वा गैरसरकारी कार्यालय, संस्था आदिका कर्मचारी वा पदाधिकारीको दर्जा; पद ।

**औली** – ना.[था] धान काटिसकेपछि थारुहरुद्वारा मनाइने एक उत्सव ।

**औषधोपचार** – ना.[सं.] औषधी सेवन गरिने उपचार ।

**औसत** – ना.[सं.] १. सालाखाला; सरदर । २. बीचको; साधारण ।

## क

**कङ्गाल** – वि. [सं.कङ्काल] धन–सम्पत्ति केही नभएको; गरिब; निर्धन;दरिद्र ।

**कटुस** – ना . खस्रु, फलाट आदि जस्ता पात र गेडा फल्ने, सारो काठ हुने रुखविशेष वा त्यसको फल ।

**कण्ठ** – ना .[सं.] १. खकाल्नु र मेरुदण्डको सिरानदेखी लिएर चिउँडो र खोप्रेबूढीसम्मको शारीरिक अवयव; घिच्रो; गर्धन, गलो वा घाँटी । २. मुखाग्र; कण्ठस्थ ।

**कनसुत्ले** – वि. [कनसुत्लो् ए] १. गोप्य किसिमले अर्काको कुरा सुन्ने स्वभावको ( व्यक्ति) । २. परोक्षमा अर्काको कुरा कसैलाई सुनाउने स्वभावको ।

**कनीकुथी** – क्रि. वि. [कनीृकथ्ृ ई] सकी–नसकी; बल्लतल्ल; कठिन किसिमले ।

**कल** – ना .[सं.] १. मानसिक सन्तुष्टि; आन्तरिक शान्ति । २. मन; इच्छा । वि. ३. अर्थ नबुझिए पनि सुनिरहूँ जस्तो मिठो र सुरिलो कोमलध्वनि ।

**कलकण्ठ** – वि .[सं.] १. मिठो स्वरभएको, सुरिलो स्वरको । २. काइली; कोकिल । ३ हाँस । ४ परेवा ।

**कलङ्क** – ना .[सं.] १. कुनै वस्तुमा नसुहाउने किसिमले रहेको दाग वा टाटो । २. कुनै नराम्रो कामबाट लाग्ने दोष; कसुर । ३. दुष्कीर्ति; लाल्छना; अपवाद; अपजस ।

**कल्याण** – ना .[सं.] १. सबै किसिमले हुने भले तथा बढिबढाउ; असल; भलाइ; हित । २. शुभ कर्म । ३. सङ्गीतमा रातको पहिलो पहरमा गाइने एक प्रसिद्ध राग ।

**कुशासन** – ना .[सं.]  १. पुजापाठ तथा शुभकार्यहरु गर्दा बस्नका निम्ति बनाइएको कुशको आसन । २. खराब किसिमले चलाइएको वा देशमा अव्यवस्था फैलिने शासन; दुःशासन ।

**कुसङ्गत** – ना .[सं.] नराम्रो सङ्त; नजाती मानिससितको बसाउठी ।

**कोकिल** – ना .[सं.] १. कोइली २. कागजस्तै तर चिल्लो कालो रङको, पुच्छर अलि लामो हुने, वसन्त ऋतुमा ‰याम्म परेको रुखको हाँगामा बसेर सुरिलो स्वरले ‘कुहु–कुहु’  वा ....को हो ? को हो ?’ भन्दै कराउने पसिद्ध चरो । ३. कोइलीको जस्तौ स्वर भएकी प्रेमिकालाई प्रेमीले बोलाउँदा भन्ने शब्द; मयालु ।

**क्रन्दन** – ना .[सं.]  १.दुःखपूर्ण चिच्च्याहट; विलाप; रुवाइ । २. युद्धका निम्ति गरिएको आह्वान; हाँक ।

**क्षीण** – वि .[सं.] १. खिएको, घट्दैगएको वा अवस्था विग्रेको । २. दुब्लो; पातलो; निर्धो ।

**क्षेभ** – ना .[सं.] १. कुनै आपत्तिजनक कुरो वा व्यवहार देखेर कसैप्रति मनमा उठ्ने व्याकुलतासहितको रिस वा क्रोध । २. मनको हलचल; खलबली; असन्तोष । ३. डर; भय; कँपकँपाइ ।

## ख

**खटपट** – ना . १. परस्परमा मन नमिलेर हुने ठामठुक वा बभ्कौटो । २. मनोमालिन्य; वैमनस्य ।

**खर्चालु** – वि . [खर्च्  आलु]  आवश्यकता भन्दा बढी रुपियाँ–पैसा आदि खर्च गर्ने; धेरै खर्च गर्ने बानी भएको; खर्ची ।

**खुसुक्क** – क्रि.वि. [अ.मू.खुसुक् क] १. अरुले चाल नपाउने गरी; सुटुक्क । २. अरुलाई थाहा नदिई वा अरुले थाहा नपाउने गरी; खुरुक्क; लुसुक्क । ३. थाहा नपाउने गरी ।

**खोकि–नु** – अ.क्रि . [खोक्रो् इ नु] १. भित्री गुदी वा सा नभएको हुनु; खोक्रो हुनु । २. खाली हुनु; रित्तो हुनु; रित्तिनु । शक्ति वा सम्पत्ति नभएको हुनु ।

**ख्वाल्ल** – क्रि.वि. [अ.मू. ख्वाल् ल] एकै बाजि खनिएर; नरोकिईकन; ह्वाल्ल ।

**ग**

**गाँज्–नु** –स.क्रि. [गाँज्+नु ] १. छोप्नु; आफ्नो कब्जामा पार्नु । २. झम्टेर टिप्नु; च्याप्प पारेर अँठ्याउनु । ३.प्रभावमा पार्नु ।

**गुणस्तर** – ना .[सं.] कुनै वस्तु वा पदार्थमा रहेको गुणको मात्रा; त्यस्तो गुणको मूल्याङ्कन गरी निर्धारण गरिने स्तर ।

**गुरुता** – ना .[सं.] १. गुरु हुनाको भाव वा स्थिति; गुरु कहलाउन मद्दत मिल्ने गुण । २. गुरुको पद वा अधिकार; गुरुत्व । ३. बोझ; भार ।

**गौरा** – ना .[सं.] १. पार्वती; गौरी । २. गोरो रङ भएकी स्त्री । ३. सङ्गीतमा एक प्रकारको रागिनी । ४. भदौ महिनामा कृष्णाष्टमीका अघिल्लो दिनदेखि खास गरी दार्चुला डँडेल्धुरा जिल्लातिर बाहु, क्षेत्री र ठकुरीहरुद्वारा छ–सात दिनसम्म मनाइने प्रसिद्ध चाड ।

## घ

**घँगरु** – ना .[सं.] १. ससाना पात र पहेँलो केशर हुने, सेता र साना फूल फुल्ने,गोला वा बाटुला फल फल्ने अनि ठूलाठूला काँडा हुने एक बोट वा त्यसैको फल ।

**घटना** – ना .[सं.] १. अकस्मात भएको कुनै पनि कुरो वा कारबाई; काण्ड; पर्व । २. मारपिट; वारदात ।

**घनक्क** – क्रि.वि.[अं मू.घनक्‌क] एकै चोटि घन्कने गरी; रन्को फर्कने गरी बाजा आदि एकै साथ बज्ने चालमा ।

**घन्क–नु** – अ.क्रि.[घनक्क्नु ] १. धेरै जनाले एकै साथ बोल्दा, पाठ गर्दा वा लोली मिलाउँदा ठूलो आवाज आउनु; धेरै बाजा एकैचोटि बज्दा ठूलो स्वर निस्कनु । २. रन्को छुट्नु; प्रतिध्वनि निस्कनु ।

**घनिष्ठ** – वि .[सं.] १. ज्यादै नजिकको; निकटको । २. खूब घना; बाक्लो ।

**घातक** – वि .[सं.] १. घात गर्ने; मार हान्ने; प्रहार गर्ने । २. वध गर्ने; हत्यारो । ३. बिगार गर्ने; हानिकारक ।

**घोषणा** – ना .[सं.] १. कुनै कुरो ठूलो स्वरले सुनाउने काम; केही कुराका बारेमा निश्चय–साथको भनाइ । २. राष्ट्रप्रमुखबाट देशवासीका नाममा भएको आज्ञा; हुकुम ।

## च

**चटनी** – ना . [चाट्+अनी] खानका साथ चाटिने अमिलो, पिरो वा तीखो स्वाद भएको खाद्य वस्तु; अचार; सितन; चास्सचुस्स; साँधनी ।

**चड्कन** – ना . [चड्क+अन]  हत्केला वा लबटाले गालामा हिर्काउने कार्य; चट्कन; थप्पड ।

**चिम्टा** – ना . [चेप्+टा]  धातुका दुई पाताला लामा टुक्रालाई चलाउन हुने गरी एक छेउमा जोडेर बनाएको, आगो वा कुनै चीज झिक्ने, निकाल्ने वा टिप्ने दुईचोसे साधन ।

**चिन्ता** – ना.[सं.]  १. पीर; सुर्ता; फिक्री; परवाह; ध्याउन्ना । २. चिन्तन; विचार । ३. धामीले रोग वा दोष छुङ्ग्याउन ढ्याङ्ग्रो ठटाएर गर्ने क्रियाकलाप; धमेली । ४. साहित्यशास्त्रका अनुसार एक सञ्चरी भाव ।

**चेतना** – ना.[सं.]  १.प्राणीमा रहने भित्री ज्ञान; चैतन्य; चेतन । २. सत्–असत् छुङ्ग्याउन सक्ने बुद्धि; विवेक । ३. कुनै विषयका सम्बन्धमा रहने पूर्वज्ञान; होस् । ४. जीवनशक्ति ।

**चौबाटो** – ना[चार+बाटो]  चारवटा बाटाहरु मिलेको ठाउँ; चारैतिर जाने बाटा भएको खुला ठाउँ ।

## छ

**छाउपडी** – ना. [सं.शापृपडी]  १.आइमाईको मासिक धर्म हुने काम; नछुने हुने काम; परसराइ; रजस्वला; छाउ । २. नछुने भएकी वा परसरेकी आइमाई ।

**छुट्टी** – ना. [छुट+ई]  दैनिक काम वा पेशामा रहनु नपर्ने वैतनिक वा वैधिक दिन, अवकाश्र बिदा; मुक्ति, छुट्कारा; बरबादी, नाश ।

**छुवाछुत** – ना. [छुवा+छूत]  छुनु नछुनुको बारना, छातछूत, छूतछात ।

## ज

**जगत्** – ना.[सं.] संसार,विश्व; बाह्र अक्षरे वैदिक छन्द; बोटबिरुवामा पानी हाल्ने टुटीवाल भाँडो, झर्ना ।

**जर्जर** – वि.[सं.] थोत्रिएको, पुरानो; बूढो; जीर्णशीर्ण, टुटेफुटेको ।

**जागरुक** – वि.[सं.] १. उद्‌बुद्ध; जाग्रत; सचेत । २. जागा रहेको; ब्यूँझेको । ३. होसियार; सतर्क ।

**जागिर** – ना. [फा. जागीर] १.सरकारी वा गैरसरकारी सङ्घ, संस्था, कार्यलयमा काम गर्ने पेसा; नोकरी; सेवा । २. त्यसरी काम गरेबापत निश्चित अवधिमा पाउने गरी तोकिएको रकम; तनखा; वेतन; महिनवारी ।

**जिम्मेवार** – वि. [अ.] जिम्मा लिने; अभिभारा लिने; उत्तरदायित्व वहन गर्ने; उत्तरदायी ।

**जीविका** – ना.[सं.] १. जीवनवृत्ति; जीउपालो । २. पेसा; व्यवसाय ।

## झ

**झटारो** – ना. [झट्टी+आरो] हुत्तिएर लाग्न पुग्ने वा बज्रने अस्त्र, झट्का पर्ने अस्त्र, झट्टी; मन नपरी–नपरी दिइएको निम्तो वा सम्झौटो; छेडपेच, घोचपेच ।

**झरिलो** – वि. [झर्र+इलो] १.झरझराउँदो; चहकिलो; चमकदार । २. नओइलाएको; आलो ।

**झ्याउरे** – वि. [झ्यामरे]  १. विभिन्न लय र मात्राका नेपाली लोकगीत; झ्यामरे । २. पाँचौं, दसौं र सोहौं अक्षरमा विश्राम हुने एक नेपाली लोकलय वा सोही लय भएको गीत ।

## ट

**टनाटन** – क्रि.वि. [अ.मू.टन+आ+टन]  १. भाँडोमा कुनै वस्तु खाँदिएर चुलिने गरी; अटाई–नअटाई; टमाटम; भरिभराउ ।

**टालटुल** – ना. [टाल्+अ+(द्वि)]  १. टुटेफुटेका भाँडामा रसायन हालेर र फाटेका कपडामा टालो हालेर मर्मत गर्ने काम । २. घर–पर्खाल आदिको दुलो, धाँजो आदिमा मर्मत गर्ने काम; जीर्णोद्धार; स्थित्युद्धार । ३. आलटाल गर्ने व्यवहार; अल्याङमल्याङ ।

**टिप्पणी** – ना.[सं.]  १.कठोर र भित्री अर्थको व्याख्या टीका; विशेष

कुरा संझौटोको रुपमा लेखिने सानो लेख ; कुनै विषय वा व्यक्तिका बारेमा प्रकट गरिने विचार वा समालोचना । २. जल्दोबल्दो घटनाबारेको सम्पादकको विचार समीक्षा सानोचिना, टिप्पन; विषयको ज्ञापन, कुनै कार्यबारेको प्रतिक्रिया ।

**टुलुटुलु** – क्रि. वि. [अ.मू.टुल्+अ+(द्वि) ] एकटक लगाएर हेर्ने किसिमले; एकोहोरो कसैको मुख हेरिरहेर ।

**टुहुरो** – वि.[सं.]  आमा–बाबु मरेको, संरक्षक नभएको, अनाथ, असहाय, बिचरो ।

**टोपी** – ना. [प्रा.]  शिर छोप्न वा शोभा बढाउन वा बचाउन गर्न चाउलो र घेरा मिलाई सिइएको पहिरने कपडा, शिरपोश ।

## ठ

**ठगाहार** – वि. [ठग+आहार]  ठगेर खान पल्केको; ठगी गरेर पेट पाल्ने; ठग ।

**ठेउला** – ना. [ठेट+ला]  ज्वरो आउने , छाला चिलाउने र पानी भरिएको ठूलठूला फोका उठ्ने एक प्रकारको सङ्क्रामक रोग; बिफरको एक भेद ।

**ठेगान** – ना.[सं.]  घर–डेरा गरी बसेको कुनै निश्चित स्थान, थातथलो, ठेगाना; कामकुरोको टुंगो वा स्थिति हुने काम, निधो, थान्को; कुनै काम–कुराको प्रबन्ध, बन्दोवस्त ।

ड

**डर** – ना.[सं.] कुनै भयङ्कर वस्तु देखेर वा खराबीको आशङ्काले मनमा उत्पन्न हुने भाव; भय; त्रास ।

**डाक्टर** – ना. [अङ्.] १. आधुनिक र वैज्ञानिक पद्धतिअनुसार रोगको परीक्षण तथा उपचार गर्ने चिकित्सक । २. विश्वविद्यालयद्वारा कुनै विशिष्ट विद्वान्लाई सम्मानार्थ वा अनुसन्धाताले नियमानुसार पूर्ण गरेको कुनै अनुसन्धानात्मक गहन कृतिका निमित्त दिइने उच्च उपाधि ।

**डुब्नु** – अ.क्रि. [सं.] १. टाउकोसम्म छोपिने गरी कुनै प्राणी पानीमा पस्नु वा कीरा–फटेङ्ग्रा तरल पदार्थभित्र पर्नु; बुड्नु । २. कुनै काम–कुरोमा गडेर विचार गर्नु वा तल्लीन हुनु । ३. धन–सम्पत्ति आदि पूरापूरा नस्ट हुनु; अन्तिम अवस्थामा पुग्नु ।

**डेरा** – ना. [प्रा. डायाल] १.थोरै वा केही दिनका निम्ति बसिने, अर्काको घर; अस्थायी वासस्थान । २. भाडाको घर वा कोठो ।

**डोब** – ना. [सं.डिम्] १. सिलाइ, खोपाइ आदिको चिह्न । २. हलो, बन्चरो आदि हतियारबाट लागेको चोट; डाम; खत । ३. कामको अन्दाजका निम्ति पहिले लगाइने चिनु ।

## ढ

**ढल्नु** – अ.क्रि. [प्रा. ढल्+नु] १. ठाडो भएको वस्तु केही ढल्नु वा निहुरनु । २. कसैसँग कुनै काम–कुरामा भुक्नु; नहुनु । ३. अरुसित आसक्त हुनु; लहसिनु; पक्ष लिनु । ४. कुनै कारणले टेढिनु । ५. समय बित्नु; गुज्रनु ।

**ढाँचा** – ना.[सं.] कुनै वस्तु वा बनोटको नमुना, किसिम वा प्रकार ।

**ढुकुटी** – ना.[नेवा. धुकुति] १. सुरक्षा हुने गरी रुपियाँ–पैसा, सुन–चाँदी आदि नगद वस्तु राख्ने वा थन्क्याउने कोठो; भँडार; तहबिल । २. कठवार वा टिन आदि ठोकेर बनाएको अनाज राखिने खण्ड वा कोठो; धनसार ।

**ढुकुर** – ना.[आ.मू.] 'ढुकुरकुर' गरेर कुर्लने परेवाभन्दा सेख सानो एक जातको पसिद्ध चरो ।

**ढुङ्गा** – ना. [सं.ध्वान] माटो शताब्दियौसम्म जमी–जमी साह्रै कठोर रुपमा परिणत भैसकेको साररहित ढिक्को, पत्थर, पाषण; शिला, चट्टान, ढुंगो; साँध, सिमाना ।

## त

**तत्काल** – क्रि.वि.[सं.] त्यसै बेला; त्यही समयमा; उत्निखेर; तुरुन्त; लगतै ।

**तत्व** – ना.[सं.] १. कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने मूल कारण । २. जगत् र सृष्टिका मूल कारण मानिने पञ्च–महाभूत । ३. वास्तविक स्थिति वा यथार्थ कुरा ।

४. महत्वपूर्ण अंश; सार वस्तु; सारांश । ५. आधुनिक रसायनशास्त्रका अनुसार अर्को पदार्थसँग बिलकुलै अमिश्रित वा विशुद्ध कुनै पदार्थ । ६. परमात्मा; परब्रह्म ।

**तयारी** – ना. [तयार+ई] कुनै काम थाल्नुभन्दा पहिले आवश्यक सरसामान जुटाउने काम; कुनै कार्यको उपाय वा तरिका मिलाउने काम; तयार हुन चाहिने वा प्रयोगका निम्ति आवश्यक पर्ने सबै वस्तुको जोरजाम ।

**तरखर** – ना. [सं.तत्पर] १. कुनै कामको थाल्नी; कार्यारम्भ । २. काम गर्ने चेस्टा; तत्परता ।

**तस्कर** – ना.[सं.] अवैध किसिमका तथा मूल्यवान् वस्तुहरुको चोरी–निकासी गर्ने चोर ।

**ताल** – ना. [सं.तल्ल] पानी प्रशस्त जमेको ठाउँ; ठूलो प्राकृतिक पोखरी; दह ।

**तिरस्कार** – ना.[सं.] कसैलाई मन नपराई गरिने हेला वा बेवास्ता; अनादर; अपमान; उपेक्षा ।

**तिर्खा** – ना. [सं.तृषा] १.पानी आदि खाने इच्छा; प्यास; पिपासा । २. आफूलाई मन परेको वस्तु पाउने तीव्र इच्छा; तृष्णा; तिर्सना ।

**त्रुटि** – ना. [सं.] १. भूल; गल्ती; चूक । २. कमी ।

**त्रैमासिक** – वि. [सं.] तीनमहिने; तीन महिनाको; प्रत्येक तीन–तीन महिनामा आउने वा हुने ।

## थ

**थर** – ना. [सं.स्थल] १. मूल कुल–परम्पराबाट सन्तान–दरसन्तान हुँदै आएको उपनाम; वंशानुगत उपपद । २. प्रकार; किसिम । ३. कुनै थरीका मातहतको आबादी ।

**थाल्नु** – स.क्रि. [सं. ] प्रारम्भ गर्नु; सुरु गर्नु; उठान गर्नु;श्रीगणेश गर्नु ।

**थिचो** – ना. [थिच्+ओ ] १. दबाब; ऐँठ; थिचान । २. शोषण । ३. अत्यचार; मिचो । ४. अरुमाथि जबरजस्ती गरिने नैतिक, आर्थिक आदि दबाउ; शोषण; अन्याय; दमनकारी कार्य ।

**थोत्रो** – वि. [सं.त्रुट्ट] १.जीर्ण; झुत्रो; पुरानो; फाटेको; भत्किएको । २. रद्दी; बेकम्मा ।

## द

**दर्शन** – ना. [सं.] १. कुनै वस्तुलाई हेर्ने काम; नजरगराइ; हेराइ । २. कुनै देवदेवीका प्रतिमा आदि वा योगी महात्मा, सज्जन आदि आ ना मान्य जनलाई भक्तिपूर्वक गरिने ढोग र साक्षात्कार; नमस्कार । ३. प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु जीवन र चतनाबारेको विवेचन र विश्लेषण गरिने विद्या; तत्सम्बन्धी विषयमा व्यापक रुपले यथार्थ परिचय दिने शास्त्र; आध्यात्मिक तथा भौतिक वस्तुको चिन्तन वा विश्लेषण ।

**दायित्व** – ना. [सं.] १. कुनै काम–कुरामा दयी वा जवाफदेही हुनाको भाव वा अवस्था; जिम्मेदारी; उत्तरदायित्व ।

**दास** – ना. [सं.]१. पहिले–पहिले मालिकका किनबेचका आधारमा आजीवन पराश्रयी भएर काममा जोतिने नोकर; कमारो । २. सेवक; नोकर ।

**दियो** – ना. [सं.दीप] १.तिल, तोरी आदिको तेल वा घिउ हाली धागोको सलेदोमा बत्ती बाल्ने, माटो वा धातुबाट बनाइएको कचौरीका आकारको सानो भाँडो; दीपदानी । २. बत्ती ।

**दुरवचन** – ना. [सं.] १. मनमा च्वास्स बि%‰ने बोली वा वचन; कटुवचन । २. सराप; गाली ।

**दुर्व्यवहार** – ना. [सं.]१. खराब चालचलन; अनुचित तथा अभद्र व्यवहार । २. नराम्रो कुराकानी ।

**दुष्कर्म** – ना. [सं.]१. खराब वा निन्दनीय काम; कुत्सित कर्म; कुकर्म । २. अपराध; पाप ।

**देउकी** – ना. [सं. देवकी] १. आजन्म देवताको चेलीका रुपमा समर्पित भएकी नारी; पश्चिम नेपालका डोटी, बैतडीतिरको प्रचलनअनुसार देउचली रुपमा आजीवन अविवाहित रहने नारी ।

**देउडा** – ना. [सं.देवडा] १. पश्चिम नेपालको लोकगीतमा चल्ने गीतको एक ताल; देउरा । २. सङ्गीतको प्रकारको ताल; सङ्गीतको ताल भेद ।

**दोस्ती** – ना. [फा.] १. मित्रता; सख्यभाव । २. साथी; सँगाती; मीत ।

## ध

**धर्म** – ना. [सं.] १. व्यक्ति वा वस्तुमा सधैँ रहिरहने गुण वा मूल वृत्ति; प्रकृति; स्वभाव । २. स्वाभाविक गुण; सहज वृत्ति । ३. स्वर्ग प्राप्त गर्न सकिने

लोकविश्वास भएको पुण्य कार्य; पुण्य कर्म । ४. कुनै महापुरुषले चलाएको मत; सम्प्रदाय ।

**धुन** – ना. [सं.]१. गाउँदाखेरिको लय वा स्वरक्रमको रीति; गानाको विशेष स्वरकम्पन । २. नदी–नाला, छाँगा–छहरा आदिबाट निरन्तर रुपमा निस्कने ध्वनि । ३. कुनै कार्यसिद्धिका निम्तिको यथासाध्य प्रयत्न; लगन; मनको तरंग, सुर, ताना, लहड; कुनै विषयप्रतिको सोच, चिन्ता, फिक्री ।

**धैर्य** – ना. [सं.]१. सङ्कट वा कठिनाइका समयमा पनि विचलित नभई शान्त रहने मानसिक शक्ति, गुण वा स्थिरता; धीरता । २. उत्ताउलो वा आतुर नहुने स्वभाव; उद्वेगरहित चित्तवृत्ति । ३. खामोस । ४. शान्ति ।

**धोको** – ना. [धोक्+ओ] १. कुनै विषयवस्तुप्रति मनमा उठ्ने प्रबल इच्छा; चाह; अभिलाषा । धीत ।

**न**

**नगर्ची** – ना. [नगरा+ची] १. नगरा बजाउने व्यक्ति । २. दमाईलाई मानपूर्वक सम्बोधन गर्दा प्रयोग गरिने शब्द ।

**नङ्गा** – वि. [सं.नग्न] १. लुगाफाटो केही नलगाएको; निर्वस्त्र; नाङ्गो । २. धनजन केही नभएको; एक्लो । ३. लुच्चो; निर्लज्ज ।

**नजरबन्द** – ना. [नजर्+बन्द] १. कुनै निश्चित ठाउँबाट बाहिर निस्कन नपाउने गरी नियन्त्रणमा राखिएको (व्यक्ति) । २. स्वतन्त्र छोडिदिएमा देशको शान्ति–सुरक्षामा खलल पर्ने आशङ्काले घरमै वा अन्यत्र कुनै ठाउँमा राखिएको वा थुनिएको (व्यक्ति) । ३. इन्द्रजाल वा सम्मोहन विद्याद्वारा दर्शकको हेर्ने शक्तिलाई वशमा पारिएको ।

**नवीनतम** – वि. [सं.] भर्खरैको; हालसालैको; नयाँ; नौलो; नूतन ।

**नासो** – वि. [सं.न्यास] चाहिएका बेलामा फिर्ता लिने गरी कसैलाई विश्वासपूर्वक राख्न दिइएको वस्तु; धरौटी; धरोट ।

**निकृष्ट** – वि. [सं.] १. सामान्य स्थितिभन्दा ज्यादै तल गिरेको; एकदमै तल्लो तहको । २. नीच प्रवृत्तिको; नीच; अधम; तुच्छ; हीनता ।

**नित्य** – क्रि.वि. [सं.] १. कहिल्यै नबिराईकन; अटुट रुपमा; लगातार; सधैं; निरन्तर; अनवरत; दिनदिनै; प्रतिदिन । २. कहिल्यै नाश नहुने; सधैँ रहिरहने; अविनाशी ।

**निदान** – ना. [सं.] १. मूल कारण, आदिम कारण, खास कारण । २. रोगीको खास रोग खुट्याउने काम, रोगको पहिचान; अन्तिम निष्कर्ष, निचोड, निधो; आखिर; पवित्रता , शुद्धि, बाछापाडा बाँध्ने डोरी वा दाम्लो, बागडोर ।

**निर्दयी** – वि. [सं. दया नभएको

**निर्भीक** – वि. [सं.]१. भय नभएको; नडराउने; निडर । २. सशक्त; सक्षम; सक्रिय ।

**निर्वाह** – ना. [सं.]१. गाँस, बास, कपासको न्यूनतम आवश्यकताको जसोतसो पूर्ति हुँदै गएको अवस्था; तडकभडक नगरीकन सामान्य रुपले चलेको जीविका । २. कामचलाउ स्थिति; गुजारा । ३. पालनपोषण; आश्रय ।

**निवारण** – ना. [सं.]१. कुनै काम गर्नुबाट रोक्ने काम; पन्छाउने काम; अपसारण । २. रोक; रोकावट; छेको ।

**निवृत्त** – ना [सं.] १. कुनै काम–कुरा, विषयवासना, नोकरी आदिबाट हटेको; छाडेको । २. फिर्ता भएको; फर्केको; फिरेको । ३. गर्नुपर्ने काम सकिएको; समाप्त । ४. अवकाश पाएको; नोकरीको अवधि पूरा भएको ।

**निष्कपट** – वि. [सं.] १. अरुलाई धोका नदिने; छलकपट नभएको; छलछाम गर्न नजान्ने । २. सोझो साधारण प्रकृतिको ।

**निष्ठ** – वि. [सं.] १. रहेको; काममा लागेको; कर्तव्यमा संलग्न । २. कुनै काममा आस्था वा श्रद्धा राख्ने; निष्ठावान् । ३. ठहऱ्याइएको; प्रमाणित ।

**नैतिक** – वि. [सं.] राम्रो आचरणसम्बन्धी; नीतिसँग सम्बन्धित; नीतिको; नीतिसम्बन्धी ।

## प

**पक्षघात** – ना. [सं.] शरीरको दायाँ वा बायाँ अङ्ग चेतनहीन हुने एक किसिमको वातरोग; वायुविकार वा रक्तचापको कारणबाट शरीरको दायाँ वा बायाँ भाग निश्चेष्ट हुने क्रिया; पक्षवात ।

**पटुका** – ना. [सं.] कम्मरमा बाँध्ने लामो खालको कपडा; कम्मरबन्दी ।

**पदच्युत** – वि. [सं.] आफ्नो पदबाट हटाइएको; नोकरीबाट हटाइएको ।

**परनिर्भरता** – वि. [सं.] अरुको भर पर्नुपर्ने अवस्था; अर्काका आश्रयमा रहेको ।

**पराग** – ना. [सं.] १. फूलभित्र हुने सुगन्धी धूलो; पुष्पराज । २. नुहाउनुभन्दा पहिला घसिने सुगन्धी चूर्ण; बुकुवा । ३. चन्दन; सुगन्धी लेपन ।

**पराग–सेचन** – ना. [सं.] पूर्ण विकसित पराग एकअर्कामा सङ्क्रमण हुने र बीजाधान हुने प्रक्रिया ।

**परामर्श** – ना. [सं.] १. कुनै विषयमा छलफल गर्ने तथा त्यसबाट खँदिलो निष्कर्ष निकाल्ने काम; सरसल्लाह; मन्त्रणा । २. कुनै अत्यावश्यक वा आकस्मिक विषयमा गरिने विचार वा विवेचना ।

**परिवेश** – ना. [सं.] सुर्यको घेरा, सूर्यमण्डल; चन्द्रको घेरा, चन्द्रमण्डल; घेरो, चक्का; सभा, परिषद्; सीमा, परिधि; पोशाक, भेष, फेसन; चौतर्फबाट बेरिएको वा घेरिएको चीज, परिवेष ।

**परीक्षण** – ना. [सं.] जाँच लिने काम;  जाँच गर्ने वा मूल्याङ्कन गर्ने काम; पारख गर्ने काम ।

**परोक्ष** – ना. [सं.] १. तपस्वी व्यक्ति, तापस; अनुपस्थिति, नहुँदाको स्थिति; अभाव । २. आँखा सामुन्ने नभएको; अप्रत्क्ष । ३. साझो ढङ्गले नभनी घुमाउरो पाराले भनिएको ।

**पर्यटन** – ना. [सं.] अनेकौँ ऐतिहासिक, दर्शनीय र महत्वपूर्ण स्थानहरु हेर्न वा मन बहलाउनका निम्ति देश–विदेशमा गरिने भ्रमण वा यात्रा ।

**पवित्र** – वि. [सं.]१. फोहोरमैला नभएको; निर्मल; स्वच्छ; चोखो । २. शुद्ध; पुनीत ।

**पाछा** – ना. [सं.] १. वंशको क्रम; गोत्र; पुर्खौउली हाँगो । २. पछि; पछाडि । ३. नजीक; समीप ।

**पाठ्यक्रम** – ना. [सं.] पढाउनका निम्ति तोकिएको विषय र त्यसको पूर्वापरक्रम ।

**पाण्डुलिपि**– ना. [सं.] १. प्रेसमा कम्पोज गरिने लिखित वा टङ्कित लेख–रचना; मूल प्रति; गुरुकपी । २. हस्तलिखित खेस्रा वा मस्यौदा; पाण्डुलेख ।

**पार्किन्सन** – ना. [ अङ्.] नसा खुम्चिने रोग ।

**पालुवा** – ना. [सं.] बोट–बिरुवामा पलाएको नयाँ पात, मुनु, चिउलो आदि; पल्लव ।

**पितृभाव** – ना. [सं.] मरेका बाबु–बाजेहरु; दिवङ्गत भएका आˆना पुर्खाहरु प्रति देखाइने भाव वा श्रद्धा ।

**पिपा** – ना. [ल्या.] भरिया वा टहलुवाको काम गर्ने तल्लो तहको पल्टनिया जागिरदार ।

**पियानो एकर्डियन** – ना. [ अङ्.] हार्मेनियम जस्तो एक प्रकारको पाश्चात्य बाजा ।

**पुँजी** – ना. [सं.]१. कुनै व्यक्ति वा संस्थाको जीवन–निर्वाहको आवश्यकताबाट जोगिएको धन; जीवन धान्नका लागि खर्च गरेर उब्रिएको धन; सञ्चित धन; बचत धन । २. उद्योग, व्यापार आदि क्नै व्यवसायमा लगानी गरिएको निरन्तर मुनफा दिइरहने मूल धन; व्यापार उद्योग आदिको साउँ । ३ रुपियाँ–पैसा; सुन–चादी; नगद सम्पत्ति । ४. धन ।

**पुनर्मिलन** – ना. [सं.]  एकपल्ट बिछोड भइसकेकाको फेरि–फेरि भेट हुने क्रिया वा काम ।

**पुनर्स्थापन** – ना.[सं.] कतैबाट लखेटिएर वा देशनिकाला भएर घरबारविहीन भएकाहरुलाई घर–जग्गा दिई फेरि बसाउने काम;  घरबारविहीन भएकाहरुको बसोबासको प्रबन्ध मिलाउने काम ।

**पुर्ख्यौली** – ना. [सं.] १. पितापुर्खाका पालादेखि चलिआएका कुराको वर्णन; पुस्तावली । २. प्रचिन ।

**पेन किलर** – ना. [ अङ्.]  घाउ, चोट–पटक विरामी आदिमा दुखाई कम गर्ने औषधी ।

**पेस्की** – ना. [फा.पेश्की] १. कसैलाई कुनै काम गर्न लगाउँदा वा कुनै वस्तु किन्ने निश्चय गर्दा अग्रिम रुपमा दिइने पारिश्रमिक वा मूल्यको केही अंश; अग्रीम भुक्तानी; अग्रिम रकम; बैना । २. नियमित कर्मचारीका रुपमा वा अन्य प्रकारले काम गर्ने व्यक्तिलाई निर्धारित समयभन्दा पहिलेवा काम सकिनुभन्दा पहिले उसले पछि पाउने तलब वा पारिश्रमिकको अङ्कबाट कट्टा गर्ने सर्तमा दिइने अग्रिम रकम ।

**पौँठजोरी** – ना. [सं.] १. सङ्घर्ष, बल प्रदर्शनको खेल ।

**प्रचार** – ना. [सं.]१. कुनै वस्तु वा कुरालाई कुनै उपायले निरन्तर वा व्यापक रुपमा फैलाउने क्रिया; कुनै कुरालाई बराबर उपयोग वा व्यवहारमा ल्याउने काम । २. कुनै विचार, सिद्धान्त वा उल्लेखनीय समाचार आदिबारे विज्ञापन, पोस्टर, लेख आदिका माध्यमले सर्वसाधारणलाई जानकारी दिन गरिने कार्य ।

**प्रतिकूल** – ना. [सं.] १. आफूले सोचेको वा चाहेको भन्दा उल्टो; अनुकूल नभएको; नमिल्दो; अहित गर्ने; विपरीत; विरुद्ध । २. आˆनु पक्षमा नभएको; प्रतिपक्षी; विराधी ।

**प्रतिबद्ध** – वि. [सं.]१. कुनै विचार सिद्धान्त आदिबाट बाँधिएको वा त्यसप्रति पूरापूर निष्ठा राख्ने । २. पारिवारिक, सामाजिक आदि दायित्वले जकडिएको ।

**प्रतिबन्ध** – वि. [सं.]१. कुनै व्यक्ति, सङ्घ, संस्था आदिका गतिविधिलाई सीमित पार्ने वा रोक लगाउने काम;  कसैको कुनै कुरामा बन्देज लगाउने काम; रोक; रोकावट; अवरोध । २. विध्न; बाधा । ३. कुनै कुरा वा काममा लागाइएको अड्को ।

**प्रतिमा** – वि. [सं.]१. कसैको वास्तविक वा कल्पित रुपअनुसार बनाएको काठ, माटो, पत्थर, धातु आदिको मूर्ति; अनुकृति । २. पूजा गर्दा कुनै देवताको मूर्तिको प्रतीक स्वरुप राखिएको ढुङ्गा, सुन, चाँदी आदिको टुक्रो; प्रतिमूर्ति ।

**प्रतिरोधात्मक** – वि.[सं.]प्रतिरोध खडा गर्ने उद्देश्यले बनेको; प्रतिरोधका लागि तयार पारिएको ।

**प्रतिष्ठा** – ना. [सं.] १. मान–मर्यदा राख्ने काम; आदर–सत्कार गर्ने काम; मान; सम्मान; इज्जत । २. कसैको राम्रो नाम चल्ने क्रिया; राम्रो नाम; यश; कीर्ति ।

**प्रतीक्षा** – ना.  [सं.]१. चाहेको वा खोजेको कुनै व्यक्ति, वस्तु आदिलाई भट्नपाउन गरिएको ढुकाइ; कुराइ; रुङाइ । २. कुनै काम हुने आशामा गरिएको पर्खाइ; बाटोहेराइ ।

**प्रदूषण** – ना.  [सं.]१. दूषित पार्ने काम; दोषयुक्त पार्ने काम । २. रोगव्याधि पैदा गर्ने वा स्वास्थ्यमा हानि गर्ने तत्वको सराइ ।

**प्रपञ्च** – ना. [सं.]१. घर–गृहस्थी आदिको झन्झट; जगतको जञ्जाल; सांसारिक मायामोह; मायाजाल । २. कता–कताबाट आइपरेको झोज वा झमेला; झेल–बखेडा ।

**प्रमोद** – ना. [सं.]१. मन रमाएको अवस्था; हर्ष; आनन्द; हर्क । २. साठी संवत्सरमध्येको एक ।

**प्रलोभन** – ना. [सं.] ज्यादै लोभ एवं लालच गर्ने काम ।

**प्रवर्धन** – ना. [सं.]१. सानु वा थोरैबाट ठूलो हुँदै वा धेरै हुँदै जाने क्रिया; प्रवर्द्धन; वृद्धि । २. सानोबाट ठूलो गराउने वा थोरैबाट धेरै गराउने क्रिया; बढाउने कार्य; वृद्धि ।

**प्रस्फुटन** – ना. [सं.]१. फूल आदि फूल्ने वा फक्रिने क्रिया; विकास । २. निस्कने वा प्रकट हुने क्रिया; प्रकट ।

**प्रहसन** – ना. [सं.] १. ज्यादै ठूलो हाँसो; गद्‌गद स्वरले हाँसिएको हाँसो वा त्यसरी हाँसिने क्रिया–प्रक्रिया । २. ठट्टा; दिल्लगी; ख्याल । ३. हास्यरस प्रधान भएको रुपकको एक भेद ।

**प्राज्ञ** – वि. [सं.]१.प्रखर वा परिपक्व बुद्धि भएको; बुद्धिमान् । २. अत्यन्त सीप भएको; ज्यादै सिपालु; दक्ष । ३. अध्यनद्वारा प्रशस्तद्वारा आर्जन गरेको (व्यक्ति); विशिष्ट विद्वान्; पण्डित; विज्ञ ।

**प्रायश्चित** – ना. [सं.] १. गरेका पाप वा अपराधको दोष मेट्नका निम्ति गरिने शास्त्रविहित धार्मिक कृत्य; आफूले ठूलो पाप वा अपराध गरेबापत भएको मानसिक उत्पीडनबाट मुक्त हुन गरिने कुनै कठोर वा विशेष प्रकारको कार्य । २. भूल गरेबापत गरिने कुनै पनि क्षतिपूरक कार्य ।

## फ

**फुसुक्क** – क्रि.वि.[अ.मू. फुसुक्क] १. सजिलैसित फुस्कने वा खुस्कने गरी । २. एकै छिनमा निदाउने चालसँग । ३. कसैलाई थाहै नदिई काम गरिसिध्याउने किसिमले ।

## ब

**बर्खास्त** – वि. [सं.] खारिज; बरखास्त ।

**बर्खे** – वि. [सं.] बर्खामा हुने वा उब्जने; बर्खासम्बन्धी; बर्खाकालीन ।

**बलिन्द्रधारा** – ना. [सं.] बराबर खसेको पानी, आँसु आदिको धारा ।

**बह** – ना. [प्रा.]१. पेट दुखेर मुखमा पानी आइरहने रोगविशेष; भित्र दुख्ने एक प्रकारको शूल । २. आन्तरिक वेदना; मनको पीर ।

**बहाना** – ना. [फा.]कुनै काम कुरोको देखौवा क्रियाकलाप वा कारण; बनावटी प्रयोजन; निहुँ ।

**बहुमूल्य** – वि. [सं.] १. धेरै मोल पर्ने; किम्मती; दामी । २. धेरै महत्व भएको ।

**बाग** – ना. [अङ्.]फलफूलबारी; बगैँचा; वाटिका ।

**बिचल्ली** – ना. [बीचृरल्ली] १. पहिलेको स्थिति अस्तव्यस्त भई अर्को स्थिति नबनुन्जेलको अवस्था; बिल्लबाठ; बिजोग; दुर्दशा । २. ठूलो दुःख आपत्ति ।

**बिलौना** – वि. [सं.] रुँदै दुःख प्रकट गर्ने काम; विलाप; बिलना ।

**बेचैनी** – ना. [फा.] १. चैन नहुने स्थिति; अशान्ति; व्याकुलता; बिसन्चो । २. उराठिलोपन; उदासी ।

**भ**

**भताभुङ्ग** – कि. वि. [भत्क+भङ्ग] १.बरबाद हुने गरी; नष्टभ्रष्ट भएर; लथालिङ्ग । २. बरबाद; नाश ।

**भन्ज्याङ** – ना. [सं.] १.पहाडका दुई चुलीका माझको घाटी वा होचो ठाउँ । २. डाँडो पार हुने ठाउँ; नेटो ।

**भागबन्डा** – ना. [सं.] एकै अंशियार दाजु–भाइका बीचमा बराबर हिसाबले गरिने सम्पत्तिको बाँडफाँड; अंशबन्डा ।

**भारोपर्म** – ना. [भारापर्म] खेतीपातीको बेला एकअर्कामा गरिने कामदारको ऐँचोपैँचो; खेतालो लाग्ने आलोपालो ।

**भाव**– ना. [सं.] १. कुनै वस्तु वा विषयका अस्तित्वमा आउने, रहने वा प्रस्तुत हुने स्थिति वा तत्व; सत्ता; अस्तित्व । २ चिन्तन वा कल्पना–तरङ्गका क्रममा मनमा उत्पन्न हुने कुनै भाव; विचार ।

**भिक्षाटन** – ना. [सं.] भिक्षा माग्नका निम्ति घर–घर चहार्ने र भिक्षा बटुल्ने काम ।

**भुङ्ग्रो** – ना. [सं.] १. दाउरा बलिसकेपछिको आगाको ढकढकाउँदो अवस्था; झरिलो आगो; आगाको फिलिङ्गाको थुप्रो ।

## म

**मञ्जु** – ना. [सं.] मनोहर; मनपर्दो; सुन्दर; राम्रो ।

**मञ्जुश्री** – ना. [सं.] काठमाडौँ उपत्याकाका दक्षिणतिरको चोभार डाँडो काटेर पानी बगाई उपत्याकामा बस्ती बसाउने भनी किंवदन्ती चलेका एक बौद्धाचार्य महापुरुष; मञ्जुघोष ।

**मटेङ्ग्रो** – ना. [माटो+एङ्ग्रो] गुलेलीमा राखेर हान्ने गोली; मट्याङ्ग्रो ।

**मधुमेह** – ना. [सं.] पिसाबसँगै महजस्तो केही बाक्लो तरल पदार्थ ।

**मन्त्रमुग्ध** – वि. [सं.] १. मोहित पारिएको; ल# तुल्याइएको; मोहनी लाइएको; मन्त्र, टुना आदिद्वारा वशवर्ती तुल्याइएको ।

**महापात्र** – वि. [सं.]१ मृतकका नाउँमा दान गरिएको वस्तु लिने ब्राह्मण ।

**मिताहार** – ना. [सं.] परिमित तथा थोरै भोजन; स्वल्पाहार ।

**मुख्तियार** – ना. [अ.]१. राणाकालमा मुख्य मन्त्री वा प्रधान मन्त्रीको उत्तराधिकारी; चीफ साहेब । २. अधिकारप्राप्त प्रतिनिधि वा वारेस ।

**मुण्डन** – ना. [सं.] कपाल खौरने काम; हजामत; मुडाइ; क्षौर; खौराइ ।

**मूल्य** – ना. [सं.] १. कुनै मालसामान खरिद गर्दा त्यसको बदलामा दिने धन वा पैसा; मोल; दाम; किस्मत । २. परल; पर्ता; साउँ । ३. गुण वा व्यक्तिको महिमा ।

**मेन्डोलिन** – ना. [फ्रा.] चार वा पाँच जोडी तार हुने, गहिरो गोलो तुम्बा हुने र जबाले बजाइने एक वाद्ययन्त्र ।

**य**

**यलम्बर**– ना. [सं.] किराँत वंशका पहिलो राजा

**याचक** – वि. ६ [सं.] १. अरुसँग अन्न आदि मागेर गुजारा गर्ने; मगन्ते; भिखारी । २. दरिद्र; गरिब ।

**यातायात** – ना. [सं.] १. व्यक्ति वा वाहनको लर्का आउनेजाने काम; आवतजावत । २. आवागमनका जल, स्थल र वायुमार्गमध्ये कुनै पनि साधन; बाटोघाटो ।

**युगल**– वि. [सं.]१. जोडिएको; जोल्टिएको; जोडा । २. जुम्ल्याहा; युग्म; यमल ।

**र**

**रङ्गढङ्ग** – वि. [सं.] ढङ्ग ढाँचाकाँचा

**राशि** – ना. [सं.] १. कुनै वस्तुको रास वा थुप्रो । २. क्रातिवृत्तमा रहेका मेश, बृश, मिथुन, धनु, कर्कट, सिंह, कन्या, तुला, बृश्चिक, मक्कर, कुम्भ, मिन–यी बाह्र ताराहरुको समुह ।

**रिहा** – वि. [फा.] बन्धनबाट वा कैदबाट छुट्कारा पाएको; मुक्त; छुटेको ।

**रोदी** – ना. [गु.]१. विशेषतः गुरु{–जातिमा प्रचलित, राति निश्चित ठाउँमा ठिटाठिटीहरु भेला भएर गीत गाउने ख्यालठट्टा गर्ने आदि मनोरञ्जक कर्यक्रम । २. धान काट्ने बेलामा नाच–गान गरी मनाइने एक उत्सव ।

## ल

**लघार्नु** – क्रि. [सं.] लगार्नु; लखेट्नु ।

**लच्किलो** – वि. [लचक+इलो] लच्किने खालको; लचकदार ।

**लछारो** – ना. [लछार+ओ] १. ठूलो हैरानी; अति परिश्रम । २. कामको बोझ ।

**लजालु** – वि. [सं.]१. लाजमान्ने स्वभावको; लज्जाशील । २. बुहरीझार; लज्जवती ।

**लहर** – ना. [सं.लहरी] १. पानीमा हावा लाग्दा उठ्ने छाल; तरङ्ग; लहरी । २. ध्वनी, प्रकाश, विद्युत आदिको तरङ्ग ।

**लाज** – ना. [सं.] मान्य जनका समुख पर्दा वा अनुचित काम–कुरा, व्यवहार आदि भएको अनुभव गर्दा हुने धक वा सङ्कोच; लज्जा; सङ्कोच ।

**लाम** – ना. [फा.]१.लहर; ताँती; हार; पङ्क्ति । २. पैदल, सवार र तोपखाना समेत हुने फौजको दल; ब्रिगेड । ३. रणभूमि ।

**लिख्रुरे** – वि. [लिख्रुरो+ए] सार्है दुब्लो; सिकुटे; लिखुरे; फुकीढल; लिखुरो; लिखुर्के ।

**लिप्सा** – ना. [सं.] कुनै वस्तु प्राप्त गर्ने तीव्र इच्छा; अभिलाषा ।

**लिप्सो** – वि. [सं.] एकदम सानो; धेरै मसिनो; सूक्ष्म ।

**लेकाली** – वि. [लेक+आली] लेकमा हुने, बस्ने वा पाइने; लेकसम्बन्धी; लेकको ।

**लेखान्त** – ना. [लेखा+अन्त] प्रारब्ध; भाग्य ।

**लेनदेन** – ना. [लिनु+दिनु] १. कुनै वस्तु लिने र दिने काम; आदानप्रदान । २. परस्परमा ऋण लिने–दिने काम; सरसापट; कारबार ।

**लोकोक्ति** – ना. [सं.] लोकको अनुभवमा सँगालिएको; सङ्क्षेपमा व्यक्त भएको तथा चमत्कारपूर्ण वाक्य; आहान; उखान ।

**लोभित** – वि. [सं.] लोभिएको; लोभमा परेको ; लुब्ध ।

**लोसे** – वि. [लोसो+ए] लोसो स्वभावको; लोसो ।

## व

**वनमाला** – ना. [सं.] १. जङ्गली फूल वा फूलपातहरु उनेर बनाएको माला । २. तुलसी, कुन्द, मन्दार, पारिजात र कमल–यी पाँचथरी फूल उनेर गाँसिएको माला ।

**वन्दना** – ना. [सं.] १. हात जोडेर गरिने स्तुति वा प्राथना; श्लोक वा मन्त्रका पाठसहितको पूजा । २. प्रणाम; ढोग ।

**वरण** – ना. [सं.]१. कुनै मङ्गल–कार्य गर्दा जजमानले पुरोहितलाई आसन, वस्त्र आदि दिई टीका लगाउने काम । २. विवाहमा दुलहालाई गरिने आदरपूर्ण स्वागत–सत्कार । ३. कन्याले वर रोज्ने वा स्वीकार गर्ने काम ।

**वसन्त** – ना. [सं.] छ ऋतुमध्ये एक र पहिलो ऋतु; ऋतुराज ।

**वार्षिकी** – ना. [सं.] १. हरेक साल नियमित रुपले गरिने वा गर्नुपर्ने काम ( कुनै स्मारक कार्य श्राद्ध आदि) । २. बर्सेनि हुने कुनै प्रकाशन ।

**विकट** – वि. [सं.]१.डरलाग्दो; भयङ्कर; भीषण । २. अप्ठेरो; कठिन; मुस्किल । ३. जान वा पुग्न नसकिने; दुर्गम ।

**विकराल** – वि. [सं.]१.डरलाग्दो; भयङ्कर; भीषण । २. ज्यादै ठूलो; विशाल । ३. उग्र; प्रचण्ड ।

**विगत** – वि. [सं.] १. बिलेको; गएको; अतित । २. बितेको समयभन्दा पहिलेको; गत समयभन्दा पनि पुरानो ।

**विचित्र** – वि. [सं.] १. धेरै रङ्ग भएको; अनेक रङ्गको; रङ्गीचङ्गी; रङ्गी–बिरङ्गी । २. कतैकहीँ नदेखिएको; अनौठो; अद्‌भुत; विलक्षण ।

**विधुर** – वि. [सं.] १. स्वास्नी मरेको लोग्ने; राँडो । २.दुःख पाएको; कष्टभोगी । आत्तिएको; व्याकुल; विह्वल ।

**विभूति** – ना. [सं.] १. पुगीसरीको अवस्था; ऐश्वर्य; वैभव । २. धन–दौलत; सम्पत्ति । ३. अभ्युदय; उन्नति; प्रगति । ४. देशका लागि उल्लेखनीय योगदान दिने व्यक्ति ।

**विभूषण** – ना. [सं.] १. विशेष प्रकारको आभूषण; हीरा, सुन,चाँदी आदिका बहुमूल्य गहना । २. कुनै महाविपूर्ण पौरख देखाएबापत दिइने पदक, तक्मा आदि ।

**विमर्श** – ना. ६ [सं.] १. कुनै वास्तविक तथ्यको अन्वेषण; सत्य कुराको खोजी । २. कुनै विषय–वस्तुबारे गरिने विवेचना वा विचार । ३. सार–सल्लाह; परामर्श ।

**विमाता** – ना. [सं.] १. सौतेनी आमा; अर्की आमा । २. आमाकी दिदी वा बहिनी ; ठूली आमा वा सानीमा ।

**विमुख** – वि. [सं.] १.विपरीत दिशातर्फ मुख फर्काएको; पछिल्तिर मुख मोडेको; पराङ्मुख । २. निराश; हताश । ३. उदासीन; विरक्त । ४. मुख नभएको ।

**विराजमान** – वि. [सं.] १. सुहाएको; शोभायमान; शोभित । २. आनन्दसँग बसेको वा रहेको; विराजित । ३. रहेको; विद्यमान; उपस्थित; मौजुद ।

**विश्वास घात** – ना. [सं.] कसैले आफूप्रति गरेको विश्वासको हत्या; कसैको आफूप्रति भएको आस्थाको विपरीत आचरण ।

**विषयगत** – वि. [सं.] कुनै विषयसँग सम्बन्धित भएको; विषय मुख्य भएको; विषयप्रधान; विषयमूलक ।

**विषादी** – वि. [सं.] १. उदासीन; खीन्न । २. विष खाने । ३. विषयुक्त ।

**विस्मृत** – वि. [सं.]सम्झना नभएको; बिर्सिएको; भुलेको ।

**वृक्ष** – ना. [सं.] १. रुख; बोट । २. कुनै विषय वा कुराको मूल रुप वा आदि रुपलाई फेद र अवान्तर कुरालाई हाँगाबिँगा मानेर वृक्षका रुपमा देखाइएको चित्र ।

**वृत्तान्त** – ना. [सं.]१. कुनै वस्तु वा विषयको वृस्तृत विवरण; बयान; बेलिबिस्तार । २. हालखबर; समाचार ।

**वृष्टि** – ना. [सं.] १. बादलबाट जल वा पानीको धारो लाग्ने काम; झरी; बर्षा । २. पानी परेझैँ कुनै वस्तु थोरै वा धेरै मात्रामा ओइरिने वा झर्ने काम; ओइराइ; झराइ ।

**व्यवसायी** – वि. [सं.] उद्योग, व्यापार, नोकरी आदि कुनै पेसासँग सम्बन्धित; कुनै व्यवसायमा लागको ।

**व्यस्तता** – ना. [सं.] १. व्यस्त रहनाको भाव वा स्थिति; पूर्ण रुपको संलग्नता । २. कुनै कामले गर्दा हुने बेफुर्सदी ।

## श

**शतायु** – वि. [सं.] सय वर्षसम्मको आयु भएको ; धेरै वर्ष बाँच्ने ।

**शमित** – वि. [सं.]१. शमन गरिएको वा भएको; शान्त । २. दबाइएको; दमित ।

**शस्त्र** – ना. [सं.] हातमा लिएर नै काट्ने, मार्ने आदि काम गरिने हतियार ।

**शहिद** – ना. [सं.] आफ्नो देश, संस्कृति र अस्तित्वको संक्षण तथा स्वतन्त्रताको प्राप्तिका निम्ति बलिदान भएर लोकहिनमा लाग्ने अमर व्यक्ति ।

**शान्तिमय** – वि. [सं.]सबैतिर शान्ति छाएको; शान्तिले भरिभराउ ।

**शास्त्र** – ना. [सं.] १. सम्बन्धित गहन ज्ञानका साथै सर्वसाधारणको कल्याण तथा अनुशासनका नियम–विधान लेखिएको वा समष्टि–अध्ययनको सञ्चित भण्डार भएको विशेष ग्रन्थ । २. कुनै विषयसम्बन्धी आवश्यक तथा गूढ वा वास्तविक ज्ञान; विद्या; सिद्धान्तग्रन्थ ।

**शिरोधार्य** – वि. [सं.]१.शिरमा धारण गर्न योग्य; माथमा चढाउनुपर्ने ।

**शिला** – ना. [सं.] १. पत्थर; ढङ्गो । २. जाँतो; घट्ट । ३. सँघारठेलो ।

**शुद्धिशान्ति** – ना. [सं.] मृतकको आशौचबाट शुद्ध हुनलाई मरेका बाऱ्ह वा तेऱ्ह दिनमा गरिने होम, दान आदि कर्म; मृतकको जुठो चोख्याउने काम ।

**शुभारम्भ** – ना. [सं.] कुनै कार्यको विधिवत् आरम्भ; असल कामको थालनी ।

**शूरवीर** – ना.॑सं.( १. साहसी योद्धा; ठूलो वीर ।

**शैलशिखर** – ना. [सं.] पहाडको टाकुरो; पर्वतको चुचुरो; शैलकूट ।

**श्रमिक** – ना. [सं.]१. श्रम गर्ने व्यक्ति; मजदुर; ज्यामी ।

**श्रवणीय** – वि. [सं.] सुन्न लायक; सुन्नुपर्ने ।

**श्रेष्ठ** – वि. [सं.] १. सबैभन्द असल; उत्तम; बढिया; मुख्य । २. उमेरमा जेठो; वयोवृद्ध; मान्नेगुन्ने ।

**श्रेष्ठता** – ना. [सं.] श्रेष्ठ हुने गुण व स्थिति;श्रेष्ठत्व; उम्दापन ।

**श्लेष** – ना. [सं.] मिल्ने वा जोरिने काम; संयोग ।

**श्लेष्मान्तक** – ना. [सं.]१. लप्सीको रुख । २. पशुपतिका वनको वरिपरिको जङ्गल ।

**श्लोक** – ना. [सं.] १.पद्यमा रचित वा कथित वाक्य; सिलोक; पद्य । २. प्रशंसा; स्तुति ।

**श्वेत** – वि. [सं.] १. सेतो । ना. २. सेतो रङ्ग ।

## ष

**षड्यन्त्र** – ना. ृसं.( १. अरुको अनिष्ट गर्नका निम्ति गुप्त रुपले गरिने जालझेलको व्यवहार वा कारबाई; कपटपूर्ण आयोजन । २. मारण, मोहन, वशीकरण, स्तम्भन, विद्वेष र उच्चाटन गराउने छ प्रकारका यन्त्र ।

## स

**सँगालो** – ना. ृसं.( सँगालिएको कुरो वा वस्तु; सङ्कलन ।

**सँगी** – ना. [सं.]१.सँगसँगै हुर्केबढेको वा साथैमा रहने व्यक्ति; दौँतर; साथी । २. मित्र; मीत ।

**सँगेट्नु** – क्रि. [सं.] फिँजिएका वस्तुहरुलाई एक ठाउँमा भेला गर्नु; छरिएका वस्तुलाई जम्मा गर्नु; सोहोर्नु; बटुल्नु ।

**सँभला** – ना. मारुनी नाचमा गाइने गीतको राग ।

**संयुक्त** – वि. [सं.]१. कुनै वस्तुका साथ जोडिएको ; संयुक्त भएको; गाँसिएको; टाँसिएको । २. मिसिएको; मिलेको । ३. नछुट्टिएको वा भङ्ग नभएको ।

**संयोग** – ना. [सं.] १. दुई वा दुईभन्दा बढी वस्तु वा तत्व एक साथ मिल्ने वा जोरिने काम; मिश्रण; मेल । २. अकस्मात् हुने मिलन; अचानकसित हुने भेट ।

**संयोजन** – ना. [सं.]१. दुई वा दुई भन्दा बढी ताव एक साथ मिल्ने वा जोरिने काम; मिश्रण; मेल । २. कुनै काम–कुराको ठीक चाँजोपाँजो; आयोजन । ३. कुनै एक वस्तुसँग अर्को वस्तुको मेल; मिलान; जाडाइ ।

**संरक्षण** – ना. [सं.] १. राम्ररी गरिने रक्षा वा हिफाजत; सुरक्षा; बचाउ; जगेर्ना । २. रेखदेख गर्ने काम; हेरचार ।

**संरक्षणीय** – वि. [सं.]१.राम्ररी रक्षा गर्न उचित वा योग्य; राम्रोसँग रक्षा वा बचाउ गर्नुपर्ने । २. बचाउन वा जोगाउन लायक ।

**संरक्षित** – वि. [सं.] १. राम्ररी गरिने रक्षा वा हिफाजत; सुरक्षा; बचाउ; जगेर्ना । २. रेखदेख गर्ने काम; हेरविचार ।

**संलग्न** – वि. [सं.]१.कुनै काममा लागेको लीन भएको । २ जोल्टिएको; सम्बद्ध ।

**संवत्** – ना. [सं.] १.बार महिनाको अवधि, वर्ष, साल । २.विक्रम संवत् ।

**संवाद**– ना. [सं.] १. नियन्त्रित विषयवस्तुहरु वा परिस्थितिमा गरिने कुराकानी, बोलाइ आदि शिक्षणको एक पद्धति । २. परस्परको कुराकानी; वार्तालाप; बातचित ।

**संवेदना** – ना. [सं.] १. मानिसका मनमा हुने मार्मिक अनुभूति । २. सचेत रुपमा हुने ज्ञान वा बोध; प्रतीत । ३. सूचना दिने काम; विचार– प्रकट ।

**संसार**– ना. [सं.] १. जगत्, दुनियाँ, पृथ्वीको सम्पूर्ण भूभाग, विश्व । २. जन्ममरण भएको जगत्; चराचर विश्व; विश्व; भुवन ।

**संस्मरण** – ना. [सं.] १. बारबार सम्झनामा आउने वितेका दिनको कुरो; मीठो प्रकारको सम्झना; मधुर स्मृति । २. राम्रोसित वा बरोबर सम्झना गर्ने काम; नामजपाइ; संस्मृति ।

**सङ्कट** – ना. [सं.] १. कुनै आपत्–विपत् स्थिति; सार्‍है अप्ठ्यारो अवस्था; कष्ट; कठिनाइ । २. जोखिम; डर ।

**सङ्कलित** – वि. [सं.] १. सङ्कलन गरिएको; सँगालिएको वा बटुलिएको । २. सञ्चित गरिएको; जगेर्ना गरिएको । ३. जोडिएको ।

**सङ्क्षिप्त** – वि. [सं.] १. सङ्क्षेपमा भनिएको वा लेखिएको । सारांश मात्र राखिएको; छोट्ट्याइएको; कम पारिएको । ३. छोटकरी; छोटो ।

**सङ्गठन** – ना. [सं.] १. आवश्यक व्यक्तिहरु वा विभिन्न तत्वलाई एकत्रित गरी समान उद्देश्य, हक–हित आदिमा प्रवृत्त रा संलग्न गराउने काम । २. त्यस्तो कार्य वा उद्देश्यको परिपूर्तिका निम्ति मिलेर बनाइने सङ्घ वा संस्था; संगठन ।

**सङ्ग्रालो** – ना. [सं.] १. ठूलो झगडा, विरोध वा सङ्घर्ष; चर्को भिडन्त । २. अस्मेलको बाढी ।

**सङ्घर्ष** – ना. [सं.] १. दुई वा दुईभन्दा बढी व्यक्ति, दल वा शक्तिका बीचमा हुने स्पर्धा; टक्कर । २. कुनै विकट परिस्थितिबाट बच्न वा मौलिक हकको संरक्षणका निम्ति गरिने सामूहिक विद्रोहको प्रयास ।

**सचेतन**– ना. [सं.] १. चेतनशील, चेतना भएको, सावधान, होस भएका ।

**सज्जन**– ना. [सं.] १. असल, कुलिन वा शिष्ट व्यक्ति, भलादमी । २. साधु प्रकृतिको; सोझो वा ज्ञानी ।

**सजाय** – ना. [फा.सजा]१. कुनै दोष वा अभियोग प्रमाणित भएपछि दिइने शारीरिक वा अर्थिक दण्ड; दण्ड; र कैदमध्ये कुनै एक वा दुवै; कारावास । २. कुनै काम–कुराका निम्ति दिइने सास्ती; यातना; शासना । ३. दण्ड–जरिवाना ।

**सञ्चालक** – ना. [सं.] १. कुनै पनि कामलाई राम्ररी चलाउने; गतिशील पार्ने ।

**सञ्चालन**– ना. [सं.] कुनै काम वा व्यवस्थालाई सुचारु रुपले चलाउने काम; गतिशील तथा क्रियाशील पार्ने काम, सङ्घसंस्था आदिलाई चलाउने काम ।

**सडक**– ना. [सं.] पथ, मार्ग; मोटर, बस, कार आदि चल्ने फराकिलो बाटो ।

**सतह** – ना. [अङ्.] कुनै वस्तुको माथिल्लो तहसम्म भएको भाग; माथिल्लो तह ।

**सत्कर्म** – ना. [सं.]१. असल वा राम्रो काम; सुकर्म; पुण्यकर्म; धर्मकार्य । अतिथिको सत्कार; आतिथ्य ।

**सत्कार्य** – ना [सं.]१. असल कार्य; राम्रो काम; सत्कर्म । वि.२. सत्कार गर्न योग्य ।

**सत्यवादी** – वि. [सं.] १.सधैँ साँचो बोल्ने; सत्यवक्ता । २. आˆनो प्रतिज्ञामा दृढ रहने ।

**सदाचार** – ना. [सं.] शास्त्रले बताएअनुसारको वा व्यवहारमा गर्नुपर्ने राम्रो आचरण; असल चालचलन; सद्व्यवहार ।

**सदुपयोग** – ना. [सं.]१. कुनै विषय–वस्तुलाई राम्रो किसिमले व्यवहारमा ल्याउने वा लगाउने काम; उचित उपयोग ।

**सनई–** ना. [फा.सहनाई]१. मङ्गल कार्यमा फुकेर बजाइने मुरली जस्तो बाजा, सहनाई ।

**सनातन** – वि. [सं.] १. धेरै अघिदेखि चलिआएको; परापूर्वदेखिको; प्राचीन । २. कहिल्यै नाश नहुने; अविनाशी; शाश्वत; नित्य ।

**सन्तुष्ट** – वि. [सं.] १. सन्तोष प्राप्त गरेको; चित्त बुझेको; प्रसन्न । २. अघाएको; तृप्त ।

**सन्त्रास**– वि. [सं.] हडबडाएको अवस्था; ठुलो त्रास, व्याकुलता ।

**सन्दीप्त** – वि. [सं.] १.खूब राम्ररी बलेको; प्रज्वलित । २. उक्साइएको उत्तेजित ।

**सन्देश**– ना. [सं.]१. विशेष खबर, समाचार । २. पालन गर्नुपर्ने कुनै आज्ञा; आदेश ।

**सबै**– वि. [सं.] भए जति जम्मै, भए भरको, सब, सम्पूर्ण, सारा ।

**सभाध्यक्ष**– वि. [सं.] सभाका अध्यक्ष, सभानायक, सभापति ।

**समक्ष** – क्रि. वि. [सं.] आँखाको सामसन्ने; अगाडि; मुखेन्जी ।

**समन्वय** – वि. [सं.] १.दुई वा अनेक कुराको पारस्परिक सम्बन्ध वा मेल; संयोग । २. कार्य र कारणको सङ्गति ।

**समय**– वि. [सं.] १. घडी पला, दिन–रात, गते, तिथि, वार, साता, काल; मिनेट, घन्टा आदि बुझाउने शब्द । २. कुनै काम वा घटना भएको र विशेष परिस्थिति आइलागेको काल वा बेला ।

**समरुप** – ना. [सं.] उस्तै–उस्तै आकार भएका दुई वा दुईभन्दा बढी चित्र र वृत्ति ।

**समर्पण**– ना. [सं.] १. श्रद्धासाथ कसैलाई कुनै कुरा दिने काम, त्याग, बलिदान ।

**समस्त** – वि. [सं.] १. जे जति छ सबै; सम्पूर्ण; तमाम; सारा । २. पूर्णतः गाँसिएको वा मिसिएको; संयुक्त ।

**समस्या** – ना [सं.] १. समाधान गर्न गाह्रो पर्ने वा कुनै रुपबाट पनि समाधान निकाली तामिल गर्नुपर्ने कुरो; जटिल अवस्था । २. गाँठो फुकाउनुपर्ने कुनै विषय वा कुरो; अड्को ।

**समापन** – वि. [सं.] १. कुनै कार्य पूर्ण गर्ने काम; कार्यको सम्पन्नता; समाप्ति; टुङ्ग्याइ । २. उपलब्धि; प्राप्ति ।

**समारोह** – ना. [सं.] १. कुनै चाडपर्व वा विशेष अवसरमा राम्रो तयारीका साथ गरिने आयोजना; सजधजका साथ मनाइने उत्सव । २. राम्ररी मास्तिर चढ्ने काम; उक्लने काम ।

**समालोचक** – ना. [सं.] कुनै साहित्यिक कृति, रचना वा अन्य प्रकारका विषयवस्तुको समालोचना गर्ने व्यक्ति; आलोचक; समीक्षक ।

**समाश्रित** – वि. [सं.] कसैको सहारा वा आडमा बसेको; सम्यक् आश्रित ।

**समीप** – ना.यो. [सं.] १. निकट; वर; नजिक । २. निकटता; सामीप्य ।

**समुचित** – वि. [सं.] १. नियम–कानुन वा व्यवहारका दृष्टिले ठीक; उचित; न्यायसङ्गत । २. सुहाउँदो; उपयुक्त ।

**समुत्तीर्ण** – वि. [सं.] कुनै परीक्षा आदिमा राम्ररी उत्तीर्ण भएको; राम्रोसँग पास भएको; सम्यक् रुपमा उत्तीर्ण ।

**समुद**– वि. [सं.] जताततै पानी नै पानी भएको पृथ्वीको विशाल भाग, महासागर, सागर ।

**समुन्नत** – वि. [सं.] १. बेसरी माथि उठेको वा ज्यादै उँचाइमा पुगेको । २. खूबै अग्लो; निकै उँचो ।

**समुल्लास** – ना. [सं.] १. धेरै आनन्द; साह्रै खुसियाली; ठूलो हर्कबढाइँ । २. ग्रन्थको परिच्छेद ।

**समूल** – वि. [सं.]१. जरा भएको; मूलसहितको; मूलयुक्त । २. कारणसहितको; सकारण ।

**समृद्ध** – वि. [सं.] १.धनधान्य आदिले सम्पन्न; पुगीसरी आएको । २.उन्नतिशील; उन्नत ।

**सम्झना**– वि. [सम्झ+ना]कुनै व्यक्ति, वस्तु, विचार आदि सम्झेको अवस्था; याद, सम्झाइ, स्मरण ।

**सम्झौता** – ना. [सम्झ+औता]१. विभिन्न व्यक्ति, समूह वा देशका बीचमा कुनै कुराका सम्बन्धमा हुने सन्धि । २. विरोधी विचारधारा भएका व्यक्ति, समूह, देश आदिका बीचमा हुने मेलमिलाप; सन्धि; सुलह ।

**सम्पत्ति**– ना. [सं.] १. कसैको निजी अधिकारमा रहेको चल वा अचल धन वा दौलत–धन ।

**सम्पर्क** – ना. [सं.] १. भेटघाट, बसउठ, चिठीपत्र आदिका माध्यमबाट कसैसँग सम्बन्ध राख्ने काम । २. मिलावट; मिश्रण । ३. संयोग । ४. स्पर्श ।

**सम्पादित** – वि. [सं.]१. सम्पादन गरिएको । २. पूरा गरिएको ।

**सम्बद्ध**– वि. [सं.] १. आबद्ध, मिलेको, संलग्न, सम्बन्ध भएको । २.

राम्ररी बाँधिएको; गाँसिएको; नत्थी गरिएको ।

**सम्बोधन** – ना. [सं.] १. कसैलाई बोलाउने वा पुकार्ने काम । २.कुनै विशिष्ट व्यक्तिद्वारा कुनै सङ्घ, संस्थासँग सम्बन्धित वा सभा आदिमा उपस्थित जनसमुदायसमक्ष भाषण गर्ने काम ।

**सम्मिश्रण**– ना. [सं.] धेरै वस्तु एकै ठाउँ मिसिने काम, मिसाइ, मिसावट, मिश्रण ।

**सम्भरण** – ना. [सं.] राम्ररी भरण–पोषण गर्ने काम; पालन; पोषण; भरण ।

**सम्भव** – वि. [सं.] १. हुन सक्ने; सम्भावना भएको; सम्भावित । ना. २ उत्पत्ति; जन्म ।

**सम्भार** ना. [सं.] कुनै वस्तु मालसामान आदिलाई बिग्रिन मासिन नदिई सँभालेर राख्ने काम; जोगाउने काम; हिफाजत ।

**सम्भावना** – ना. [सं.] १.कुनै कुरा पूरा हुन सक्न वा घटना आदि घटित हुने स्थिति । २. एक कुरा हुँदा त्यसको सिलसिलामा अर्को कुरा हुन सक्ने अवस्थाको वर्णन गर्दा हुने एक अर्थालङ्कार ।

**सम्मान** – ना. [सं.] १.विशेष मान; ठूलो आदर वा सत्कार । २. प्रतिष्ठा; इज्जत ।

**सरकार**– ना. [फा.]१. कार्यपालिका, देशको शासन समाल्ने सर्वोच्च संस्था, मन्त्रिमण्डल ।

**सरकारी** – वि. [सं.]१. सरकारको; सरकारसम्बन्धी; सरकारिया । २. मालिकको ।

**सरम** – ना. [फा.शर्म]१. लाज; लज्जा । २. इज्जत; आबरु । ३. अनकनाउने काम; सङ्कोच ।

**सरसफाइ** – ना. [द्वि.] १. सफासुग्घर गरिने वा हुने काम; राम्रो सफाइ । २.चोखीनिती; शुद्धि ।

**सराब** – ना. [अङ्.] रक्सी आदि मादक पेय पदार्थ; मद्य; मदिरा ।

**सरुवा** –वि. [सं.]१.सर्ने किसिमको; सरौटे; सङ्क्रमक । २. एक ठाउँबाट अर्को ठाउँमा सरेर आएको ।

**सरौलो** – ना. [सं.] १. गाईबस्तुलाई खुवाउने पीठो, नुन आदि हाली मलेको भुस्सा ।

**सर्ट**– ना. [अङ्.]१. पेन्टसँग लगाइने कमिज जस्तो पहिरन ।

**सर्दी** – ना. [फा.]१. चिसोपन । २. जाडो; ठन्डी । ३. रुघा ।

**सर्वनाम** – ना. [सं.]१.व्याकरणका अनुसार नाम प्रयुक्त हुने पदका सट्टामा आउने शब्द । २. सबै नाम वा सबैको नाम ।

**सर्वनासक** – वि. [सं.] सर्वनाश गर्ने; बरबाद गर्ने; सत्यानाशी ।

**सर्वश्रेष्ठ** – वि. [सं.] सबैभन्दा श्रेष्ठ; उच्च; सर्वोत्तम; सबैभन्दा ठूलो; उम्दा ।

**सर्वहार** – ना. [सं.] सबै कुरा हराएको वा गुमेको वर्ग; केही नभएको विपन्न वर्ग; निम्न तहको श्रमिक वर्ग ।

**सर्वोपरि**– वि. [सं.] १.सबैभन्दा बढी, सबैभन्दा माथिल्लो ।

**सलहेश फूलबारी** – ना. [सं.]सलहेशले बनाएको सिराहा जिल्लामा रहेको फूलबारी

**सल्लो** – ना. [सं.] झुप्पा परेको चमरको आकारको सिन्का जास्तो पात हुने, ठूलाठूला खस्रा फल फल्ने, पहेंलो फूल फूल्ने, खोटो निस्कने, चुरोलाई चिरेर दियालो बनाउन सकिने एकजातको अग्लो वृक्ष; एक जातको देवदारु ।

**सवार** – ना. [फा.]१. सवारीका लागि घोडामाथि चढ्ने व्यक्ति; घोडासवार; घोडचडी ।

**सविस्तार** – क्रि वि. [सं.] कुनै कुरा नछोडीकन; विस्तारका साथ; खुलस्त हुने गरी ।

**सशक्त** – वि. [सं.]१. शक्तिले युक्त; शक्तिशाली ।

**सशस्त्र** – वि. [सं.] साथमा हात–हतियारले युक्त ।

**ससुराल** – ना. [प्रा.] पत्नीको माइतघर; ससुराली ।

**सस्तो** – वि. [सं.] १.थोरै मोलमा पाइने; कम मूल्यको । २. चलनचल्तीको मोल वा निर्धारित मोलभन्दा कम मूल्यको ।

**सहकार्यकलाप** – ना. [सं.सह+कार्यकलाप] १. अतिरिक्त क्रियाकलाप, दुई वा दुईभन्दा बढी पक्ष मिलेर गरिने क्रियाकलाप, सँगै मिलेर गरिने क्रियाकलाप ।

**सहधर्मी** – वि. [सं.] १. एउटै धर्ममा विश्वास गर्ने; एउटै धर्म मान्ने; एउटै धर्मको अनुयायी । २. समान गुण, धर्म वा स्वभावको ।

**सहरिया**– ना. [सहर+इया] सदरिया, सहरको, सहरमा बस्न ।

**सहसृजन** – वि. [सं.] सबैको साझा सिर्जना ।

**सहायता** – ना. [सं.] १. कुनै काम–कुरा राम्रो, चाँडो वा सफलतापूर्वक सम्पन्न गर्न दिइने आर्थिक, प्राविधिक, शारीरिक आदि मद्दत; सहयोग । २. आड–भरोसा; आश्रय ।

**सहिद**– ना. [अ.] देश र जनताका मुक्तिका लागि जीवन अर्पण गर्ने व्यक्ति, महान् बलिदानी, साहदत प्राप्त गर्ने व्यक्ति ।

**साँझ**– ना. [सं.] घाम अस्ताएपछिको समय, बेलुका, सन्ध्या ।

**साइनो**– वि. [सं.]सम्बन्ध;नातागोता, साहिनु ।

**साइमुन्द्रो** – ना. [साइत+मुन्द्रो] दुलाहाका तर्फबाट दुलहीतर्फ लगिने साइपाटोका साथ पठाइने र स्वयंवरमा दुलाहाले दुलहीलाई लगाइदिने औँठी ।

**साग**– ना. [सं.] तरकारी खाइने एक प्रकारको हरियोपरियो वनस्पति ।

**साझा** – वि. [प्रा.] धेरै जनाका हकको; धेरै जनाको हिस्सा भएको; सजिया; साजा ।

**साधक** – ना. [साध्+अक] तपस्वी, लामो समयसम्म आˆनो काममा अभ्यास गर्ने, साधना गर्ने, सिद्ध ।

**सानदार** – वि. [अ.शान+दार] १. सान भएको; गौरवशाली; भव्य । प्रभाव पार्ने; सुन्दर ।

**सामग्री** – ना. [समग्र+इ] कुनै विशेष कामका लागि चाहिने उपकरण, सरसामान ।

**सामन्त** – ना. [सं.] १. शक्तिशाली राजालाई कर बुझ्फाउने सानो राजा; रजौटा । २. राजा वा प्रमुख शासकको आड लिएर सर्वसाधारण जनतालाई शोषण गर्ने व्यक्ति ।

**सारङ्गी** – ना. [सं.]१. नहर वा तारमा रेटेर बजाइने गितारजस्तो सानो नेपाली बाजा; नेपालका गाइने जातिले बजाई हिँड्ने बाजा । २. सारङ्ग मृग ।

**सार्वभौमसत्ता** – वि. [सं.]सार्वभौमिकता, प्रभुसत्ता, संप्रभुता ।

**साहचार्य** – ना. [सं.]१. साथै हिँडडुल गर्ने र खानपीन गर्ने काम; सधैँ साथमा रहनेकाम; सङ्गति । २. सहचर हुनाको भाव वा अवस्था; मेल–मिलाप ।

**साहस** – ना. [सं.]१.कठिन वा अप्ठेरो काम गर्ने आँट; हिम्मत ।

**साहित्यिक** – वि. [सं.] साहित्य+इक( साहित्यको, साहित्यमा हुने, साहित्यसँग सम्बन्धित ।

**सिँढी** – ना. [सं.]१.अग्लो ठाउँमा चढ्न सजिलो होस् भनेर बनाइएको खुड्किलो, भऱ्याङ, लिस्नो । २. खड्किलो ।

**सिद्धान्त** – ना. [सं.] सिद्ध+अन्त(१. तर्क, प्रमाण, प्रयोग, परीक्षण आदिद्वारा सिद्ध गरिएको नियम, सूत्र वा दर्शन । २. कुनै विषय वा शास्त्रको आधारभूत नियम ।

**सिद्धि**– ना. [सं.]१. योग वा तपस्याद्वारा प्राप्त हुने अलौकिक शक्ति । २. योग–साधनाद्वारा प्रप्त गरिने आठ प्रकारका सिद्धि ।

**सिद्ध्याउनु**– स. क्रि./प्रे.क्रि. [सिद्धियाउ+नु] १. समाप्त गर्नु । २. टुङ्ग्याउनु । ३. पूरा गर्नु; सफल पार्नु ।

**सिप** – ना. [सं.] अभ्यास वा तालिमबाट प्राप्त भएको योग्यता, उपाय, कला, शिल्प ।

**सिम**– ना. [अ.मू.] पानी कहिल्यै नसुक्ने जमिन; चिसमिरो जग्गा; सिमसार ।

**सिमसार**– ना. [सिम्+सार] पानी नसुक्ने र थोरै झार हुने चिस्याने जमीन, सिम; धाप, दलदल, भास ।

**सिमाना**– ना. [सं.] जुनसुकै चिजको अन्तिम रेखा, हद, साँध, सीमा; किनारा छेउ ।

**सिम्रौनगढ** – ना.[सं.] कर्नाटकवंशी हरिसिंहदेव आदि राजाहरुले बनाएको नपालको बारा जिल्लामा भएको–मध्यकालीन एक ऐतिहासिक गढी वा सो गढीले चर्चेको आवादी, सिमरौनगढ ।

**सिरेटो** – ना. [सिर्+एटो] १. हिउँदमा हिमालयबाट बहने अत्यन्त चिसो वायु । २. मुटु छेड्ने खालको चिसो बतास; स्याँठ; शीतलहरी ।

**सुगम**– वि. [सं.]१. जान सकिने; सजिलैसँग पुग्न सकिने । २. सजिलै बुझ्न सकिने; सुबोध ।

**सुदृढ** – वि. [सं.]१. अति दृढ; निक्कै बलियो; मजबुत । २. सुरक्षित ।

**सुपरिवेक्षण**– ना. [सं.]१. ठीक तरिकाले निर्धारित काम भए–नभएको स्थितिका बारेमा सम्बन्धित तहबाट गरिने निरीक्षण वा रेखदेख । २. शिक्षाका क्षेत्रमा शैक्षिक योजना तथा तथा निर्देशनअनुरुप कार्यान्वयन वा कार्यप्रगति भइरहेको छ, छैन भनी निरीक्षण गर्ने र आवश्यक सल्लाह–सहयोग जुटाउने काम ।

**सुपाच्य**– वि. [सं.] खाएको वस्तु चाँडो वा सजिलैसित पच्ने; हल्का (खाद्य वस्तु ) ।

**सुराक**– ना. [तृ. सुराग] गुप्त रुपले अपराध, षड्यन्त्र आदिको सूत्र पत्ता लगाउने काम; थाहा; पत्ता; सुइँको ।

**सुर्ता** – ना. [सं.स्मृसति] मनको ताप; चिन्ता; फिक्री; पीर ।

**सुविचार**– ना. [सं.] १. असल विचार; सत्‌विचार । २. मिहिन वा सूक्ष्म विचार ।

**सुशील**– वि. [सं.]१. असल शील–स्वभावको; उत्तम चरित्र भएको; शीलवान् । २. सज्जन तथा सरल ।

**सुसज्जित**– वि. [सं.] १. हरेक दृष्टिबाट सजिसजाउ; राम्रो हिसाबले तयार । २. हरेक दृष्टिबाट तत्पर ।

**सुसम्पन्न**– वि. [सं.] १. आवश्यक वस्तुहरुले परिपूर्ण; सबै कुराले पूर्ण । २. राम्रो खानदानको; पुगीसरी आएको ।

**सुस्केरा** – ना. [अ.मू.] उच्छवास, खुइ्यय; पीडा, थकाइ आदिले गर्दा मुखबाट निस्कने लामो सास; मनको पीडा ।

**सूचना** – ना. [सं.,सूच्+अना] विज्ञापन, सार्वजनिक जानकारीका लागि लेखेर टाँसिएको वा छापिएको सामग्री ।

**सूर्य** – ना. [सं.] घाम, दिनकर, दिनमा उज्यालो र तातो दिने आकाशमा देखिने चम्किलो वस्तु, रवि ।

**सृष्टि** – ना. [सं.] सृज्+ति( उत्पत्ति, रचना, सिर्जना, सृजना वा रचना गर्ने काम ।

**सेवक**– वि. [सं.]सेवाटहल गर्ने; स्याहार संहार गर्ने; सेवन गर्ने, उपयोग गर्ने; आराधना गर्ने; परिचारक, नोकर–चाकर ।

**सोझो** – वि. [सं. शुद्ध+ओ] सीधा, सरल; इमानदार, सफा दिलको; एक टक्कारको, लट्ठी ठडिए जस्तो ।

**सोतर** – ना. [प्रा.सोहत्त+र] गाईभैँसी आदिको बस्ने ठाउँमा ओछ्याउने सेउला, पातपतिङ्गर, सोतर, बिरामी भएर पसारो पर्नु, लम्पसार पर्नु ।

**सोरठी** – ना. [सोरठ्ठा+ई] गुरुङ, मगर आदि जातिमा प्रचलित एक प्रकारको लोकनृत्य ।

**सौन्दर्य** – ना. [सं.] सुन्दर हुनाको भाव वा गुण वा विशेषता, सुन्दरता; राम्रो तुल्याउने खास तत्व ।

**सौहार्द** – ना. [सं.] मनको कमलोपना वा रसिलोपन, स)दयता; मितेरी, मित्रता, मित्रभाव; सुजनता ।

**स्त्री** – ना. [सं.] नारी, महिला, स्वास्नीमान्छे ।

**स्नातकतह** – ना. [पु.] विश्वविद्यालयबाट शास्त्री, बी.ए. वा सोसरहको उपाधि प्राप्त गरेको व्यक्ति ।

**स्पष्ट** – वि. [सं.] खुलस्त, छर्लङ्ग, प्रस्ट, देख्न, सुन्न, पढ्न वा बुझ्न सकिने ।

**स्याहार** – ना. [सं.सह्यार] कुनै वस्तु वा व्यक्तिको सुसार वा हेरचाह गर्ने काम ।

**स्रोत** – ना. [सं.] जनशक्ति, पानी निस्कने ठाउँ वा मुहान, सोर्स । त्यस गाउँमा नजिकै पानीको कुनै स्रोत पाइँदैन ।

**स्वाध्ययन** – ना. [सं.स्व+अध्ययन] आफैँले घरमा गरिने अध्ययन, आफैँले सिक्ने काम ।

**स्वावलम्बी** – वि. [सं.] आफ्नो क्षमतामा भर पर्ने, स्वावलम्बनमा विश्वास गर्ने, आफ्नो खुट्टामा उभिएको ।

## ह

**हड्डी** – ना. [सं.हड्ड+ई] अस्थि, प्राणीको मासुभित्र रहने कडा भाग, हाड, हाड मात्र भएको ।

**हतकडी** – ना. [हात+कडी] अपराधी भाग्न नपाओस् भनी दुबै हातमा बाँधिने फलामे साङ्लो ।

**हर्ष** – ना. [सं.] खुसी, दङ्ग, मनको प्रसन्नता, हर्क ।

**हस्तान्तरण** – ना. [हस्त+अन्तरण] आफ्नो हकमा भएको वस्तु अर्कालाई सुम्पने काम, एकसँग भएको वस्तु अर्कालाई दिने काम ।

**हाकपारे** – ना. [ने.] नेपालको पूर्वी पहाडीभेगमा गाइने लोकभाका ।

**हात्ती** – ना. [सं.हस्ती] लामो सुँडे, ठुलो शरीर, नाङ्ला जस्ता कान र थाम जस्ता खुट्टा हुने जङ्गली पशु ।

**हिँड्नु** –अ.क्रि. [सं.हिण्ड+नु] खुट्टा चालेर अगि बढ्ने तथा पाइला चाल्ने काम ।

**हिंस्रक** – वि. [सं.] सिकारी जनावर, हिंसा गरेर जीवनयापन गर्ने पशु ।

**हिजो** – क्रि.वि. [सं.] आजको अघिल्लो दिन, एक दिन पहिल

**हिज्जे** – ना. [अ.] वर्ण विन्यास, वर्तनी, शब्दलाई शुद्धसँग लेख्ने ढङ्ग ।

**हिम्मती** – वि. [अ. हिम्मत+ई] आँटिलो, हिम्मतदार, हिम्मत भएको, साहसी ।

**हीनताभाव** – ना. [सं. हीनता+भाव] आफूलाई सानो वा कमजोर ठान्ने भाव, हीन भावना भएको ।

**हुन्डरी** – ना. [सं.हुन्डर+ई ] १.आँधीबेहरी, तुफान । २. हडबडसँग काम गर्ने ।

**हृदय** – ना. [सं.] मन, मुटु, चित्त; अन्तरआत्मा ।

**हृष्टपुष्ट** – वि. [सं.हृष्ट+पुष्ट] बलियो, मोटोघाटो; दह्रो ।

**हेरचाह** – ना. [सं.हेर+चाह] रक्षा, रखवाल, सुरक्षा, रेखदेख, हेरविचार ।

**हेलचेक्र्याइँ** – ना. [हेला+चक+याइँ] अत्यावश्यक कामकुरामा पनि ध्यान नदिने प्रवृत्ति वा बानी, उपेक्षा, अनास्था, हेप्ने काम वा बानी, अटेर्याइँ ।

**होचो** – वि. [सं.] अग्लो नभएको, नबढेको, पुड्को, सानो कदको ।

**होशियारी** – ना. [फा.] होसियारको गुण वा भाव, समझदारी, सचेतता, सतर्कता; बुद्धिमानी; सज्ञानता, सावधानी ।

**होहल्ला** – ना. [हो+हल्ला] भए–नभएका काम–कुरा वा घटनाको व्यापक हल्ला; हल्लीखल्ली; खलबली ।

**हौस**ला – ना. [अं.]१. कुनै सन्ताष तथा प्रसन्नता पाउन चाहिने हिम्मत वा साहस; उत्साह; आँट । २.सामार्थ्य; शक्ति ।

**ह्लासा** – ना. [भो.ब.] तिब्बत स्वशासित क्षेत्रको राजधानी; ल्हासा ।

# अध्याय : पाँच

## निष्कर्ष तथा सुझाव

### निष्कर्ष

प्रस्तुत शोधकार्यको शीर्षक *कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*ले नै यसको सीमा निर्धारण गरेको छ । यो कोश कक्षा नौका विदयार्थीका लागि नमुना कोशका रूपमा तयार गरिएको हो । यसरी कक्षागत वा विषयगत हिसाबले कोश निर्माण गर्न सकियो भने विद्यार्थीहरूमा विद्यालय तहदेखि नै शब्दकोश हेर्ने र नेपाली भाषाका शब्दहरूको सही उच्चारण गरी शुद्ध प्रयोग गर्ने बानीको विकास हुन्छ । यस कोशमा कक्षा नौको हाम्रो नेपाली किताबमा भए जति सबै शब्दहरुलाई समेटन नसकेका कारण पनि यसलाई नमुना नेपाली शब्दकोशको संज्ञा दिइएको हो ।

यस कोशमा जम्मा पाँच सय शब्द रहेका छन् । ती सबै शब्दको स्रोत, व्युत्पति, शब्दवर्ग र अर्थ प्रस्तुत गरिएको छ । यसले गर्दा कक्षा नौ का विद्यार्थीलाई केही सहयोग भने अवश्य नै गर्ने छ तर यो नौ पूर्ण भने होइन । यो शब्दकोश नेपाली शिक्षामा स्नातकोत्तर तहको उपाधिका लागि प्रस्तुत गरिएको हो ।

शब्दकोश निर्माण गर्ने काम निकै चुनौतीपूर्ण काम हो । झन् विद्यालय तहका विद्यार्थीको स्तर सुहाउँदो कोश निर्माण गर्ने काम अझ कठिन हुँदोरहेछ । यस्तो काम लामो अभ्यास र निरन्तर अध्ययनबाट मात्र सम्भव छ । नेपाली भाषाका विभिन्न भाषिका तथा उपभाषिकाहरू छन् । एकातिर नेपाली भाषाकै अनेक विविधताले नेपाली भाषाको मानक प्रयोगमा विचलन ल्याएको देखिन्छ भने अर्कातिर बढ्दो प्रविधि, अनेक भाषीसँगको सम्पर्कका कारणले नेपालीको स्तरीय र मानक रूप खुट्ट्याएर शब्द केलाउन कठिन भएको स्थिति छ । यति मात्र नभएर हिजो आज नेपाली वर्ण विन्यास लेखनका विषयमा आएको विवादले गर्दा त झन् यो समस्याको विषय नै बन्न पुगेको छ । आज लेखिएका शब्दको वर्णविन्यास भोलि ठिक नहुने अवस्था रहेको छ । यस्तो

विवादित समयमा नेपाली भाषाको मानक शब्दकोश निर्माण गर्नु आफैँमा एउटा गहन एवम् जटिल कार्य पनि हो ।

कुनै खास तहका लागि निर्माण गरिने भाषा कोश निर्माताले भने पाठ्य पुस्तकमा प्रयुक्त शब्दमा पनि नवीन, व्यवहारोपयोगी शब्दहरू छनोट गर्नुपर्छ । यस्तो कोश तयार गर्दा खास तह वा श्रेणीका उमेर समूहका त्यस भाषाका अधिकतम वक्ताहरूबाट प्रयोग गरिने शब्द र वाक्यहरूको नमुना छनोट गर्न सक्नुपर्छ । अझ नेपाली विषयबाहेकका अन्य विषयमा पनि बढी प्रयोग हुने शब्दहरूको चयन गर्नु बुद्धिमानी ठहर्छ ।

कोश निर्माणका अनेक समस्याहरूमा नेपाली वर्ण विन्यासलाई पनि एक प्रमुख समस्याका रूपमा लिइएको पाइन्छ तर यस कोशमा भने यो समस्या हिजो–आजको जल्दो बल्दो रमास्याका रुपमा रहेको छ । नेपाल सरकारले नेपाली वर्ण विन्यासलाई परिपर्तन गरे बमोजिम कक्षा नौ को हाम्रो नेपाली किताबमा हुबहु अनुसरण गरिएको तर विभिन्न भाषविद्हरुको आन्दोलनका कारण हाल पहिलाको वर्ण विन्यासलाई नै प्रयोग गर्ने भनि गरेको निर्णयले यस कार्यमा अझ बढी कठिनाइको सामना गर्नु परेको अवस्था भने छँदैछ ।

विद्‌यालय तहका लागि लेखिएका शब्दकोशको अवस्था ज्यादै न्यून रहेको देखिन्छ । अङ्ग्रेजी भाषा विषयको जस्तो कक्षागत शब्दकोश नेपाली भाषा विषयमा प्रकाशन भएको पाइँदैन । सङ्क्षिप्त, सरल, सजिलो शब्दकोश भनी नाम दिएर विद्यालय तहका विद्यार्थीका लागि पाठ्य पुस्तक तथा दैनिक व्यवहारका शब्दहरू सङ्गृहीत गरेर शब्दकोश लेखिएको स्थिति छ । तर यी शब्दकोशहरूको प्रयोग भने लक्षित वर्गले न्यून रूपमा मात्र गरेको पाइन्छ ।

अधिकांश शिक्षकहरूले कालो/सेतो पाटीमा शुद्ध वर्णविन्यास प्रयोगमा समेत सचेतता नअपनाएको देखिन्छ । कतिपय विद्यालयमा त कुनै पनि किसिमका नेपाली शब्दकोश नै पाइँदैन र यदि कुनै विद्यालयमा छ भने पनि त्यसको समुचित प्रयोग शिक्षक स्वयम्ले गरेको पाइँदैन । शिक्षक आफूले कोशको प्रयोग नगरेको अवस्थामा विद्यार्थीहरूले गर्ने त निकै टाढाको कुरा हो ।

नेपाली भाषा विषयका लागि यस्ता कोशहरूको लेखन व्यावसायिक रूपमा हुन नसके पनि अध्ययन, अनुसन्धान तथा शोध कार्यको उद्देश्यपूर्तिका लागि भने हुने गरेको पाइन्छ । यस कुराले के सङ्केत गर्दछ भने कम्तीमा पनि विद्यालय स्तरमा तहगत वा कक्षागत रूपमा शब्दकोश निर्माण गर्न सकिने अवस्थालाई नजरअन्दाज गर्न सकिन्छ । यसरी हेर्दा निम्न माध्यमिक/आधारभूत तहमा पनि विद्यार्थीहरूको स्तर सुहाउँदा शब्दकोशहरू निर्माण गर्न सकिने स्थिति देखिन्छ । आधारभूत तहका विद्यार्थीका लागि निर्माण गरिने शब्दकोशको आयाम निकै ठुलो हुने भएकाले र कक्षागत/विषयगत हिसाबले शब्दहरू समेटेर कोश निर्माण गरी त्यस्ता कोशलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने हो भने यस्तो कार्यले व्यावसायिक रूप पनि लिन सक्छ ।

विद्यालय स्तरमा तहगत, कक्षागत वा विषयगत शब्दकोश निर्माण गर्दा शिक्षणसिकाइ क्रियाकलापमा निम्न किसिमले उपयोगी सिद्ध हुन्छ :

- शब्दको अर्थ पाउन ।
- शब्दलाई अर्थ खुल्ने गरी वाक्य निर्माण गर्न ।
- शब्दको शुद्ध उच्चारण गर्न ।
- शब्दको स्रोत थाहा पाउन ।
- शब्दको शुद्ध हिज्जे प्रयोग गर्न ।
- पर्यायवाची तथा विपरीतार्थक शब्दहरू थाहा पाउन ।
- एक शब्दलाई अनेक अर्थमा प्रयोग गर्न ।
- शब्दको निर्माण प्रक्रिया बुझ्न ।
- शब्दहरूलाई कोशीय अनुक्रममा राख्न ।
- शब्दकोशको प्रयोग गर्न ।

## उपयोगिता/ सुझावहरू

नेपाली भाषा सबै जातजातिका मानिसहरूको साझा तथा सम्पर्क भाषा भएकाले, यो सरकारी कामकाजको भाषाका साथै शिक्षाको माध्यम भाषा पनि भएकाले नेपाली भाषालाई मुख्य आधार मानी नेपाली र अन्य कुनै राष्ट्रिय वा अन्तरराष्ट्रिय भाषाबिच समन्वय गरी द्विभाषिक र बहुभाषिक कोश निर्माणका लागि सम्बन्धित सरोकारवाला संस्था वा निकायले पहल गर्नुपर्छ ।

नेपाली शब्दकोश निर्माणमा विगतदेखि वर्तमानसम्म स्वदेशी तथा विदेशी विद्वान्हरूबाट भएको योगदानलाई उल्लेखनीय मान्नुपर्छ । यी विभिन्न विद्वान्हरूले एकभाषिक, द्विभाषिक र बहुभाषिक कोश निर्माण गरी नेपाली शब्दकोशको ऐतिहासिक विन्यासमा महत्त्वपूर्ण काम गरेका छन् । नेपाली कोश परम्परामा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले देखाएको अभिरुचिको सराहना गर्नुपर्छ ।

कोश निर्माण चानचुने कुरा होइन यो आफैमा जटिल छ, भनिन्छ समय र धैर्यका कुवेरले पनि धर्मराउने स्थिति आउँछ । त्यसैले यो निरन्तर अध्ययन र मेहनत साथै सहज वातावरणको आवश्यकता पर्छ । नेपाली भाषामा शब्दकोश निर्माणका र त्यसको सही कार्यान्वयनका लागि निम्न नीति निर्माण तह, कार्यान्वयन तह र अनुसन्धान तहले खेल्नु पर्ने भुमिका समान हुन्छ ।

### नीति निर्माण तह

जुन सुकै कार्यका लागि पनि सही नीति निर्माणको आवश्यकता पर्छ । नीति नै गलत वा कार्यान्वयन गर्न नसकिने भएका कार्य सफल बन्न कठिन हुन्छ । यसैले सही नीति निर्माणका लागि नीति निर्मातालाई सचेतता अपनाउन निम्न सुझावहरु दिन सकिन्छ ः

- वर्ण विन्यास सम्बन्धि विवादको अन्त्य भई वर्ण विन्यासमा एकरूपता र सरलता आउनुपर्छ ।
- विद्यार्थीका क्षमता र आवश्यकतालाई ध्यानमा राखी तहगत र विषयगत शब्दकोश निर्माण गर्नु पर्ने ।
- विद्यालय तहको नेपाली भाषा पाठ्यपुस्तकमा शब्दकोशको प्रयोग सम्बन्धी पर्याप्त अभ्यास र क्रियाकलापलाई सम्लग्न गर्ने व्यवस्था गरिनुपर्छ ।
- विद्यालय तहको नेपाली भाषा शिक्षणमा शब्दकोशको प्रयोगलाई महत्त्व दिने गरी पाठ्यक्रममा व्यवस्था गरिनुपर्दछ ।
- लोप हुन लागेका नेपाली शब्दहरू सङ्कलन गरी कोशमा तिनलाई स्थान दिनुपर्छ । त्यस्ता कतिपय शब्दहरू वर्तमान समयमा प्रयोगमा नआए पनि तिनलाई भाषाका अमूल्य सम्पत्ति ठानी लोप हुनबाट बचाउनु पर्छ ।

## कार्यान्वयन तह

नीति निर्माण भए पनि कार्यान्वयन तहले प्रभावकारी रुपमा नीति निर्माण भएका कुरालाई व्यवहारमा कार्यान्वयन गरेन भने कागजी रुपमा रहने र प्रतिफल नदिने हुन्छ । त्यसैले गर्दा यसको सफलतामा कार्यान्वयन तहको ठूलो भुमिका हुन्छ । त्यसका लागि कार्यान्वयन तहले निम्न कुरामा सचेतता अपनाउनु पर्ने देखिन्छ :

- प्राप्त भएसम्म तहगत र विषयगत शब्दकोशको प्रयोग गरी निद्यार्थीमा शब्दकोशको प्रयोग गर्ने बानी बसाउने ।
- पाठ्यपुस्तकमा भएका कठिन शब्दको अर्थ विद्यार्थीलाई शब्दककोशको प्रयोग गरी खोज्न र लेख्न लगाउने ।
- विद्यार्थीलाई शब्दकोशको प्रयोग गराइ शुद्ध हिज्ज, शब्दको स्रोत र व्युत्पति र शब्दवर्ग पत्ता गलाउन लगाउने ।

- पाठ्यपुस्तकमा भएका कठिन शब्दमा मात्र सीमित नगरी पत्रपत्रिका, साहित्यक लेख रचना तथा अन्य पाठ्यसामग्री उपलब्ध गराई शब्द सङ्कलन, अर्थ, स्रोत, व्युत्पति र शब्दवर्ग लेख्ने अभ्यास गराउने ।
- पाठ्यपुस्तकमा रहेका वर्ण विन्यास सम्बन्धी त्रुटीको खाजी गरी त्यसको समाधान शब्दकोश बाट गर्न विद्यार्थीलाई प्रोत्साहन गर्ने ।
- शब्दकोशको अभ्यासात्मक कार्यमा शिक्षकले जोड दिनु पर्छ ।
- समय समयमा शब्दको अर्थसम्बन्धी प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट ठहरिएका विद्यार्थीलाई पुरस्कृत गरी तथा पछिल्लो स्थानमा रहेकालाई थप मिहिनेत गरी आ ँनो स्थानमा सुधार ल्याउन अभिप्रेरित गर्न सकिन्छ ।

## अनुसन्धान तह

यो अनुसन्धानले विद्यार्थी र शिक्षक वर्गलाई केही हद सम्म सहयोग पुग्ने नै छ तथापी शब्दकोशको अनुसन्धानमा यो नै पुर्ण अनुसन्धान नभएर शैक्षिक प्रयोजनका लागि तयार गरिएको हो । यसमा पाठ्पुस्तकमा भएका सम्पुर्ण शब्दहरुलाई समेट्न नसकेको हुनाले कक्षा नौ को हाम्रो नेपाली पाठ्यपुस्तकमा आधारित रहेर अन्य अनुसन्धान गर्न सकिने देखिन्छ । त्यस्तै तहगत, कक्षागत, विषयगत गरेर अन्य धेरै शिर्षकमा रहेर अनुसन्धान गर्न सकिन्छ । थप अनुसन्धान गर्न बुँदागत रुपमा निम्न विषय सिफरिस गरिएको छ :

- कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका सम्पूर्ण विधालाई समेटी शब्दकोश निर्माणको अध्ययन ।
- आधारभुत तहका विद्यार्थीको क्षमताका आधारमा शब्दकोश निर्माणको अध्ययन ।
- माध्यमिक तहका विद्यार्थीको क्षमताका आधारमा शब्दकोश निर्माणको अध्ययन ।
- कक्षा पाँचको नेपाली पाठ्यपुस्तकको शब्दकोश निर्माणको अध्ययन ।
- कक्षा एघारको अनिवार्य नेपाली विषयको शब्दकोश निर्माणको अध्ययन ।

- कक्षा बाह्रको अनिवार्य नेपाली विषको शब्दकोश निर्माणको अध्ययन ।
- कक्षा एघारको ऐच्छिक नेपाली विषयको शब्दकोश निर्माणको अध्ययन ।
- कक्षा बाह्रको ऐच्छिक नेपाली विषयको शब्दकोश निर्माणको अध्ययन ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई, सम्पा. (२०६१) *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

चेतनाथ पौडेल, (२०७०) *कक्षा छ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

डब्ल्यू.जे.कर्क पेट्रिकल (१८११) *एन अकाउन्ट अफ दि किङ्डम अफ नेपाल ।*

डेनियल राइट (१८७७) *हिस्ट्री अफ नेपाल ।*

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६२). *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

दीक्षित, उषा र दिवाकार ढुङ्गेल (२०६५), *नेपाली बाल शब्दकोश,* ललित पुर : साझा प्रकाशन ।

*नेपाली बृहत् शब्दकोश* (२०४०) काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पादरी र टर्नुवल (१८८७) *नेपाली ग्रामर एण्ड भोकाबुलरी ।*

भट्टराई, प्रेमप्रसाद (२०६७) *प्रारम्भिक नेपाली नमुना शब्दकोश,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८) *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६०)*प्राथमिक तह (कक्षा १– ३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. ।

लम्साल, रामचन्द्र (२०५७), *कोश विज्ञान र नेपाली कोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र, वासुदेव गौतम र अन्य (२०६७) *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६५) *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्म्मा ....नेपाल', वसन्तकुमार (२०७०) *नेपाली शब्दसागर,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

शर्म्मा ....नेपाल', वसन्तकुमार (२०६९) *सानो नेपाली शब्दसागर,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

## कक्षा नौ को नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश परिशिष्ट

### शब्दकोशका निम्ति प्रयोग गरिएका नमुना शब्दहरु

अकस्मात, अकड, अक्षय कोष, अगिल्तिर, अचाक्ली, अजात, अगेनु, अग्रसर, अङ्कुर्, अट्टाहस, अतिथि, अथक, अनुकूल, अनुदान, अनुभव, अनुभूति, अनुमति, अपमान, अपाङ्ग, अभिनन्दन, अभियान, अभिवृद्धि, अमानवीय, अलापविलापल, अल्पजीवी, अवलम्बन, अशान्त, असम्बद्ध, अस्तित्व, अहङ्कार, आक्रान्त, आघात, आधुनिकीकरण, इन्साफ, इस्तिफा, इस्तिहार, ईश्वर, ईश्वरीय, उक्ति, उच्चारित, उत्कृष्ट, उत्थान, उत्प्रेरणा, उत्सर्जित, उल्लङ्घन, उल्लास, ऊर्जा एकड्डा, एकता, एकसदनात्मक, एकाङ्की, एकाधिकार, एकान्त, एकुन्द्रो, ऐँसेलु, ऐँचोपैँचो, ऐयास, ओझेल, ओतप्रोत, ओसार, ओसिलो, ओहदा, औली, औषधोपचार, औसत, कङ्गाल, कट्टुस, कण्ठ, कनसुत्ले, कनीकुथी, कल, कलकण्ठ, कलङ्क, कल्याण, कुशासन, कुसङ्गत, कोकिल, क्रन्दन, क्षीण, क्षेभ, खटपट, खर्चालु, खुसुक्क, खोक्रिनु,ख्वाल्ल, गाँज्नु, गुणस्तर, गुरुता, गौरा,घँगरु, घटना, घनक्क, घन्क–नु, घनिष्ठ, घातक, घोषणा, चटनी, चड्कन, चिम्टा, चिन्ता, चेतना, चौबाटा, छाउपडी, छुट्टी, छुवाछुत, जगत्, जर्जर, जागरुक, जागिर, जिम्मेवार, जीविका, झटारो, झरिलो, झ्याउरे, टनाटन, टालटुल, टिप्पणी, टुलुटुलु, टुहुरो, टोपी ठगाहार, ठेउला, ठेगान, डर, डाक्टर, डुब्नु, डेरा, डोब, ढल्नु, ढाँचा, ढुकुटी, ढुकुर, ढुङ्गा, तत्काल, तत्व, तयारी, तरखर, तस्कर, ताल, तिरस्कार, तिर्खा, त्रुटि, त्रैमासिक, थर, थाल्नु, थिचा, थोत्रा, दर्शन, दायित्व, दास, दियो, दुरवचन, दुर्व्यवहार, दुष्कर्म, देउकी, देउडा, दोस्ती, धर्म, धुन, धैर्य, धोका, नगर्ची, नङ्गा, नजरबन्द, नवीनतम, नासो, निकृष्ट, नित्य, निदान, निर्दयी,निर्भीक, निर्वाह, निवारण, निवृत्त, निष्कपट, निष्ठ, नैतिक, पक्षघात, पटुका, पदच्युत, परनिर्भरता, पराग, पराग–सेचन, परामर्श, परिवेश, परीक्षण, परोक्ष, पर्यटन, पवित्र, पाछा, पाठ्यक्रम, पाण्डुलिपि, पार्किन्सन, पालुवा, पितृभाव, पिपा, पियानो एकर्डियन, पुँजी, पुनर्मिलन, पुनर्स्थापन, पुर्ख्यौली, पेन किलर, पेस्की, पौँठाजोरी, प्रचार, प्रतिकूल, प्रतिबद्ध, प्रतिबन्ध, प्रतिमा, प्रतिरोधात्मक, प्रतिष्ठा, प्रतीक्षा, प्रदूषण, प्रपञ्च, प्रमोद, प्रलोभन, प्रवर्धन, प्रस्फुटन,

प्रहसन, प्राज्ञ, प्रायश्चित, फुसुक्क, बर्खास्त, बर्खे, बलिन्द्रधारा, बह, बहाना, बहुमूल्य, बाग, बिचल्ली, बिलौन, बेचैनी, भताभुङ्ग, भञ्ज्याङ, भागबन्डा, भारोपम, भाव, भिक्षाटन, भुङ्ग्रो, मञ्जु, मञ्जुश्री, मटेङ्ग्रो, मधुमेह, मन्त्रमुग्ध, महापात्र, मिताहार, मुख्तियार, मुण्डन, मूल्य, मेन्डोलिन, यलम्बर, याचक, यातायात, युगल, रङ्गढङ्ग, राशि, रिहा, रोदी, लघार्नु, लच्किलो, लछारो, लजालु, लहर, लाज, लाम, लिप्सा, लिप्सो, लेकाली, लेखान्त, लेनदेन, लोकोक्ति, लोभित, लोसे, वनमाला, वन्दना, वरण, वसन्त, वार्षिकी, विकट, विकराल, विगत, विचित्र, विधुर, विभूति, विभूषण, विमर्श, विमाता, विमुख, विराजमान, विश्वास घात, विषयगत, विषादी, विस्मृत, वृक्ष,वृत्तान्त, वृष्टि, व्यवसायी, व्यस्तता, शतायु, शमित, शस्त्र, शहिद, शान्तिमय, शास्त्र, शिरोधार्य, शिला, शुद्धिशान्ति, शुभारम्भ, शूरवीर, शैलशिखर, श्रमिक, श्रवणीय, श्रेष्ठ, श्रेष्ठता, श्लेष, श्लेष्मान्तक, श्लोक, श्वेत, षड्यन्त्र, सँगाला, सँगी, सँगेट्नु, सँभला, संयुक्त, संयोग, संयोजन, संरक्षण, संरक्षणीय, संरक्षित, संलग्न, संवत्, संवाद, संवेदना, संसार, संस्मरण, सङ्कट, सङ्कलित, सङ्क्षिप्त, सङ्गठन, सङ्ग्राला,सङ्घर्ष, सचेतन, सज्जन, सजाय, सञ्चा लक, सञ्चालन, सडक, सतह,सत्कर्म, सत्कार्य, सत्यवादी,सदाचार, सदुपयोग, सनई, सनातन, सन्तुष्ट, सन्त्रास, सन्दीप्त, सन्देश, सबै, सभाध्यक्ष, समक्ष, समन्वय, समय , समरुप, समर्पण, समस्त, समस्या, समापन, समारोह, समालोचक, समाश्रित,समीप , समुचित, समुत्तीर्ण, समुन्द्र, समुन्नत, समुल्लास, समूल, समृद्ध, सम्झना, सम्झौता , सम्पत्ति, सम्पर्क, सम्पादित, सम्बद्ध, सम्बोधन, सम्मिश्रण, सम्भरण, सम्भव, सम्भार, सम्भावना, सम्मान, सरकार, सरकारी, सरम, सरसफाइ, सराब, सरुवा, सरौलो सर्ट, सर्दी, सर्वनाम, सर्वनाक, सर्वश्रेष्ठ, सर्वहार, सर्वोपरि, सलहेश फूलबारी, सल्लो, सवार, सविस्तार, सशक्त, सशस्त्र, ससुराल, सस्तो, सहकार्यकलाप, सहधर्मी, सहरिया, सहसृजन, सहायता, सहिद, साँझ,साइनो, साइमुन्द्रो, साग, साझा , साधक, सानदार, सामग्री, सामन्त, सारङ्गी, सार्वभौमसत्ता,साहचार्य, साहस, साहित्यिक, सिँढी, सिद्धान्त, सिद्धि, सिद्ध्याउनु, सिप, सिम, सिमसार, सिमाना, सिम्रौनगढसिरेटो, सुगम, सुदृढ, सुपरिवेक्षण, सुपाच्य, सुराक, सुर्ता, सुविचार, सुशील, सुसज्जित, सुसम्पन्न, सुस्केरा, सूचना, सूर्य, सृष्टि,सेवक, सोझो, सोतर, सोरठी, सौन्दर्य, सौहार्द, स्त्री, स्नातकतह, स्पष्ट, स्याहार, स्रोत, स्वाध्ययन स्वावलम्बी,

हड्डी, हतकडी, हर्ष, हस्तान्तरण, हाकपारे, हात्ती, हिँड्नु, हिंस्रक, हिजो, हिज्जे, हिम्मती, हीनताभाव, हुन्डरी, हृदय, हृष्टपुष्ट, हेरचाह, हेलचेक्र्याइँ, होचो, होशियारी, होहल्ला, हौसला, ह्लासा ।